साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क ११ ✪ २० चैत २०८०, मङ्गलबार ✪ 2 April, 2024, Tuesday ✪ मूल्य रु. १०/-

## अध्यक्ष बिजुक्छेँद्वारा स्वास्थ्यकर्मीहरूलाई बिरामीहरूसित शिष्ट व्यवहार गर्न सुझाव

काभ्रे । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरूबिच भेटघाट तथा नववर्ष २०८१ को उपलक्ष्यमा शुभकामना कार्यक्रम शनिबार काभ्रेको नगरकोटमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले पुँजीवादी व्यवस्थामा गरिब जनताको भलो नहुने स्पष्ट पार्दै सरकारले ७ वटै प्रदेशमा सुविधा सम्पन्न अस्पताल बनाउनुपर्ने र हरेक जिल्लाबाट एक जना छात्रालाई सरकारले छात्रवृत्ति प्रदान गरी एमबीबीएस पढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "क्युवाली डाक्टरहरू ६० वटा देशमा तीस हजारभन्दा बढी सेवारत छन् । नेपालका डाक्टर र स्वास्थ्यकर्मीहरू पैसाको लागि बिदेसिनु विडम्बनाको कुरा हो ।"

उहाँले स्वास्थ्यकर्मीहरूले जनताको सेवालाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने र बिरामीहरूप्रति नम्र र शिष्ट भई स्वास्थ्य सेवा दिनुपर्ने सुझाव दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धताहरू पूरा गर्दै १०० शय्याको अस्पताल, वडा वडामा स्वास्थ्य सेवा तथा आयुर्वेदिक स्वास्थ्य सेवा विस्तार गरिरहेको बताउनुभयो ।

ख्वप अस्पतालबाट उपलब्ध सेवाहरूमा थप गर्दै प्रभावकारी सेवा प्रदान गर्नेतर्फ अस्पतालमा कार्यरत सबै लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "निजी अस्पतालहरू व्यापार गर्ने थलो हुँदै गएको हुँदा सामुदायिक अस्पतालको सेवा प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । जनताको राय सुझावलाई आत्मसात गर्दै आगामी दिनमा ख्वप अस्पतालले विशेषज्ञ सुविधाहरू थप गर्दै लगिने छ । ख्वप अस्पतालबाट प्रवाह गरेका सेवा सुविधाबारे जानकारी लिन विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू अवलोकनमा आइरहेको हुँदा देशकै ७५३ स्थानीय तहका लागि उदाहरणीय बनाउन स्वास्थ्यकर्मीहरू लाग्नु आवश्यक छ ।"

भनपाका उपप्रमुख रजनी जोशीले ख्वप अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूले स्वच्छ मन र इमानदारीपूर्वक नगरवासीहरूको सेवा गर्नुपर्नेमा जोड दिँदै सबैको साथ र सहयोगबाट स्वच्छ, सुसंस्कृत र सभ्य समाज निर्माण गर्न सकिने उल्लेख गर्नुभयो ।

बाँकी पृष्ठ ११ मा

## कामदारवर्गसँग एकाकार भएरमात्र जनताको साहित्य रच्न सकिने




ललितपुर । ललितपुरको महालक्ष्मी न.पा. ६ थसि देवननी टोलमा तेस्रो नेपालभाषा साहित्य तःमुंज्या शनिबार सम्पन्न भयो । नेपालभाषा साहित्य तःमुंज्या यलको आयोजनामा भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले साहित्य राजनीतिको हतियार भएको चर्चा गर्दै भन्नुभयो, "कामदारवर्गको मुक्तिको साहित्य कामदारवर्गले नै लेख्न जरुरी छ । रुसका गोर्की, चीनका लु सुन, भारतका राहुल साँकृत्यायनले कामदारवर्गको सङ्गठनमा बसेर साहित्य लेख्नुभएको थियो ।"

"नेपालमा १२५ भन्दा बढी भाषाभाषी छन् । ती भाषा बोल्ने जनता जीवित भएमात्र तिनको भाषा रहनेछ । यसकारण, जनता बाँचेमात्र भाषा रहनेछ", उहाँले स्पष्ट पार्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "सिद्धान्तहीन गठबन्धनले देश र जनताको हित गर्दैन । नेका-माओवादीको सत्ता गठबन्धन एमाले-माओवादीमा बदल्न ३ महिना अगाडि युगान्डामा भारतीय विदेशमन्त्री एस. जयशङ्कर र नेपालका प्रम पुष्पकमल दाहालबिच सहमति भएको सार्वजनिक भयो; जुन राम्रो लक्षण होइन ।"

उहाँले भन्नुभयो, "सन् १८१६ को सुगौली सन्धिमा नेपालको तर्फबाट गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले बेलायती-भारतसँग भारतमै जग्गा घुस लिएर नेपाललाई धोखा दिएका थिए । पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित मल्लको छोरासँग मित लगाएर उपत्यकामा आक्रमण गरी मितलाई घात गरेको बताउनेहरू पनि धेरै छन् । जङ्गबहादुर राणा बेलायत भ्रमण गएपछि अङ्ग्रेजभक्त भएका थिए ।"

सिंहदरबारमा गएकाहरूले सित्तैमा आउने भनी अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता बहुमतबाट पारित गरेको विरुद्ध नेपाल मजदुर किसान पार्टीले एमसीसीबारे जनतालाई सचेत गरिरहेको चर्चा गर्दै उहाँले सित्तैमा आएको भनी विष खान नहुनेतर्फ सचेत गराउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "सिंहदरबारकै कमजोरीको कारण ललिता निवासको सरकारी जग्गा २९९ रोपनी, थबहीको ५८ रोपनी कमलपोखरी र बगैंचासमेत व्यक्तिको नाममा दर्ता भएको हो । सम्पत्ति धेरै कमाएका चौधरीले बाँसबारी छाला जुत्ता कम्पनीको १० रोपनी सरकारी जग्गा निजी बनाए । २०४३ सालयता सरकारमा गएकाहरूले सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गरे । परिणाम सार्वजनिक ऋण २४ खर्ब पुग्यो, व्यापार घाटा १८ खर्ब नाघ्यो ।"

उहाँले भन्नुभयो, "सरकारले ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाएको हुँदा दाल, चामल, तरकारीसमेत भारतीय एकाधिकार पुँजीसँग किन्नुपर्ने भयो । ३५ वर्षयता सरकारमा गएकाहरूलाई नेपाल मजदुर किसान पार्टीले देश र जनताको हितमा काम गर्न धेरै सुझाव दिएको थियो । तर, शासक दलहरू कागलाई नुहाएर हाँस नहुने भनेजस्तै भए; यसकारण, जनता सचेत हुनु जरुरी छ ।"

सचिव सुवालले भन्नुभयो, "अमेरिकी रक्षामन्त्रीले युक्रेनमा हतियार बेचेर नाफा कमाएको पत्रकार सम्मेलनमा बताए । प्यालेस्टिनी जनताको भूमि कब्जा र जातीय नरसंहार गराउन इजरायललाई अमेरिकाले नै हतियार दिएको थियो । पहिलो र दोस्रो विश्वयुद्ध साम्राज्यवादीहरूले बजार र नाफाको लागि गरेका थिए । नेपाली जनताले युद्धको विरोध गर्नु जरुरी छ । विनाशकारी हतियार उत्पादनमा भइरहेको खर्च मानव जातिको शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास व्यवस्थाको लागि गर्नु जरुरी छ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशका सदस्य सुरेन्द्रराज गोसाईले संस्कृति र

बाँकी पृष्ठ ११ मा

## पर्यटनलाई टेवा पुऱ्याउने भक्तपुरको मौलिक उत्पादनलाई प्रवर्द्धन गर्न जरुरी

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा भएको 'संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला २०८०' को शुक्रबार एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।

नःपुखु परिसरमा सञ्चालित दुईदिने घरेलु उत्पादन मेलाको उद्घाटन गर्दै प्रमुख अतिथि प्रेम सुवालले भन्नुभयो, "घरेलु तथा साना उद्योग ठुला उद्योगहरूको जग हो । घरेलु तथा साना उद्योगमा ३२ लाख जनसङ्ख्या संलग्न छन् । कुल कर्जा प्रवाह भएको ४८ खर्ब रुपैयाँमध्ये १ खर्ब रुपैयाँमात्र घरेलु तथा साना उद्योगको लागि दिइएको छ । घर बलियो बनाउन जग बलियो बनाउनु पर्नेजस्तै साना तथा घरेलु उद्योगको विकास नभएसम्म ठुला उद्योग बलियो हुनेछैन ।"

उहाँले भन्नुभयो, "सरकारको बजेटको सिद्धान्त र प्राथमिकतामा नेमकिपाले कृषिलाई पहिलो प्राथमिकता दिनुपर्ने सुझाव दिएको छ । घरेलु तथा साना उद्योगको आधार कृषि हो । सरकारले भारतीय एकाधिकार पुँजीलाई बिजुली सस्तोमा बिक्री गर्न भारतीय लगानीमै जलविद्युत् उत्पादन गर्ने विषयलाई प्राथमिकतामा राखेको छ ।"

सरकारले व्यापारघाटा १८-२० खर्ब रुपैयाँ पुग्ने गरी भारतीय एकाधिकार पुँजीसँग खाना पकाउने ग्यास, पेट्रोल-डिजेल र दाल-चामल-तरकारी खरिद गर्ने होइन । नेपालको नदी-नालाबाट आफ्नै लगानीमा बिजुली उत्पादन गरी सरकारले नेपालीलाई बिजुली दिनु जरुरी छ, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले पछिल्लो भारत भ्रमणमा नेपालको फुकोट कर्णाली जलविद्युत् परियोजना भारतीय एकाधिकार पुँजीलाई सुम्पेको चर्चा गर्दै सांसद सुवालले कोसी-गण्डक-महाकाली र माथिल्लो कर्णालीलगायत भारतीय एकाधिकार पुँजीसँग भएको सन्धि-सम्झौता खारेज गर्नुपर्ने आवाज उठिरहेकोलाई बेवास्ता गरी नेपालका सरकारहरूले देशघाती सन्धि-सम्झौता गर्दै छन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारका प्रमुखदेखि एक अधिकारीसम्मले आफ्नो हस्ताक्षर गर्नुअघि देशघात र जनघात हुन्छ हुँदैनबारे बुझ्नु जरुरी छ । बेलायती-भारतसँग सुगौली सन्धि गर्न गएका नेपाली दूतहरू गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले आफ्नो लागि भारतमा जग्गा-जमीन लिएर देशघात गरेका थिए ।"

"नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि र नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने गोर्खा भर्ती सन्धि गर्नेहरूले नेपाल हित हेरेनन् । अहिले ८० लाख नेपाली युवालाई बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाइएको छ । यसमध्ये ३ लाख ५० हजार नेपाली महिलाहरू दुर्व्यवहारको सिकार भएको समाचार छ", सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, "पुँजीवादी सरकारहरूले सरकारी र सार्वजनिक सम्पत्तिसमेत मुट्ठीभरका व्यक्तिहरूलाई कब्जा गराउँछन् । गोकर्ण रिसोर्टको तीन हजार रोपनी सरकारी जग्गा, बालमन्दिरको सरकारी जग्गा र थबहीको सरकारी जग्गा व्यक्तिको कब्जामा छ । भक्तपुरका सार्वजनिक पोखरीहरू पनि व्यक्तिको कब्जामा छ । सम्बन्धित सरकारी कार्यालयका अधिकारीहरूको जानकारीमै सार्वजनिक र सरकारी सम्पत्ति व्यक्तिको कब्जामा दिइएको हुनुपर्दछ ।"

बाँकी पृष्ठ ११ मा

## वाग्मती प्रदेशको विश्वासको मतदानमा नेमकिपा तटस्थ

हेटौँडा । वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले विश्वासको मत पाउनुभएको छ । प्रदेशसभामा उहाँले ५६ जना सांसदको मत प्राप्त गर्दै विश्वासको प्राप्त गर्नुभएको हो । वाग्मती प्रदेशमा मुख्य मन्त्री बन्न कम्तिमा पनि ५६ मत प्राप्त गर्नुपर्छ ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले सोमबार बसेको प्रदेशसभाको बैठकमा शासक दलका नेताहरूले जनतालाई मूर्ख र उल्लु बनाउने काम पटक पटक भइरहेकोले अबका दिनमा यसलाई रोक्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कति जना मन्त्री भयो, को को मन्त्री भए जनतालाई चासो लाग्न छाडेको छ; जनताको हितमा के कस्ता नियम र कार्यक्रमहरू बने त्यो जनताको चासोको विषय हो ।"

मन्त्री भएकाहरू जनताको बिचमा उभिएर, ठाँटिएर हिँड्न सक्ने र गौरवका साथ उभिन सक्ने स्थिति नरहेकोतर्फ सचेत पार्दै उहाँले सरकार बनाउनको लागि भइरहेको गठबन्धन के स्वाभाविक हो भनी प्रश्न गर्नुभयो ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको भनाइ स्मरण गर्दै सांसद गोसाईले भन्नुभयो, "लोभीपापीहरू कम्युनिस्ट हुनैसक्दैनन्, यदि तिनीहरू आफूलाई कम्युनिस्ट दाबी गर्छन् भने तिनीहरू कम्युनिस्ट नै होइनन् । यस भनाइप्रति कम्युनिस्ट दाबी गर्नेहरूले आत्मसमीक्षा गर्नैपर्छ ।"

नेपालको राजनीतिक आन्दोलनमा नेमकिपाको अलगै पहिचान रहेको चर्चा गर्दै उहाँले राजनीतिक धर्म र मान्यताको विषयमा नेमकिपा सधैं बहस गर्न तयार रहेको बताउनुभयो ।

सत्तारोहणको लागि राजनीतिक घात प्रतिघात अति भइसकेकोले यस्तो चलखेल सदाको लागि अन्त्य गर्नुपर्नेमा जोड दिँदै सांसद गोसाईले भन्नुभयो, "देश

बाँकी पृष्ठ ११ मा

## शिक्षामन्त्री बुढानीलकण्ठ स्कूलको प्रवक्ता !

शिक्षामन्त्री सुमना श्रेष्ठले बुढानिलकण्ठ स्कूलको एउटा सूचना प्रचारप्रसार गरेको भिडियो अहिले निकै चर्चामा छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र बुढानिलकण्ठ स्कूलबिच आवासीयरूपमा निःशुल्क छात्रवृत्तिसम्बन्धी साझेदारी कार्यक्रमअन्तर्गतको सूचना थियो त्यो । मन्त्रालयको वेभसाइटमा राखिएको उक्त सूचनामन्त्री आफैले वाचन गरेर सुनाइन् – यो भिडियो सारा नेपालीबिच पुऱ्याइदिनुहोला । जेहनदार र विपन्न वर्गका छन् भने उहाँहरूलाई भनी दिनुहोला । ....४२ जनाको सिट छ .... ७७ वटै जिल्लाबाट खोजी खोजी ल्याउनुपर्छ । धन्यवाद !'

बुढानिलकण्ठ नेपाल सरकार र बेलायत सरकारबिच साझेदारीमा सञ्चालित स्कूल हो । त्यहाँ बेलायतकै कोर्स 'ए लेभल' र 'ओ लेभल' को पढाइ हुन्छ । धनी मानीहरूका सन्तानहरू त्यहाँ पढेर अधिकांश विदेश जाने र त्यहीँ बस्ने गरेका छन् । शिक्षामन्त्रीले विदेशीसँगको साझेदारीमा सञ्चालित विद्यालयको प्रचारप्रसार गरेबाट नेपालको शिक्षा क्षेत्रमा विदेशीहरूको प्रभाव अझ बढ्दै जाने सङ्केत गरेको छ ।


के मन्त्रीको काम एउटा विद्यालयको छात्रवृत्तिसम्बन्धी सूचना प्रचारप्रसार गरेर हिँड्ने हो ? छात्रवृत्तिसम्बन्धी सूचना देशको सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्नु भिन्नै कुरा हो । शिक्षामन्त्रीले ४०–४२ जना विद्यार्थीको छात्रवृत्तिबारे होइन, सिङ्गो देशको शिक्षा नीतिबारे सोच्नुपर्ने हो । देशभरका विद्यालयहरूमा कक्षा १ मा भर्ना भएका १२।१३ लाख विद्यार्थीहरूमध्ये कक्षा १० मा पुग्दासम्म एक डेढ लाखमात्र बाँकी हुनाका कारण के हो ? त्यो पत्ता लगाइ सारा विद्यार्थीहरूलाई नियमित कक्षामा पठन पाठनको व्यवस्था गर्ने र सबैको लागि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेतर्फ ध्यान दिनुपर्ने हो । शहरका सुविधा सम्पन्न विद्यालयहरूको बारे होइन, गरिबीको कारण फाटेको लुगा र नाङ्गो खुट्टामा हिँडेर विद्यालय जाने तथा घाम पानी छल्न छाना पनि नभएका विद्यालय भवनमा पढ्ने ती लाखौँ विद्यार्थीहरूको भविष्यको बारे सोच्नुपर्ने हो । देशका विभिन्न भागमा बुबा आमासँगै काममा गएर परीक्षाको बेला मात्रै विद्यालयमा पुग्न बाध्य भएका हजारौँ विद्यार्थीहरू छन् । तिनीहरूको सुधारको निम्ति के गर्दा उपयुक्त हुन्छ सोच्नुपर्ने हो । गुणस्तरीय शिक्षा प्रदान गर्नेतर्फ ध्यान दिनु मन्त्रीको काम हो ।

शिक्षा मन्त्री भनेको देशको शिक्षाको जिम्मेवारी लिने सर्वोच्च पदाधिकारी हो । आधारभूत, मावि र उच्च शिक्षा कस्तो बनाउने भन्ने नीति तयार गर्ने मन्त्रीकै जिम्मेवारी भित्र पर्छ ।

यसअघिका मन्त्रीहरूले निर्वाचन क्षेत्रलाई नै देश ठान्थे । विकास निर्माणको बजेट आफ्नै निर्वाचन क्षेत्रमा मात्र खर्च गर्ने गरेकोमा आलोचना हुँदै आएको हो । हुन पनि शिक्षा मन्त्रालयकै कुरा गर्ने हो भने पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत अरबौँ रुपैयाँ मन्त्रीका नजिकका विद्यालयहरूमा मात्रै बाँड्ने गरेको कुरा मन्त्री श्रेष्ठ स्वयंले स्वीकार गरेको विषय पनि हो । त्यसलाई आगामी वर्षदेखि सुधार गर्ने मन्त्रालयले जनाइ पनि सकेको छ । त्यो सकारात्मक कुरा हो । स्थानीय सरकार भइसकेको अवस्थामा सिंहदरबारले नै आफ्नो अनुकूल बजेट बाँडफाँड गर्नु उचित थिएन र होइन ।

मन्त्री श्रेष्ठले आफू अध्ययन गरेको विदेशी लगानीमा सञ्चालित विद्यालयको सूचना मन्त्रालयको वेभपेजमा राख्नु र विद्यालयको सूचना नै मन्त्रीले मन्त्रालयको कार्यकक्षबाटै वाचन गर्नु पदीय आचरण सुहाउँदो विषय होइन । त्यो अन्य कुनै कर्मचारीमार्फत गराइएको भए पनि हुने थियो । यो त चर्चामा आउनकै लागि मात्रै गरेको देखियो ।

बाँकी पृष्ठ ११ मा



*महिला अधिकारको विस्तार सबै सामाजिक प्रगतिको आधारभूत सिद्धान्त हो ।*

*–चार्ल्स फ्युरियें (काल्पनिक समाजवादी*

## सम्पादकीय

# यो देशको कथा हो वा भ्रष्टाचारको ?

हरेक दिन समाचारहरूले नयाँ नयाँ भ्रष्टाचार र कर चोरीका घटनाहरू दिँदै आएका छन् । तर, सरकार भने प्वाल परेको डुङ्गामा समुद्री यात्रा गरेजस्तै अघि बढिरहेको छ । देश कुन बेला डुब्ने मनस्थितिमा छ – सिद्धान्तहीन अनैतिक र कार्यक्रमरहित संयुक्त सरकारको कारण ।

भ्रष्टाचार, अनियमितता र कर चुहावटको हरेक काण्ड र घटनामा नेता, कार्यकर्ता, मन्त्री, शासक दलहरूको हात देखिने गरेको छ । यसलाई निर्लज्जताको सीमासम्म लैजानमा शासक दलहरूका अध्यक्ष र प्रधामन्त्रीहरू नै जिम्मेवार देखिएका छन् । दलका अध्यक्ष र मन्त्रीहरू नेताहरूलाई कसरी अपराधको जालोबाट फुत्काउन सबै अपराधीहरू छोड्न बाध्य हुँदै छन् । यसले थाहा हुन्छ – शासक दलहरू देशका बदनाम अपराधीहरूकै घेरामा छन् । केही उदाहरण र तथ्य निम्न छन्–

१) ‘१० क्यासिनोबाट तीन अर्ब ८५ करोड बक्यौता अझै उठेन’, ‘बक्यौता नतिरेकै कारण एभरेष्ट, याक एन्ड यती र र्‍याडिसनको पाँचतारे वर्गीकरण नवीकरण भएन, फूलबारी रिसोर्ट वर्षौंदेखि बन्द ।’ (नयाँ पत्रिका–११ चैत २०८०) ।

२) नेपाल दूरसञ्चार प्राधिकरणले गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) उपकरण खरिदमा झन्डै १ अर्ब रुपैयाँ हिनामिना भएको पाइएको छ । (नेपाल समाचारपत्र–१६ चैत २०८० ।)

‘एमडीएमएसमा ९२ करोड भ्रष्टाचार’, ‘दूरसञ्चारका दुई पूर्वअध्यक्ष, ११ बहालवाला कर्मचारी र परामर्शदातासहित २१ प्रतिवादी’ शीर्षक र उपशीर्षकअनुसार ‘खर्च भएको २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ पदाधिकारी, कर्मचारी र परामर्शदाताबाट र परामर्शदातासहित २१ प्रतिवादी’ (नयाँ पत्रिका–१६ चैत २०८०) यस्ता अनियमितताका ‘बहादुरहरू’ को नाम्फ थर, ठेगाना र तस्बिरसमेत छापेर जनता र इष्टमित्रहरूसमेतलाई जानकारी दिँदा समाजका सुकिलो लुगा लगाएका र माथिल्ला पदमा बसेका नव धनाढ्यहरू उदाङ्गिनेछन् ।

३) ‘अन्त: शुल्क स्टिकर छपाइमा अनियमिततबारे अख्तियारले थाल्यो छानबिन’, ‘२५ पैसा पर्ने स्टिकर ४३ करोड ३२ लाख थान छाप्न ९० पैसाका दरले लगाइएको थियो ठेक्का’, ‘अन्त: शुल्क स्टिकर छाप्ने प्रिन्टर पनि ४० करोड बढी मूल्यमा खरिद’ ‘अख्तियारको चासोपछि धमाधम राजीनामा’ (नयाँ पत्रिका, १८ चैत २०८०) ।

सोही मितिको ‘नयाँ पत्रिका’ को अर्को समाचार थियो–‘इम्बोस्ड नम्बर प्लेटमा पनि चलखेल’, ‘पाँच वर्षमा सकिनुपर्ने आयोजना नौ वर्षसम्म लम्बियो’, ‘अनियमितताको आशङ्कामा अख्तियारको छानबिन’, ‘२५ लाखको लक्ष्य तर हालसम्म ५९ हजार ६५८ मा मात्र जडान’ ‘इम्बोस्डको चर्को मूल्य, प्रविधिदेखि गुणस्तरसम्मका प्रश्न र समस्या’ ।

नेपालका हरेक विषय र क्षेत्रका जानकारी विदेशीले पाउने तथा समय बित्दै गएपछि मूल्य पनि बढाउँदै गई नेपाललाई दुहुनो गाई बनाउने प्रपञ्चमा माथिल्लो पदका ‘छोरा–छोरी मोह’ र ‘ठुलाको ठुलै कमजोरी’ ले एक एक क्षेत्र विदेशी संस्थाको चङ्गुलमा फस्दै छ ।

नेपालको ‘राहदानी’ पासपोर्ट छपाइमा महिला परराष्ट्रमन्त्री बहाल भएपछि अनेक काण्डहरूदेखि सुडानसम्म पुग्यो । यसकारण, ठुलाहरूको अङ्ग रक्षकहरूले दुई काम गर्नुपर्ने हुन्छ – एक, ठुलाको शारीरिक सुरक्षा, दोस्रो उनको कमजोरीले गर्ने देशघातबारे अङ्ग रक्षकहरू सचेत हुनुपर्नेछ । विश्व इतिहासमा सुरक्षा सहयोगीले नै देशघाती पदाधिकारीहरूलाई हतियार प्रयोग गरी आफ्नो देशभक्ति जोगाएका छन् ।

४) ‘चर्चामा आउन शिक्षामन्त्रीको नयाँ नयाँ फन्डा’ शिक्षकको समाचारमा भनिएको छ, ‘कानुनविपरीत प्रशिक्षार्थी कामदार लिने’ ‘स्थानीय तहका अधिकारमाथि हस्तक्षेप प्रयास’ ‘कर्मचारीमाथि आतङ्क’ आदि । (नेपाल समाचारपत्र, १८ चैत २०८०)

सरकारमा बस्ने व्यक्तिहरूले बजेट निर्माणजस्तो गुप्त बैठकमा विदेशीपरस्त व्यक्तिलाई जान दिने, विदेशी ज्वाइँको नाममा विदेशी ठेकेदारबाट देशको अहित गराउने र देशको गुप्तता भङ्ग हुनेजस्ता विषय परिवर्तन, प्रगति वा व्यापकताको नाममा देश र जनताको अहित हुने विषयमा कर्मचारी र जनता सचेत हुनैपर्छ । ‘मन्त्री’ पदमा बस्दैमा कोही ‘सर्वज्ञ’ हुने गर्दैन ।

५) ‘राजस्व छल्ने सफ्टवेयर कम्पनीविरुद्ध १० अर्बको मुद्दा’ (१९ चैत २०८० नागरिक, दैनिक) अमेरिकी लगानीको कोटिभिटी (COTIVITI) प्रालि नेपालमा दर्ता भएको पूर्ण विदेशी लगानी भएको कम्पनी हो । कम्पनीले नेपालबाट अमेरिकामा सफ्टवेयर निर्यात गर्दै आएको छ, हाल कोटिभिटीमा ६२० कर्मचारी कार्यरत छन् कम्पनीका सबै शेयर कित्ता अमेरिकी इन्कसँग छ । ‘५ अर्ब १८ करोड कर छलीविरुद्ध विभागले नेपाल प्राली नामको कम्पनीविरुद्ध भ्याट नतिरेकोमा रु. १० अर्ब बिगो र जरिवाना माग गरी पाटन उच्च अदालतमा मुद्दा दायर गरेको छ । (नयाँ पत्रिका, १९ चैत २०८०)

६) अर्को दु:खद समाचार वा चिठी छ – ‘त्रिविमा अन्तहीन बेथिति’ (कान्तिपुर १८ चैत २०८०) पश्चिमी र विदेशी विचारबाट प्रभाावित तथा कथित बुद्धिजीवीहरू नेपाली विश्वविद्यालयहरूलाई विदेशीको काखमा पुऱ्याउन चाहन्छन् भन्ने चर्चा व्यापक छ ।

# नेपाल वायुसेवा निगमलाई ५० अर्बको घाटामा पुऱ्याउने मन्त्रीहरूमाथि छानबिन हुनुपर्ने

✍ **प्रेम सुवाल**

सभामुख महोदयमार्फत संसद् र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

नेपाल वायु सेवा निगमको ऋण सालाखाला ५० अर्ब पुग्यो । निगमका १३ वटा जहाजमध्ये भाडाका इन्जिन भएको ५ वटामात्र उड्छन् । भाडाको इन्जिनले निगम झन् घाटामा गएको बताइन्छ । इन्जिन मर्मत गरिएको भए ३६ करोडले पुग्नेमा भाडाको इन्जिनको जहाज ४० करोडमा चलाइँदै छ । दिनको ५–७ हजार नेपालीलाई वैदेशिक रोजगारीमा पठाइएको छ । तर, वाइडबडी जहाजमा निगम नोक्सानमा छ । नेपालमा नचल्ने चिनियाँ जहाज किन खरिद गरियो ? प्रशिक्षित पाइलट नभएको कारण चिनियाँ जहाज नचलेको बताइयो । के सरकारले चिनियाँ जहाज चलाउन सक्ने पाइलटलाई समेत प्रशिक्षण दिन नसकेको हो र ? एकजना पाइलट तयार गर्न नसक्ने सरकारले देशको नेतृत्व कसरी गर्ला ? प्रश्न उठिरहेको छ ।

नेपाल वायुसेवा निगमबारे यसको व्यवस्थापन, सञ्चालक समिति र सरकारबिच एक अर्कोमा आरोप प्रत्यारोप भइरहेको छ । पर्यटन मन्त्रीलाई नै जिम्मेवार बनाउने सरकारी संरचना बनाउनु जरुरी छ ।

व्यवस्थापन करार वा सोल्टीको शेयर बिक्री वा नयाँ सडकको १४ रोपनी जग्गा बेचेर निगमको समस्या समाधान हुँदैन । बरु निगमलाई ५० अर्ब ऋणमा पुऱ्याउने मन्त्रीहरूमाथि छानबिन गर्न एउटा संसदीय समिति बनाउनु जरुरी छ । के मन्त्रीहरूले विभाग सम्हाल्न सकेनन् भनी सिंहदरबार व्यवस्थापन करारमा दिन मिल्छ ?

निगमले कर्मचारी सञ्चयकोषसँग लिएको ऋणको ब्याजदर महँगो भएको हुँदा सो साँवा ब्याज फिर्ता गर्न विदेशीसँग कम ब्याजमा ऋण लिने तयारी गर्दै छ । यो त देश नै नवउपनिवेश बनाउने तयारी हो । शासक दलहरूले कर्मचारी र आफ्ना कार्यकर्तालाई इमानदार बनाउन सकेनन् भने कम्प्युटर सफ्टवेयर र सीसीटीभी लगाएर पनि सही हिसाब आउने छैन । सरकारले कर्मचारी सञ्चयकोषको ब्याजदरबारे निर्णय गर्नु जरुरी छ । निगमको व्यवस्थापक र सञ्चालकलाई दोष दिएर पर्यटनमन्त्री उन्मुक्त हुने व्यवस्थालाई संशोधन गर्नु जरुरी छ ।

नयाँ सत्ता समीकरण बनेको एक महिना पुग्न लाग्दा पनि साझेदार दलहरूबिचको अन्योल कायम भएको, गठबन्धन दलका नेताहरू नै अहिले कसरी सहकार्य चलिरहेको छ भन्ने अन्योल रहेको, सरकारको भविष्य अन्योलपूर्ण रहेको, वैशाख १५ गतेको उपनिर्वाचनको लागि सत्ता साझेदारहरूले संयुक्त उम्मेदवार तय हुन नसकेकोबारे जनगुनासो आएको हुँदा यसबारे सत्ता गठबन्धनका नेताहरूलाई संसद्मा स्पष्ट गर्न लगाउनु जरुरी छ ।

अमेरिकी कम्पनीले १० अर्ब ३६ करोड रुपैयाँ राजस्व छलेकोबारे अर्थमन्त्रीलाई यहाँ स्पष्ट गराउनु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत १९ गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार–सं)*

**विद्युतीय व्यापार प्रणालीसँगै आन्तरिक उत्पादन बढाउनु जरुरी**

विद्युतीय व्यापार विधेयकका केही सैद्धान्तिक विषय राख्न चाहन्छु ।

विद्युतीय व्यापार प्रणालीमा जानुअगाडि नेपालको आन्तरिक उत्पादन बढाउनु जरुरी छ । अन्यथा संसारभरिका ठुला व्यापारीहरूको सामान बेच्ने प्रणालीलाई यो विधेयकले मार्ग प्रशस्त गर्नेछ । नवउदारवाद अर्थात् आक्रामक पुँजीवाद यो विधेयकमार्फत नेपालमा प्रवेश गर्नेछ ।

यो विधेयक विश्व व्यापार सङ्गठनसँग सम्बन्धित भएकोले विश्व व्यापार सङ्गठनका ठेली अध्ययन हुनु जरुरी छ । विश्व व्यापार सङ्गठनले अन्तर्राष्ट्रिय व्यापारलाई उदारीकरण गर्न सन् १९९८ मा विद्युतीय व्यापार प्रणाली अगाडि सारेको हो । विश्व व्यापार सङ्गठनअन्तर्गतको विद्युतीय व्यापारको प्रवर्द्धनलाई आलोचनात्मकरूपमा हेर्ने देशहरू पनि धेरै छन् ।

विद्युतीय व्यापार विज्ञान र प्रविधिसँगै विकास भएको हो । यो विधेयकलाई कार्यान्वयन गर्न सरकारले केही पूर्वाधार तयार गर्ने प्रतिबद्धता गर्नु जरुरी छ । यो व्यापारको सहयोगी हार्डवेयर, सफ्टवेयर, टेलिफोन, मोबाइल, कम्प्युटर, प्रिन्टर, वाइफाईलगायत उपकरण नेपालले उत्पादन गर्ने र इन्टरनेट, इमेलको लागि आफ्नै भूउपग्रह विकास गर्नेतर्फ सरकारको जोड हुनु जरुरी छ । जनतालाई विद्युतीय व्यापारबारे शिक्षित पार्नुपर्छ । विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गरिए विद्युतीय व्यापारलाई सहयोग पुग्छ । जगबिनाको घर बलियो हुँदैन भनेझैँ जनता शिक्षित र सचेत नभए सहरका मान्छेले मात्रै यो प्रणालीको उपयोग गर्नेछ ।

सरकारले सिलिकन भ्याली (उपत्यका) अर्थात् आइटी पार्क वा आइटी औद्योगिक क्षेत्रको विकास गर्नु जरुरी छ । नेपालका इन्जिनियरिङ कलेजहरूलाई विद्युतीय व्यापारलाई आवश्यक पूर्वाधार बनाउन सरकारले सहयोग गर्नुपर्दछ । हाम्रा विद्यार्थीहरू विदेश गएर विद्युतीय व्यापारसम्बन्धी आवश्यक सबै सामग्री, उत्पादन नेपालमा भएका २०/२५ वटा इन्जिनियरिङ कलेजहरूलाई सरकारले सहयोग गरेर यो प्रणालीका सामग्री उत्पादन गराउनु जरुरी छ ।

विश्व व्यापार सङ्गठनमा सदस्य भएकै कारण विद्युतीय व्यापार प्रणालीमा जानु गलत हो । विद्युतीय व्यापारको सफ्टवेयर, हार्डवेयरलगायत सबै सामान धान, चामलजस्तै विदेशबाट ल्याएर नेपाल आत्मनिर्भर हुँदैन, परनिर्भर हुन्छ । विदेशीले नाफा र आम्दानी गर्नेछ । नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाइएबापत प्राप्त विदेशी मुद्रा विद्युतीय व्यापार प्रणालीको कारण विदेशमै फिर्ता हुनेछ । विधेयकमा हार्डवेयर, सफ्टवेयर र स्याटलाइट १० वर्षमा नेपालमै उत्पादन गर्ने प्रतिबद्धता हुनुपर्दछ । विधेयकको उद्देश्यमा निर्यात प्रवर्द्धन, लघु उद्योग, साना उद्योग, मझौला उद्योगको उत्पादन अभिवृद्धि भनिएको छ, यो सत्य होइन । घरेलु तथा साना उद्योगलाई कुल कर्जाको २ प्रतिशतमात्रै दिइएको यो ऋणलाई ५० प्रतिशत पुऱ्याउनु पर्छ । बैङ्क तथा वित्तीय संस्थाको सञ्चालन पूर्णरूपले सरकारले गर्ने प्रावधान भए विद्युतीय व्यापार प्रणाली नियमन गर्न मद्दत पुग्नेछ । सरकारका प्रम र मन्त्रीहरूले कर्मचारी र आफ्ना कार्यकर्ताहरूलाई इमानदार नबनाएमा विद्युतीय व्यापार शुद्ध हुनेछैन । इमान नभएका कर्मचारी र शासक दलका कार्यकर्ताको कम्प्युटर ह्याकिङ र क्र्याकिङ हुने सम्भावना छ । हाम्रो सुझाव समेटेर अर्को विधेयक ल्याउन मन्त्रीलाई सुझाव दिन्छु ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत १९ गते प्रतिनिधिसभामा विद्युतीय व्यापार विधेयक, २०८० को सैद्धान्तिक विषयको छलफलमा राख्नुभएको विचार । यो विधेयकमा सैद्धान्तिक छलफल सकिएको प्रस्ताव बैठकमा पेस हुँदा सांसद सुवालले विपक्षमा मत दिनुभयो – सं)*

# कर छली पनि देशघात : १० अर्ब रुपैयाँभन्दा बढी बिगो दाबी गरी मुद्दा दर्ता




**शुक्र**

अमेरिकी कम्पनी कोटिभिटी इन्कले नेपालमा कम्पनी दर्ता गरेर अर्बौंको राजस्व चुहावट गरेको समाचार छ । शतप्रतिशत अमेरिकी लगानी रहेको कोटिभिटी इन्कले नेपालमा ‘कोटिभिटी नेपाल’ को कम्पनी दर्ता गरी सफ्टवेयरसम्बन्धी सेवा बिक्री गर्दै आइरहेको छ ।

राजस्व अनुसन्धान विभागका अनुसार कम्पनीको सेयरधनी नामसारी गर्दा राजस्व छली गरेवापत ४१ करोड ६४ लाख १७ हजार ९६५ रुपियाँ, राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको कसुर गरेबापत ४ अर्ब ७६ करोड ५८ लाख ४३ हजार ३५५ रुपियाँ र ५ अर्ब १८ करोड २२ लाख ६१ हजार ३२१ रुपियाँ गरी १० अर्ब ३६ करोड ४५ लाख २२ हजार रुपियाँ बिगो र जरिवाना कायम गरी उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेको हो ।

कम्पनीले आफूमा रहेको सेयर स्वामित्वमा परिवर्तन गर्दा र कम्पनीको नियन्त्रणमा परिवर्तन भएको विषयमा कम्पनी रजिष्टार कार्यालयमा कुनै जानकारी दिएन । सेयर स्वामित्व परिवर्तन गर्दा सिर्जना हुने लाभकर नतिरेको, मुख्य कम्पनी कोटिभिटी इन्कलाई सेवा बिक्री गरी राजस्व चुहावट गरेको हुँदा काठमाडौँको हात्तीसारमा रहेको कोटिभिटी नेपालका डा. इमाद रिज्क ब्रेट म्यागन, केरी एस्किन, पिटर क्सापो, अपर्ना कोथुरसमेतलाई विपक्षी बनाएर राजस्व चुहावट ऐनले निषेध गरेका कार्यमा संलग्न भएको कसुरमा मुद्दा दर्ता गरेको विभागको दावी हो ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ र अनुसूची–२ अनुसार सेवाको कारोबारमा शून्यदरमा कर लाग्ने व्यवस्था गरिएको छ । नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानुनीरूपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवाको कारोबारमा शून्य दरमा भ्याट गणना हुने ऐनको व्यवस्था हो । ऐनको सोही दफाको व्याख्या गर्दै कम्पनीले शून्य भ्याटको सुविधा लियो । तर, कम्पनीले आफ्नो माउ कम्पनीलाई मात्रै सेवा निर्यात गर्ने गरेकाले उक्त दफा आकर्षित हुने नदेखिएको हुँदा राजस्व अनुसन्धान विभागले मुद्दा दर्ता गरेको हो ।

कानुनले नेपालमा व्यावसायिक सम्बन्ध नभएको विदेशी कम्पनीलाई निर्यात गर्दा मात्रै शून्य भ्याट लाग्ने व्यवस्था गरेको छ, अन्यथा १३ प्रतिशत भ्याट तिर्नुपर्ने हुन्छ । नेपालको कम्पनीले कोटिभिटी इन्कलाई सेवा निर्यात गरेको देखिन्छ, निर्यात कारोबार गर्ने दुई कम्पनीबीच व्यावसायिक सम्बन्ध देखिएकाले १३ प्रतिशत नै भ्याट तिर्नुपर्छ– विभागका महानिर्देशक नवराज ढुङ्गानाले बताए ।

विदेश निर्यात हुने वस्तु तथा सेवाको कारोबारमा कानुनअनुसार लाग्ने भ्याट असुलउपर नगरिएकोले सम्बन्धित कार्यालयका कर्मचारीमाथि अनुसन्धान हुनुपर्ने जनताको मत छ । अर्बौंको राजस्व चुहावट हुँदा पनि कर कार्यालयले असुल गर्न कुनै चासो देखाएको छैन । सेटिङमै कर छली भइरहेको जनताको बुझाइ पुरानो हो ।

विदेशी लगानी भित्र्याउन आतुर प्रधानमन्त्री, मन्त्री र अधिकारीहरूका लागि यो घटना सामान्य लाग्ला तर देशभक्त नेपाली यस घटनामा सचेत छन् । विदेशीले कर छली गर्न नेपालको कानुन र उच्च राजनैतिक नेतृत्वलाई हातमा लिने गरेको यो पहिलो घटना भने होइन ।

शक्तिको आडमा देशको राजस्व छल्नु देशघात हो । देशघात गर्ने देशी वा विदेशी सबैलाई कडाभन्दा कडा सजाय हुनु जरुरी छ ।

# नेपालको जलस्रोतमा भारतको एकाधिकार : नेपालमा लोडसेडिङ !

✍ विवेक

*नेपालको जलस्रोत भारतलाई सुम्पनेमा नेपालका शासकहरू एक प्रकारको प्रतिस्पर्धा नै गर्छन् । प्रधानमन्त्री प्रचण्डले २०८० सालमा भारत भ्रमणको क्रममा ६७९ मेगावाटको तल्लो अरुण, ४८० मेगावाटको फुकोट कर्णाली भारतलाई दिने सम्झौता गरे । त्यसैगरी ९०० मेगावाटको अरुण तेस्रो, ४९० मेगावाटको अरुण चौथो, ४५० मेगावाटको सेती नदी ६ लगायत पनि भारतकै जिम्मामा दिए । यसरी नेपालको भए भरको नदीनालाहरू भारतलाई सुम्पेपछि नेपाल कसरी विद्युत्मा आत्म निर्भर बन्न सक्छ ?*

नेपालमा फेरि लोडसेडिङको चर्चा छ । नेपाल सरकार र भारत सरकारबीच विद्युत् आयातसम्बन्धी सम्झौता हाल ३ महिनाको लागि मात्रै नवीकरण गरेको समाचार आयो । त्यो पनि नेपाल सरकारले भारतको शर्त स्वीकार गरेपछि मात्रै भएको प्राधिकरण सम्बद्धहरू बताउँदै छन् । बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म त्यो पनि नेपालले माग गरेको भन्दा निकै कम मात्रै भारतले निर्यात गर्ने शर्तमा नवीकरण गरिदिएको भनिएको छ । यसले अबका केही दिनदेखि नै नेपालमा लोडसेडिङ हुने र औद्योगिक क्षेत्रमा त अहिले नै अघोषितरूपमा लोडसेडिङ सुरु भइसकेको बताइएको छ ।

नेपाल विश्वकै जलस्रोतमा दोस्रो धनी देश भएर पनि किन हरेक वर्ष नेपालीहरू विद्युत्को निम्ति भारतनिर्भर हुनुपर्यो ? यो महत्त्वपूर्ण प्रश्न हो । हाम्रा शासक दलका नेताहरू भारतीय शासक वर्गलाई खुशी पार्न नेपालको जलस्रोत भारतको हातमा सुम्पने गर्छन् । नेपालका पूर्वप्रधानमन्त्रीहरू मातृकाप्रसाद कोइराला, बिपी कोइराला र गिरिजाप्रसाद कोइरालाले भारतसँग क्रमश: कोशी, गण्डक, र टनकपुर (पछि महाकाली एकीकृत सन्धि) जस्ता देशघाती सन्धि सम्झौता गरे । भारत खुशी नभएसम्म नेपालको शासनमा टिकिरहन नसक्ने दास मानसिकताकै कारण देशघाती सम्झौताहरूले निरन्तरता पाएका हुन् ।

भारतमा अङ्ग्रेजहरूले २०० वर्षभन्दा लामो समय शासन गरे । सन् १९४७ मा मात्रै बेलायती साम्राज्यवादको दमनबाट भारतीय जनताले मुक्ति पाए । कमजोर देशहरूमाथि उपनिवेश गर्ने विस्तारवादी सोचले भने निरन्तरता पायो । नेपालको जलस्रोत भारतले एक एक गरी कब्जा गर्नुमा यही उपनिवेशवादी सोच नै प्रमुख कारण हो ।

नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने, जलस्रोत नियन्त्रण गर्ने र नेपालको आर्थिक विकासमा अवरोध पुऱ्याउने मामिलामा भारतमा जुनसुकै दलको सरकार आए पनि तिनीहरूको एउटै नीति देखिन्छ ।

२०५३ सालमा भएको देशघाती महाकालीसन्धिको जनस्तरबाट व्यापक विरोध हुँदाहुँदै पनि सरकारले पछि अर्को देशघाती माथिल्लो कर्णालीको सम्झौता गऱ्यो । शासक दलहरू मिलेर सिङ्गो कर्णाली नदी नै भारतीय कम्पनी जि.एम.आर.लाई सुम्पने अपराध गरे । विश्व बैङ्ककै सर्वेक्षणअनुसार माथिल्लो कर्णाली नदीबाट ४१८० मेगावाट बिजुली उत्पादन गर्न सकिन्छ भन्ने देखाएको छ । नेपालमा १०० वर्षभन्दा लामो जलविद्युत्को इतिहास छ तर हालसम्ममा जम्मा २५।२६ सय मेगावाट मात्रै निकाल्न सकेको छ । त्यो पनि विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता साम्राज्यवादीहरूको स्वार्थ पूरा गर्न स्थापना गरिएका आर्थिक हतियारहरूको ऋण सहयोगमा । समयमा विद्युत् उत्पादन गर्न नसक्नाले पनि लागत मूल्य बढ्नुका साथै ऋणको भार थपिँदै गएको देखिन्छ ।

२०७९ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ७५० मेगावाट क्षमताको पश्चिम सेती भारतलाई सुम्पे । त्यसअघि चिनियाँ कम्पनी थ्री गर्जेजले निर्माण ठेक्का पाएको थियो । नेपालको भूमिमा चिनियाँ प्रवेश गरेको हेर्नसम्म नचाहने भारतले जलस्रोतमा चिनियाँ लगानी विस्थापित गर्न भारतको लगानी गरेकोबाहेक कुनै पनि विदेशीले लगानी गरेको जलविद्युत् खरिद नगर्ने निर्देशिका नै जारी गऱ्यो । नेपालको अपार जल भण्डार कब्जा गर्नकै लागि उक्त निर्देशिका जारी गरेको बुझ्न सकिन्छ ।

नेपालको जलस्रोत भारतलाई सुम्पनेमा नेपालका शासकहरू एक प्रकारको प्रतिस्पर्धा नै गर्छन् । प्रधानमन्त्री प्रचण्डले २०८० सालमा भारत भ्रमणको क्रममा ६७९ मेगावाटको तल्लो अरुण, ४८० मे.वा. को फुकोट कर्णाली भारतलाई दिने सम्झौता गरे । त्यसैगरी ९०० मेगावाटको अरुण तेस्रो, ४९० मेगावाटको अरुण चौथो, ४५० मेगावाटको सेती नदी ६ लगायत पनि भारतकै जिम्मामा दिए । यसरी नेपालको भए भरको नदीनालाहरू भारतलाई सुम्पेपछि नेपाल कसरी विद्युत्मा आत्म निर्भर बन्न सक्छ ?

भारत औद्योगिकीकरणतर्फ अगाडि बढिरहेको देश हो । ऊ विश्वको शक्ति राष्ट्रको रूपमा पनि उदय हुँदै छ । उसको लागि धेरै विद्युत्को आवश्यकता हुन्छ । अहिलेसम्म उसको ७० प्रतिशत विद्युत् उत्पादन कोइलामा भर पर्ने गरेको बताइन्छ । त्यसैले नेपालले प्रशस्त विद्युत् उत्पादन गरेर भारतलाई मात्रै बेच्न सके पनि नेपालले आर्थिकरूपमा समृद्ध हुने क्षमता राख्छ । तर, हाम्रा शासकहरू नेपालकै लगानीमा विद्युत् उत्पादन गर्नुको सट्टा भारतलाई विद्युत् परियोजना बनाउन लगाउने र त्यसबाट केही प्रतिशत लिएर नेपालको आर्थिक विकास गर्ने सपना देख्छन् ।

भारत नेपालको विद्युत्‌भन्दा पनि जलस्रोतमा एकलौटी गर्न चाहन्छ । संसारकै सबैभन्दा बढी अर्थात् १ अर्ब ४१ करोडभन्दा बढी जनसङ्ख्या रहेको तथ्याङ्कले देखाउँछ । त्यो जनसङ्ख्या वृद्धिलाई व्यवस्थापन गर्न उसको लागि ठूलो चुनौती छ । त्यसमा पनि स्वच्छ पानीको व्यवस्थापन भारतको लागि ठूलो समस्या बन्दै छ । त्यो समस्या समाधान गर्न नेपालका नेताहरूलाई फकाएर, धम्काएर वा तर्साएर जलस्रोत मुठीमा पार्ने उसको दीर्घकालीन योजना हो ।

नेपालको विद्युत् भारतलाई बेच्न प्रशारण लाइन निर्माणको लागि भनी सरकारले अमेरिकी एक कम्पनीसँग एमसीसी सम्झौता गऱ्यो । नेपालको सार्वभौमिकता र असंलग्न नीति विपरीत भएको त्यो सम्झौताको चौतर्फी विरोध हुँदा हुँदै शासक दलहरूले त्यसलाई पारित गरे । अहिले बैङ्क र सहकारी संस्थामा तरलता निकै बढी रहेको देखिन्छ । अहिले बैङ्कहरूमा मात्र लगानीयोग्य रकम ६ खर्बभन्दा बढी रकम भएको देखाइएको छ । त्यस्तै ३५ हजारभन्दा बढी सहकारीहरूमा खर्बौंको रकम थन्किएर रहेका छन् । त्यो रकम विद्युत् उत्पादन र प्रसारण लाइन विस्तारमा खर्च गरेका भए एमसीसीजस्ता देशघाती सम्झौता गर्न आवश्यक नै पर्ने थिएन । नेपाल विद्युत्मा आत्मनिर्भर हुन सकिन्छ । गाउँ गाउँ र बस्ती बस्तीसम्म बिजुली पुऱ्याएर जनतालाई प्राथमिकतामा राख्नुपर्ने, उद्योगधन्दाको लागि निरन्तर विद्युत् प्रवाह गरी उत्पादन बढाउनुपर्ने भनेर संसदमा नेपाल मजदुर किसान पार्टीका सांसदहरूले बारम्बार उठाए पनि शासक दलहरूले त्यसलाई बेवास्ता गरे । अहिले नेपालले भारतको शर्तमा विद्युत् खरिद गर्नुपर्ने अवस्थामा पुगेको छ ।

केही समयअघि भारतीय विदेशमन्त्री एस.जय शङ्कर नेपाल भ्रमणमा आउँदा १० वर्षमा १० हजार मे.वा. बिजुली भारत निर्यात सम्बन्धी सम्झौता भएकोमा सरकारले निकै तामझामका साथ प्रचारप्रसार गऱ्यो । भारतको लागि पानी र बिजुली नेपालले उपलब्ध गराउनुपर्ने, नेपालको लागि चाहिने बेला उसका शर्तहरू पालना गरेर किन्नुपर्ने, उसले बेच्न अस्वीकार गऱ्यो भने लोडसेडिङ सहेर अन्धकारमा बस्नुपर्ने हाम्रो बाध्यता । यो कस्तो विडम्बना ! अनि कस्तो पारस्परिक समानताको व्यवहार ? जनसङ्ख्या, भूगोल र अर्थतन्त्रको आधारमा देश सानो ठूलो भए पनि सार्वभौमिकता सबैको बराबर हुन्छ तर भारत नेपाललाई सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र देश स्वीकार गर्न चाहँदैन । यो नै अहिलेको समस्या हो ।

जलस्रोतको माध्यमबाट भारत नेपालको सम्पूर्ण अर्थतन्त्र कब्जा गर्न खोज्दै छ । पर्याप्त विद्युत् उत्पादन भएमा उद्योगधन्दाहरू राम्ररी चल्नेछन् । उत्पादन वृद्धिले मालसामानको लागत घट्नेछ र नेपालको व्यापारघाटा कम गर्न मद्दत पुग्नेछ । भारतसँग नेपालको लागि चाहिने खाद्यान्न, लत्ताकपडादेखि सबैजसो निर्माण सामग्रीहरू भर पर्नुपरेको छ । हाम्रा उद्योगधन्दाहरू बन्द गरेर सम्पूर्ण बजार भारतीय कब्जामा पार्नु नै उसको भित्री उद्देश्य हो । भारतको व्यवहारले नेपाललाई अघोषित उपनिवेश गरिरहेको छ ।

छिमेकी देश चीन विश्वको दोस्रो अर्थतन्त्र भएको देश हो । चीनको विकासबाट नेपालले फाइदा लिन सके देशको विकासमा सहयोग नै पुग्ने थियो । चीन र भारत दुवै छिमेकी हुँदा हुँदै भारतले जहिले पनि नेपालमा स्वार्थवसमात्रै सहयोग गरेको देखिन्छ । चीनले भने नेपालमा विभिन्न उद्योगधन्दाहरू स्थापना गरी आत्मनिर्भर बन्न सहयोग गरेको देखिन्छ । पूर्वाधार निर्माण, कोरोना र भूकम्प जस्तो नेपाली जनता सङ्कटमा परेको अवस्थामा चीनले महत्त्वपूर्ण सहयोग गर्‍यो । नेपालीहरूले छिमेकीलाई चिन्ने समय पनि सङ्कटकै बेला हो । माया गरेजस्तो गरेर 'काखमा राखेर साथीको गला रेट्ने' हरू राम्रा मित्र हुन सक्दैनन् । भारतले नेपालसँग त्यस्तै व्यवहार देखाउँदै छ ।

नेपालको जलस्रोत नेपालको अमूल्य सम्पत्ति हो । त्यसको संरक्षण गरेर भावि पुस्तालाई समृद्ध बनाउन उपयोग गर्नुपर्नेमा देशका तमाम नदीहरू भारतको पोल्टामा राखेर हाम्रा शासकहरूले देशघाती काम गरे । सुगौली सन्धिमा गजराज मिश्र र चन्द्रशेखर उपाध्यायहरूले हस्ताक्षर गर्दा नेपालको झण्डै आधा भूमि गुम्न गयो । आज नेपालका प्रधानमन्त्री देउवा, केपी ओली, माधव नेपाल, बाबुराम भट्टराई, प्रचण्ड, झलनाथजस्ता भारतसामु लम्पसार पर्नेहरूले देशकै अस्तित्वमाथि नै सङ्कट आइपरेको छ । देश बेच्ने मिश्र र उपाध्याय तथा सिक्किम भारतमा विलय गर्ने लेण्डूप दोर्जेहरूभन्दा हाम्रा देशघाती नेताहरू कुन अर्थमा फरक छन् ? । समयले ती देशघातीहरूलाई धिकार्नेछ, थुक्नेछ र तिनीहरू 'नर्क'मा पुग्नेछन् ।

# देश र जनताका समस्याबारे सङ्क्षिप्त चर्चा

✍ डी.पी. काफ्ले

देश सञ्चालनको मुख्य नीति राजनीति हो भन्ने कुरा सबैलाई जानकारी भएकै हो । राजनीतिले देश र जनताको रक्षा अनि सेवा गर्छ । कानुन पुराना हुँदै जाँदा सहजताको लागि कानुनहरू संशोधन गर्दै जानु राज्यको कर्तव्य हुन आउँछ । देश जोगाउन र जनतालाई साथमा लिन नयाँ कानुन बन्दै जाने गर्छ ।

राजनीतिकर्मीहरू देशको रक्षा र जनताको सेवाका विभिन्न नियमहरूलाई उठाउँदै निर्वाचनमा मत माग्दै जाने गर्दछन् । त्यसैलाई आधार बनाएर जनता मत दिने गर्दछन् । ठूला दलका नेताहरू मत माग्दा इमानदार जस्तो बन्ने तर निर्वाचित भइसकेपछि देश र जनतालाई बिर्सेर आफ्नो विकासको लागि काम गर्ने गरेको देखिन्छ । एउटा सामान्य गाउँबाट हुर्केर निर्वाचित भएको मान्छे पदमा गइसकेपछि ठूल्ठूला सपना देखेर आफ्नो स्वार्थमा लागिपर्छ । कति जनताले पनि सानासाना स्वार्थमा प्रभावित भएर मत दिने गरेको प्रशस्तै उदाहरण देखिएका छन् । त्यसले पनि नेताहरूलाई आफ्नो स्वार्थमा जान बल मिल्ने गर्छ । देश र जनताको वास्तविक समस्या अर्कै हुन्छ तर ती नेताहरूले सहायक समस्या उठाउँदै जाने गर्छन् ।

नेपालको परिवेशमा देश र जनताका समस्याहरू के के हुन् त ? ठूला दलका नेताहरूले बुझ्नु आवश्यक छ । जनताले पनि ती नेताहरूलाई आफ्ना कुराहरू प्रस्ट रूपमा राख्न सक्नुपर्छ । सानातिना स्वार्थका कारण जनता सत्य कुरा नेताहरूलाई बताउन सक्दैनन् ।

देशको समस्या जनताको पहिलो समस्या हो भने आफ्नो समस्या दोस्रो समस्या हो । देश रहे जनता रहन्छन्, जनता रहे देश समृद्ध हुन्छ । त्यसको लागि देश र जनता दुवैलाई सम्बोधन गर्न जनता र नेता दुवैको महत्त्वपूर्ण भूमिका रहन्छ ।

देशलाई विश्वसामु स्वाभिमानी बनाउनु सबै नागरिकहरूको महत्त्वपूर्ण कर्तव्य हो । देश समृद्ध भयो भने जनता स्वाभिमानी बन्छन् । कसैसँग माग्न, हात थाप्न अनि सहयोग लिनुपर्दैन । देशलाई स्वाभिमान बनाउन सरकार, नागरिक, प्रविधि र प्राविधिकको महत्त्वपूर्ण भूमिका हुने गर्छ । देशले आफूभित्र भएको प्राकृतिक स्रोत, मानवीय शक्ति तथा बौद्धिक शक्ति सही तरिकाले उपयोग गर्न लागिपर्नुपर्छ ।

नेपाल प्राकृतिक स्रोत र गौरवपूर्ण नागरिकहरूको देश हो । सरकारले चाहेमा देश र जनतालाई स्वाभिमान र समृद्ध बनाउन र बन्न महत्त्वपूर्ण योगदान गर्न सक्छ ।

देशले आफूलाई स्वाभिमान बनाउने सरकार र नागरिक मागेको छ । देशभित्र प्राकृतिक स्रोत, साधन, उपयोग गर्ने नागरिक खोजेको छ । जबसम्म त्यस्तो नेतृत्व देशले पाउने छैन तबसम्म देश गरिबीको रेखामुनि रहनेछ । देशको प्राकृतिक स्रोत र साधनको सही सदुपयोग, यसलाई उपयोग गर्ने जनशक्ति, ऊर्जाशील सरकार, कानुनी शासक, प्रतिस्पर्धा, जनशक्ति बाहिरिन नदिनु, निर्यातमा वृद्धि, उत्पादनमा तीव्र विकास, देशभक्तिपूर्ण नागरिक, सङ्घर्षशील सरकार, नवीनतम् सोच देशको लागि आवश्यक छ । सीमा विवाद समाधान र रक्षा आदि आवश्यक छ ।

मानव समाजको उत्पत्तिदेखि अहिलेसम्म सङ्घर्ष गरिरहेका विषयहरू योग्य र दक्ष नागरिक बन्न अनिवार्य र नि:शुल्क शिक्षा, बाँच्नका लागि नि:शुल्क स्वास्थ्य उपचार, काम अर्थात् रोजगारीको ग्यारेन्टी, सामाजिक समानता, उत्पादनका साधनमाथि पहुँच आदि जनताका राज्यतर्फबाट सम्बोधन गर्नुपर्ने मागहरू हुन् ।

शासकहरूले माथिका कुरा उठाउने गर्दैनन् । बाटो, पुल, छात्रवृत्ति, स्वास्थ्य बीमा, आयात, जमिनदारी प्रथा आदि सहायक कुराहरू उठाएर शासक नेताहरू अलमल्याउँछन् । जनताको सेवाका लागि भनेर शिक्षा, स्वास्थ्यलाई व्यापारीकरण, युवालाई वैदेशिक रोजगार र विदेशी लगानी, आयात बढाउने काम गर्दछन् । भित्रभित्र भ्रष्टाचार, अनियमितता, दलाली, सेवादायक क्षेत्रलाई कमिसनखोर अनि राज्यका निकायहरूलाई खराब प्रवृत्ति देखाएर जनतालाई दु:ख दिने गर्छन् ।

जनताको चाहना भूमिहीनलाई भूमि, बेरोजगारलाई काम, स्वदेशमै रोजगार आदि थप समस्या हुन् । देशको मुद्रालाई कमजोर बनाएर विदेशमा लाखौं डलर र करोडौं नेपाली मुद्राको सपना देखाएर विदेश पठाइरहेका छन् । विदेश पठाउनेमा सरकारको पहिलो हात छ । युवा विदेश गयो भने डलर भित्रिनेछ भनेर हुनेखानेलाई म्यानपावर कम्पनी खोल्न दिएर सरकार युवाहरूलाई विदेश पठाउने गर्छ । सरकारका मान्छेहरू विदेश जानु कमाइ हुन्छ भनेर विदेश पठाउने गर्छन् । फ्रि भिसा, फ्रि टिकट भनेर सरकारले नै विदेश पठाउँछ । कतिपय म्यानपावर कम्पनीले युवाहरूलाई लाखौं लाख रूपैयाँ ठगेर विदेश पठाइरहेका युवाहरू स्वदेश तथा विदेशमा म्यानपावर कम्पनीबाट ठगिएका छन् ।

हुने खानेका छोराहरू धेरै पैसा पाउने देशमा पठाउँछन् भने गरिबका छोरालाई कम कमाइ हुने देशमा पठाएर ऋणमा डुबाउने गर्छन् । सयौं/हजारौं बिगाहा जमिन हुनेहरू काठमाडौं, अमेरिका, बेलायत आदि ठाउँमा बस्छन् तर नेपालमा जनतालाई दास बनाएर जान्छन् । सेवा सुविधा गाउँठाउँमा पुऱ्याउन र त्यहाँको प्राकृतिक सम्पत्तिलाई उपयोग गर्ने योजना नबनाएर देशमा रहेकाहरूलाई पनि अर्को ठाउँमा बसाइ सर्न बाध्य बनाउने काम सरकारबाटै भएको छ ।

बसाइँ सरेर जमिन बाँझो राखी उत्पादन घटाउने काम सरकारबाटै भइरहेको छ । युवा शक्तिलाई विदेश पठाएर बुढा, आमाबाबु, साना बालबच्चा राखेर जमिन बाँझो गराई परनिर्भर बनाउने काम सरकारबाटै भएको छ । गाउँबेँसीमा कुनै सुविधा नदिई काठमाडौंकेन्द्रित सुविधा बनाएर उपत्यकामा जनताको बसाइँ भर्ने काम गरेर राजधानीलाई फोहर राख्ने काम सरकारबाटै हुँदै आएको छ । भूमिहीनको नाममा टाठाबाठाहरूले हजारौं हेक्टर वन म्हासेर व्यापार गरी बस्ती बसाउने काम सरकार चलाउने पार्टीबाटै भइरहेका छन् ।

देशभित्रका महत्त्वपूर्ण स्थानहरू नक्कली भूमिहीनहरूले कब्जा गरी बसेका छन् । वास्तविक भूमिहीनहरूले भूमि अधिकार पाउन सकेका छैनन् । कामदार दिक्क भएर जमिनदारको जमिन बाँझो राखेर विदेश जान बाध्य छन् । उखु किसान, सुर्ती किसान, कपास किसानको उत्पादनले मूल्य नपाएर खेती घटिरहेको छ ।

मिटरब्याजीको नाममा छोटेवाला साहूहरूले गरिब किसानलाई ठगेर बस्तीविहीन बनाइरहेका छन् । बिचौलियाहरू सरकारी तथा अर्धसरकारी निकायमा पसेर जनतालाई घुस दिन र कर्मचारीलाई घुस खुवाउन लागिपरेका छन् । देशको कुनै पक्ष सरकार र सरकार चलाउनेदेखि खुसी छैनन् । देशको प्राकृतिक स्रोत विदेशीलाई दोहन र उपभोग गर्न सरकारले विभिन्न कानुन बनाइरहेको छ ।

भारतीय विस्तारवाद र एकाधिकार पुँजीले नेपालको व्यापार, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, खोलानाला आदि माथि हस्तक्षेप गर्दै देशलाई टाट पल्टाउँदै छ । उसैसँग गाँसिएर ठूलो पार्टी र सरकारले थप उसैको नीहित स्वार्थको लागि प्रयोग गर्न दिइरहेको छ । सम्पूर्ण युवाहरू विदेश पठाएर वैदेशिक हस्तक्षेप बढाउने काम स्वयं सरकारले गर्दै आएको छ । विदेशीहरूलाई जन्मको आधारमा वंशजको नागरिकता दिएर वंशज नागरिकको अधिकार खोस्ने काम देश चलाउने विदेशी दलालहरूले दिइरहेका छन् ।

देश र जनताको हितको काम गर्न प्रतिगामी, प्रतिक्रियावादी सामन्त, पुँजीपति, विदेशी दलालहरूबाट सम्भव छैन । जसले युवा शक्तिलाई देशमा राख्ने, वर्गसङ्घर्ष गर्ने र समाजवादी गणतन्त्रको स्थापना गर्छ । त्यसबाट मात्रै देश र जनताको माग सम्बोधन गर्न सक्नेछ । त्यसको लागि हुँदा खाने जनता एक भएर साम्राज्यवाद, विस्तारवाद र पुँजीवादको अन्त्य गर्नुपर्छ; जनता एक भई लड्नुपर्छ । अनि जनताको माग पूरा हुनेछ ।

# न्याय गर न्यायालय, कति गर्छौ, हात पार्ने दाउ ?

**त्यस्तै राष्ट्रपतिले आममाफी दिएका रिगल ढकालविरुद्ध सर्वोच्चमा रिट निवेदन परी राष्ट्रपतिको आममाफी दिने निर्णय बदर भई रिगल ढकाल पुनः जेल गएका छन् भने उस्तै प्रकृतिको रिगल ढकालभन्दा अगावै रिट निवेदन परेको रेशम चौधरीलाई आममाफी दिने निर्णय मिलेको छैन भनी सर्वोच्च अदालतमा परेको रिट निवेदनको मुद्दा भने अहिलेसम्म सुनुवाइ भएको छैन ।**



✍ रामप्रसाद प्रजापति

### अवकाशको क्रम

सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडाको केही दिनअघि ६५ वर्षे उमेर हदका कारण अवकाश भएपछि सर्वोच्च अदालतमा कायम रहेको २१ दरबन्दीमध्ये १९ न्यायाधीश मात्रै बहाल छन् ।

न्यायाधीश खतिवडाको अनिवार्य अवकाशपछि सर्वोच्च अदालतमा न्याय सम्पादनमा सक्रिय एक जना न्यायाधीशको सङ्ख्या घट्नुका साथसाथै न्यायिक नेतृत्व र न्याय परिषद्ले देशको संविधानको मर्म र कानुनबमोजिम सर्वोच्चका न्यायाधीश पद रिक्त हुनुभन्दा एक महिनाअघि नै न्यायाधीश नियुक्तिको प्रक्रिया अगाडि बढाउनुपर्ने नेपालको संविधान र न्याय परिषद् ऐन, २०७३ को मर्म र भावनाको निरन्तर उल्लङ्घन पनि गर्दै गरेको देखिन्छ ।

नेपालको संविधानको धारा १२९ बमोजिम सर्वोच्च अदालतमा नेपालको प्रधानन्यायाधीशका अतिरिक्त बढीमा बीस जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ ।

सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन प्रधानन्यायाधीशको अध्यक्षतामा एउटा न्याय परिषद् रहने व्यवस्था नेपालको संविधानको धारा १५३ ले गरेको पाइन्छ ।

न्याय परिषद् ऐन, २०७३ को दफा ४ ले न्याय परिषद्ले उमेरको हदबाट अवकाश हुने सर्वोच्च नेपालको संविधान र कानुनबमोजिम नेपाली नागरिकको हक अधिकारको संरक्षण गर्नुपर्ने दायित्व बोकेको सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति, अनुशासनको कारबाही समेत गर्ने न्याय परिषद् आफैले चाहिँ संविधान र कानुनको पालना गर्न पर्दैन ? भन्ने प्रश्न उठ्नुका साथै प्रधानन्यायाधीश र न्याय परिषद्का लागि एउटा नैतिकताको सवाल पनि खडा हुने गरेको छ ।

### न्याय परिषद्को बदमासी

सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ न्यायाधीशको दरबन्दी छ । हाल कार्यरत न्यायाधीशको सङ्ख्या भने १९ मात्र छ । मुद्दाको चाप दिन प्रतिदिन बढ्दो छ ।

देश र जनतासँग प्रत्यक्ष सरोकार राख्ने मुद्दाहरू र सरकार तथा सरकारमा संलग्न राजनीतिक दलहरूको प्रभाव र दबाबमा मुद्दाको पेशीका दिन विभिन्न उच्च अदालत तथा जिल्ला अदालतको अनुगमन निरीक्षणका नाममा उपत्यका बाहिर जाने र अदालतमा सुनुवाइका लागि तोकिएका मुद्दाहरू स्थगित सूचीमा प्रकाशित गराई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित गर्ने गरेको सर्वविदितै छ । यो क्रम अहिले झन् चर्को रूपमा बढेको बताइन्छ ।

त्यसैले देश र जनतासँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक हितका सवालहरू भएका मुद्दाहरू तथा सरकारमा संलग्न राजनीतिक दलहरूको फाइदा बेफाइदासँग सम्बन्धित विषयका मुद्दाहरूमा न्यायालय आफैले छलछाम गरी रहेको ओपन सेक्रेटको विषय बनेको छ ।

सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिका लागि प्रधानन्यायाधीश नेतृत्वको न्याय परिषद्ले सिफारिस गरेपछि संसदीय सुनुवाइबाट अनुमोदन भएपछि २०८१ मा अवकाशको क्रम अझै रोकिँदैन । सर्वोच्च अदालतका अर्का न्यायाधीश प्रकाशकुमार ढुङ्गानाको २०८१ कार्तिक ४ गते अवकाश हुनेछन् भने स्वयम् प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ २०८१ असोज २० गते अवकाश हुनेछन् ।

एकातिर यसरी सर्वोच्च अदालतमा न्यायाधीश पद रिक्त हुने क्रम जारी छ भने अर्कोतिर देशभरिका अदालतहरूमध्ये सबैभन्दा बढी कार्यबोझ सर्वोच्च अदालतमै रहेको देखिन्छ । तर, कार्यसम्पादनको हिसाबमा सर्वोच्च अदालत सबैभन्दा कम कार्यसम्पादन गर्ने अदालतमा पर्दछ ।

सर्वोच्च अदालतमा २०७८ जेठदेखि हालसम्म २१ न्यायाधीशको दरबन्दी भए पनि करिब ३ वर्षको बिचमा २० जनासम्मको नियुक्ति भएको एउटा न्यायाधीशको पद ३ वर्षदेखि रिक्त रहेको देख्न सकिन्छ ।

न्यायाधीशको पद रिक्त हुनु, नियुक्ति गर्ने दिन लम्बिँदै जानु सर्वोच्च अदालतको न्याय सम्पादनको गति ढिला हुनुका विभिन्न कारणहरूमध्ये एउटा महत्त्वपूर्ण पक्ष हो ।

### मौका पाए हात पार्ने दाउँ

कानुन व्यवसायीले विभिन्न बहानामा मुद्दा सार्ने क्रमलाई ३ पटकभन्दा बढी मुद्दा नसार्ने, ५ वर्षभन्दा पुरानो मुद्दामा कुनै पनि बहानामा मुद्दा सार्न नपाइने भन्ने नियम बनाएर मुद्दाको सुनुवाइ चाँडै गर्न त खोजेको भान हुन्छ तर न्यायाधीशहरू र न्याय प्रशासनबाट विभिन्न अध्ययन, अनुगमन, निरीक्षण भ्रमणको नाममा महत्त्वपूर्ण मुद्दाहरूलगायतका पेशी स्थगित हुने गतिविधिमा लाग्ने गरेको सर्वविदितै छ ।

यसको अन्त्य गर्न वा न्यूनीकरण गर्न न्याय प्रशासन, न्याय परिषद् र कानुन व्यवसायीहरूको



देश र जनतासँग प्रत्यक्ष सरोकार राख्ने मुद्दाहरू र सरकार तथा सरकारमा संलग्न राजनीतिक दलहरूको प्रभाव र दबाबमा मुद्दाको पेशीका दिन विभिन्न उच्च अदालत तथा जिल्ला अदालतको अनुगमन निरीक्षणका नाममा उपत्यका बाहिर जाने र अदालतमा सुनुवाइका लागि तोकिएका मुद्दाहरू स्थगित सूचीमा प्रकाशित गराई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित गर्ने गरेको सर्वविदितै छ । यो क्रम अहिले झन् चर्को रूपमा बढेको बताइन्छ ।

**अरूले संविधान र कानुनको पालना नगर्दा परमादेशको आदेश दिन सक्ने न्यायालयका विरुद्ध कसले परमादेश जारी गर्ने होला त ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । साथै सर्वोच्च अदालतको न्यायाधीश पद रिक्त राख्नु नेपालको संविधान र कानुनको पनि प्रतिकूल हो ।**

अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि नै नियुक्तिको लागि सिफारिस गर्ने कानुनी व्यवस्था गरेका पाइन्छ ।

उमेरको हदबाट अवकाश भएकोमा बाहेक अन्य कारणबाट सर्वोच्च अदालतको न्यायाधीशको पद रिक्त हुन आएमा न्याय परिषद्ले त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्नेछ भन्ने कानुनी व्यवस्था छ ।

यस्तै व्यवस्था संवैधानिक पदाधिकारीहरूको नियुक्तिका सम्बन्धमा पनि अवकाश वा पद रिक्त हुनुभन्दा एक महिना अगाडि नै नयाँ नियुक्तिको तयारी गर्नुपर्ने व्यवस्था संविधानको धारा २८४ को उपधारा ४ ले गरेको पाइन्छ ।

उल्लिखित कानुनी व्यवस्था पालना गर्नुपर्ने दायित्व नेपालको प्रधानन्यायाधीश अध्यक्ष रहेको न्याय परिषद्को हो । तर, जसरी विगतमा भागबन्डा नमिलेसम्म न्यायाधीश नियुक्ति हुने गर्दैन, भागबन्डा मिलेपछि राती १२ बजे पनि बैठक बसेर संविधान र ऐन कानुनले योग्यता नपुगेका भए पनि आफ्ना मान्छेलाई न्यायाधीश नियुक्ति गर्ने विकृत परम्परा यो पटक पनि सुधार हुने कुनै सङ्केत देखिएको छैन ।

हुन त वर्तमान प्रधानन्यायाधीशकै अध्यक्षतामा बसेको न्याय परिषद्ले पछिल्लो पटक उच्च अदालतमा गरेको ३९ न्यायाधीशहरूको नियुक्ति पनि विवाद र मोटो रकम लेनदेनमा गरेको भन्ने व्यापक चर्चा छ ।

सबैभन्दा कम्ती रकम बुझाउनेले ७० लाख रूपैयाँ बुझाएको हल्ला न्याय क्षेत्रमा चलेको सुनिन्छ ।

यसरी अन्यायमा परेका पीडितलाई मात्र नभई राष्ट्रपतिबाट नियुक्ति हुने कानुनी व्यवस्था छ । यो प्रक्रिया फटाफट भए पनि कम्तीमा ४५ दिन लाग्ने गरेका बताइन्छ ।

पछिल्लो पटक सर्वोच्च अदालतबाट उमेरहदका कारण खतिवडाको अवकाश हुने कुरा अकस्मात होइन, न्यायाधीश नियुक्ति भएकै दिन अवकाश हुने दिन थाहा हुन्छ ।

साथै प्रधानन्यायाधीश नेतृत्वको न्याय परिषद्ले उमेर हदका कारण अवकाश हुने न्यायाधीशलाई अवकाश हुने जानकारी ६० दिन अर्थात् दुई महिनाअगावै दिने कानुनी व्यवस्था छ । यसरी उमेर हदका कारण अवकाश हुने जानकारी न्यायाधीश नियुक्ति गर्ने संस्था न्याय परिषद्लाई कम्तीमा ६० दिन अगावै जानकारी हुने स्पष्ट छ ।

न्याय परिषद् सचिवालयले अवकाश हुनुभन्दा ६० दिन अगावै दिने त्यस्तो पत्र सर्वोच्च अदालतको प्रशासन र प्रधानन्यायाधीशलाई समेत बोधार्थ दिइने व्यवस्था छ ।

यसरी कानुन र सम्पूर्ण प्रक्रिया तथा पद रिक्त हुने कुरा थाहा हुँदाहुँदै पनि कुनै चासो नदिनु वा पदपूर्तिका लागि आवश्यक प्रक्रिया चलाउन नसक्नुको कारण नखुलाउनु प्रधानन्यायाधीश नेतृत्वको न्याय परिषद्को बदमासी हो ।

### अवकाश हुने क्रम जारी

ईश्वर खतिवडाको अवकाशसँग आगामी २०८१ वैशाख २३ गते अर्का न्यायाधीश सुष्मालता माथेमा उमेर हदका कारण अनिवार्य अवकाश पाउने क्रममा छिन् । त्यसपछि अर्को न्यायाधीश डा.आनन्दमोहन भट्टराईको २०८१ असार १ गते उमेर हदका कारण अवकाश हुनेछन् ।

छाता सङ्गठन नेपाल बार एशोसियसनले वाच डगको काम गर्नुपर्ने एकातिर देखिन्छ भने अर्कोतिर त्यस्ता विषयमा सवाग्राही वा जुनसुकै नेपाली नागरिकले न्याय प्रशासनमा उजुरी दिन सकिने र उजुरी परेको खण्डमा सो सम्बन्धमा छानबिन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्न जरुरी छ ।

जस्तो उदाहरणको लागि केही हप्ताअघि मात्रै सर्वोच्च अदालतको संवैधानिक इजलास बसेन । अघिल्लो दिनको साँझसम्म अनलाइनमा प्रकाशित साप्ताहिक पेशी सूचीबमोजिम भोलिपल्टको मुद्दा सूचीको अध्ययन गर्दै भोली पल्टको संवैधानिक नियुक्तिसम्बन्धी महत्त्वपूर्ण मुद्दाको सुनुवाइ गरी अन्तिम टुङ्गोमा पुऱ्याउने छलफल भएको चर्चा हुँदै गर्दा भोलिपल्ट बिहान १० बजे सर्वोच्च अदालतका प्रधानन्यायाधीशसहितको टोली उच्च अदालत, जनकपुरको अनुगमन र निरीक्षणमा पुगेछन् र महत्त्वपूर्ण मुद्दाको सुनुवाइ हुन सकेन ।

त्यस्तै राष्ट्रपतिले आममाफी दिएका रिगल ढकालविरुद्ध सर्वोच्चमा रिट निवेदन परी राष्ट्रपतिको आममाफी दिने निर्णय बदर भई रिगल ढकाल पुनः जेल गएका छन् भने उस्तै प्रकृतिको रिगल ढकालभन्दा अगावै रिट निवेदन परेको रेशम चौधरीलाई आममाफी दिने निर्णय मिलेको छैन भनी सर्वोच्च अदालतमा परेको रिट निवेदनको मुद्दा भने अहिलेसम्म सुनुवाइ भएको छैन ।

सर्वोच्च अदालतलाई सरकारमा सहभागी ऊ नै रेशम चौधरीको दलमार्फत कहीँकतैबाट दबाब र प्रभावित नगरेको भए रिगलको मुद्दाको सुनुवाइ हुनु अगावै रेशमको मुद्दाको पनि सुनुवाइ हुनुपर्ने हो । तर रेशम चौधरीको मुद्दा सर्वोच्च अदालत, सर्वोच्च प्रशासनले सरकारको दबाब वा प्रभावमा परी सुनुवाइ नगरी तार्दै आएको भन्न कठिन छैन ।

यसरी अन्यायमा परेका पीडितहरूको न्यायको आशा एवं भरोशा मात्र होइन, सर्वसाधारण नेपाली जनताको संवैधानिक एवं मौलिक हक तथा कानुनी हक अधिकारको संरक्षण गर्ने सर्वोच्च अदालत र न्याय परिषद्ले संविधान र कानुनको पालना समयमै गर्नुपर्ने स्पष्ट छ ।

अरूले संविधान र कानुनको पालना नगर्दा परमादेशको आदेश दिन सक्ने न्यायालयका विरुद्ध कसले परमादेश जारी गर्ने होला त ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । साथै सर्वोच्च अदालतको न्यायाधीश पद रिक्त राख्नु नेपालको संविधान र कानुनको पनि प्रतिकूल हो ।

एक दुई वटा न्यायाधीश पद रिक्त हुँदा नै नियुक्ति नगर्नुको कारण देशमा धेरैथरीका शक्तिकेन्द्रहरूबिच भागबन्डा गर्न सहज हुने भागबन्डा नगरी नियुक्ति गर्ने नसक्ने गलत मान्यता लगभग स्थापित छ । यसमा सर्वोच्च अदालत र प्रधानन्यायाधीश नेतृत्वको न्याय परिषद् टुलुटुलु हेर्दै बस्ने, मौका पाए हात पार्ने दाउमा रहने गरेको ओपन सेक्रेट हो ।

२०८० चैत १८

# भारतमा कम्युनिस्ट आन्दोलनको सय वर्ष : एक छलफल

✍ समा

*भारतमा कम्युनिस्ट आन्दोलन दबाउन कस्ता षड्यन्त्रहरू भए ? आज भारतका कम्युनिस्टहरू के गर्दै छन् ? भन्ने प्रश्नहरूको जवाफ पुस्तक “100 Years of the Communist Movement in India” मा छ । पुस्तक “भारतमा कम्युनिस्ट आन्दोलनको सय वर्ष” मा भारतको इतिहास छ, इतिहासको सिंहावलोकन छ । कम्युनिस्ट आन्दोलनको सुरुआती दिनहरूदेखि आजको दिनसम्म आइपुग्दा देखापरेका मोडहरू, सैद्धान्तिक मेल–बेमेलहरू, सफलता र असफलताहरूको तस्बीर पुस्तकभित्र छ । बेलायती उपनिवेशको थिलथिलोदेखि आज भाजपाको नवउदारवादी र फासीवादी राज्यव्यवस्थासम्म आइपुग्दा कम्युनिस्टहरूले गरेका सङ्घर्षहरूबारे पुस्तकले सग्लो जानकारी दिन्छ ।*

कम्युनिस्ट आन्दोलनको शताब्दी लामो इतिहास छ भारतको । सन् २०२० अक्टोबर १७ अर्थात् आजभन्दा ४ वर्षअघि नै भारतीय कम्युनिस्टहरूले कम्युनिस्ट आन्दोलनको शत्वार्षिकी मनाए, कम्युनिस्ट आन्दोलनलाई फर्केर हेरे । भारतमा कम्युनिस्ट आन्दोलनको लामो इतिहास अन्याय, अत्याचार, शोषण र दमनविरुद्ध प्रतिरोधको इतिहास हो । समतामूलक समाज र साँचो प्रजातन्त्रका निम्ति लाखौँ क्रान्तिकारी योद्धाहरूले लडेको इतिहास छ । हजारौँ कम्युनिस्ट कार्यकर्ताहरूले राज्य आतङ्क र हिंसाविरुद्ध लड्दालड्दै प्राण आहुती दिएको कालखण्ड छ । भारतको कम्युनिस्ट आन्दोलन कामदारवर्गीय आन्दोलनमात्रमा सीमित थिएन, भारतमा व्याप्त जातीय विभेद, जातप्रथा र सम्पूर्ण अन्यायपूर्ण व्यवस्थाविरुद्ध केन्द्रित थियो ।


किसानहरूको बाहुल्य भएको देश भारतमा किसान आन्दोलनलाई उठाउनु र मलजल गर्नुलाई भारतीय कम्युनिस्टहरूले आफ्नो धर्म ठाने । मानिसले मानिसलाई शोषण गर्ने व्यवस्थाको अन्त्यका लागि समाजवादी बन्दोबस्त स्थापना नगरी सम्भव छैन भन्ने स्पष्ट विचार कम्युनिस्ट आन्दोलनको थियो । समाजवाद हुँदै साम्यवादसम्म पुग्नु नै कम्युनिस्टहरूको उद्देश्य थियो । यद्यपि, भारतमा कम्युनिस्ट आन्दोलनको आरोह अवरोह समीक्षाको विषय जरुर हो ।

भारतीय कम्युनिस्टहरूको जमीन अर्थात् धरातल भारतको सामाजिक आर्थिक र सांस्कृतिक संरचना र वास्तविकता नै हो । साथै अन्तर्राष्ट्रिय मुक्ति आन्दोलन र साम्यवादी समाजको विश्व परिकल्पनासँग भारतको कम्युनिष्ट आन्दोलनलाई बलियोसँग जोड्नु पनि उत्तिकै अपरिहार्य थियो । तसर्थ, भारतीय कम्युनिस्ट आन्दोलन अन्तर्राष्ट्रवादी विचार बोकेर अघि बढ्यो । त्यतिबेला रुसी अक्टोबर समाजवादी क्रान्तिको अमिट प्रभाव भारतीय कम्युनिस्ट आन्दोलनमा पर्‍यो । भारतीय कम्युनिस्टहरू भारतलाई बेलायती उपनिवेशबाट मुक्त गर्न चाहन्थे । देशको स्वतन्त्रताको निम्ति कम्युनिस्ट आन्दोलनको आवश्यकताबोध अन्तर्राष्ट्रिय अनुभव नै हो । मार्क्सवादी विचार र लेनिन नेतृत्वको रुसी अक्टोबर क्रान्ति नै सुरुआतमा भारतको कम्युनिस्ट आन्दोलनको पथप्रदर्शक बन्यो । त्यसपछि भारतमा कम्युनिस्ट आन्दोलन कसरी अघि बढ्यो ? भारतमा कम्युनिस्ट आन्दोलन दबाउन कस्ता षड्यन्त्रहरू भए ? आज भारतका कम्युनिस्टहरू के गर्दै छन् ? भन्ने प्रश्नहरूको जवाफ पुस्तक “100 Years of the Communist Movement in India” मा छ । पुस्तक “भारतमा कम्युनिस्ट आन्दोलनको सय वर्ष” मा भारतको इतिहास छ, इतिहासको सिंहावलोकन छ । कम्युनिस्ट आन्दोलनको सुरुआती दिनहरूदेखि आजको दिनसम्म आइपुग्दा देखापरेका मोडहरू, सैद्धान्तिक मेल–बेमेलहरू, सफलता र असफलताहरूको तस्बीर पुस्तकभित्र छ । बेलायती उपनिवेशको थिलथिलोदेखि आज भाजपाको नवउदारवादी र फासीवादी राज्यव्यवस्थासम्म आइपुग्दा कम्युनिस्टहरूले गरेका सङ्घर्षहरूबारे पुस्तकले सग्लो जानकारी दिन्छ ।

भारतबाट बेलायती साम्राज्यलाई लखेट्न चाहने क्रान्तिकारीहरूलाई सन् १९१७ को रुसी अक्टोबर क्रान्तिले ऊर्जा प्रदान गर्‍यो । भारतीय क्रान्तिकारी एवम् चिन्तक एमएन रोयको अगुवाइमा सन् १९२० अक्टोबर १७ का दिन भारतमा कम्युनिस्ट पार्टीको स्थापना भयो । उनी मेक्सिकन कम्युनिस्ट पार्टीका संस्थापक पनि हुन् । त्यसपछि भारतका विभिन्न ठाउँहरूमा सन् १९२० को दशक कै सुरुआतीमा धमाधम कम्युनिस्ट पार्टीहरू स्थापना गरिए । बम्बईमा एसए डाँगे, कलकत्तामा मुजफर अहमद, मद्रासमा एम जिङगाराभेलु चेत्तियार, लाहोरमा गुलाम हुसेनको नेतृत्वमा कम्युनिस्ट पार्टीको गतिविधि अगाडि बढ्यो । ती समूहहरूले मार्क्सवादी लेनिनवादी विचारमन्थनका गतिविधि तीब्र बनाए । एमएन रोयले सन् १९२५ डिसेम्बर २५ देखि २८ सम्म कानपुरमा भारतीय कम्युनिस्टहरूको खुला सम्मेलन आयोजना गरे । सम्मेलनले कम्युनिस्ट आन्दोलनको हेडक्वाटर बम्बई रहने घोषणा गर्‍यो । त्यो घटना भारतमा कम्युनिस्ट आन्दोलनको सुरुआती कोसेढुङ्गा साबित भयो ।

भारतीय कम्युनिस्टहरूको उद्देश्य नै बेलायती उपनिवेशबाट देशलाई स्वतन्त्र गरी कामदारवर्गका जनतालाई शोषणबाट मुक्त गर्नु थियो । कम्युनिस्ट आन्दोलनका वर्षहरूमा सङ्गठन विस्तार र भूमिगत गतिविधिहरू तिब्र बनाइयो । सन् १९२८ र १९२९ मा आइपुग्दा मजदुर आन्दोलन या हड्तालहरू हुन थाले । बम्बईको टेक्सटायल कारखानाका मजदुरहरू र बङ्गालको रेल्वे मजदुरहरू शोषण र अत्याचारविरुद्ध सडकमा उत्रे । ब्रिटिस शासनविरुद्ध देखिन थालेको जनआन्दोलन दबाउन राज्यसत्ताले कुनै कसर बाँकी छोडेन । तात्कालीन भारतीय राष्ट्रिय काङ्ग्रेस भारतमा कम्युनिस्टहरूको उदयबाट त्रसित थियो । त्यसकारण कम्युनिस्टहरूको नेतृत्वमा भएका मजदुर आन्दोलन दबाउन काङ्ग्रेसले ब्रिटिस प्रशासनलाई सघायो । कम्युनिस्टहरूमाथि एकपछि अर्को षड्यन्त्रहरू हुनथाले । कम्युनिस्ट आन्दोलनलाई कोपिलामै निमोठ्न खोजियो । सन् १९२१ देखि १९३३ सम्म धेरैधेरै कम्युनिस्ट नेता कार्यकर्ता समातिए, कैद गरिए । इतिहासमा सबैभन्दा चर्चा हुने षड्यन्त्र भने मिरट षड्यन्त्र काण्ड (१९२९-१९३३) थियो । सन् १९३४ मा त ब्रिटिस सरकारले भारतमा कम्युनस्टि पार्टीमाथि नै प्रतिबन्ध लगायो ।

उता सोभियत रुस भने समाजवादी व्यवस्था हुर्काउँदै थियो । पुँजीवादी विश्वलाई थिलथिलोमा पारेको महामन्दीको समयमा पनि सोभियत रुस समृद्धिको उकालो चढ्दै थियो । संसारमा मार्क्सवाद र समाजवादको शक्ति उजिल्याउँदै थियो । भारतमा कम्युनिस्ट पार्टी प्रतिबन्ध लगाइए पनि भारतीय




कम्युनिस्टहरूले सोभियत रुसतिर हेरेर भूमिगत रूपमा आन्दोलन अघि बढाउने ऊर्जा बटुले । भारतको काङ्ग्रेसभित्र पनि वामपन्थी खेमा देखापर्‍यो ।

८० प्रतिशत किसान रहेको भारतमा बढ्दो किसान समस्यालाई देखे पनि नदेखेझैँ गर्न सक्ने स्थिति थिएन । किसानको समस्या नै भारतको समस्या हो आजपनि । त्यसकारण, देशलाई पूर्णतः स्वतन्त्र बनाउनुछ भने किसान आन्दोलन उठ्नुपर्छ भन्ने विचार कम्युनिस्टहरूले बोके । मजदुर आन्दोलन यथावत थियो । सङ्घर्षमा युवा विद्यार्थी र बुद्धिजीवीहरूको सहभागितालाई पनि जोड दिइयो । ठूलो सङ्ख्यामा भने किसानहरू उठे । सन् १९३६ तिर अल इन्डिया किसान सभा गठन भयो । साथै अल इन्डिया विद्यार्थी फेडेरेसन, प्रगतिशील लेखक समाजलगायतका सङ्गठनहरू गठन गरिए । ग्रामीण भेगका किसानहरू जमिन्दारहरूबाट प्रताडित थिए, गाउँका साहुमहाजन र सरकारी अफिसरहरूको शोषणमा परेका थिए । किसानहरूसँग जमीन थिएन, साहुको ऋण ब्याजको भारी थियो । त्यसमाथि छुवाछुत व्याप्त थियो, तल्लो भनी हेपिएका जातिलाई एक छाक खानपनि मुस्किल थियो । त्यो परिस्थितिमा क्रान्तिका लागि कम्युनिस्टहरूले अगुवाइ गरे । सन् १९३८ मा ६ लाख र सन् १९३९ अप्रिलमा ८ लाख किसानहरूलाई भेला पारी अखिल भारत किसान सभाले आफ्नो शक्ति प्रदर्शनी गर्‍यो । किसानहरूको त्यो आन्दोलन इतिहासकै सबैभन्दा विशाल र सङ्गठित आन्दोलन थियो । आन्दोलनले जमिन्दारी प्रथाको अन्त्य, जमिन जोत्नेको र किसानी कर्ममा करप्रथा अन्त्यको माग गर्‍यो । त्यतिबेला भारतको काङ्ग्रेस पार्टी भने जमिन्दारहरूको साथमा थियो । काङ्ग्रेसभित्रका दक्षिणपन्थी खेमाले वामपन्थी खेमालाई अलग्याइदियो र इएएस नम्बोदरीपादको नेतृत्वमा भारतीय कम्युनिस्ट पार्टी (सीपीआई) को जन्म भयो । उनी पछि केरालाको पहिलो मुख्यमन्त्री पनि बने ।

सन् १९३९ तिर दोस्रो विश्वयुद्ध चर्कँदै थियो । बेलायतले भारतलाई पनि युद्धमा होम्यो । सीपीआई त्यसको विरोधमा थियो । त्यसपछि बेलायती प्रशासनले सीपीआई नेतृत्वलाई धमाधम समात्न थाल्यो । सन् १९४१ को मे सम्ममा अधिकांश सीपीआई नेता जेलमा पुगे । जर्मनीले सोभियत रुसविरुद्ध युद्ध छेडेपछि भारतमा कम्युनिस्ट आन्दोलनको मोड पनि बदलियो । सम्पूर्ण न्यायप्रेमी जनता जर्मनी नाजी र हिटलरको फासीवादविरुद्ध एक हुन भारतीय कम्युनिस्टहरूले आह्वान गरे । यता देशभित्र भने काङ्ग्रेसले अन्तर्राष्ट्रिय विषय छोडेर भारतमा बेलायती शासकविरुद्ध “भारत छोड” आन्दोलन छेड्यो । कम्युनिस्टहरू भने ‘भारत छोड’ आन्दोलनले फासीवाद विरुद्ध शक्ति कमजोर बनाउँछ भन्दै सोभियत रुसको पक्षमा जनतालाई शिक्षित बनाउन लागिपरे । भारतीय जनतालाई आफ्नै देशमा स्वतन्त्रता चाहिएको थियो । जनता काङ्ग्रेसकै आन्दोलनमा जुटे । त्यसकारण “भारत छोड” आन्दोलन कम्युनिस्ट आन्दोलनविरुद्धको षड्यन्त्र पनि थियो

धेरै कम्युनिस्ट नेताहरूले क्रान्तिको वातावरण नभएसम्म चुनावको उपयोग गरी निर्वाचित क्षेत्रहरूमा जनमुखी काम या सेवा गर्ने बाटो चुने । कम्युनिस्ट आन्दोलनको मोड कम्युनिस्ट नेतृत्वको राज्यहरू गठनपश्चात् पुनः परिवर्तन भएको देखिन्छ । विविध भाषाभाषीको देश भारतमा भाषाकै आधारमा सङ्गठनहरू बलिया या निर्वलियो बन्यो । त्यसलाई मध्यनजर गर्दै कम्युनिस्टहरू अघि बढे । केरला कम्युनिस्टहरूले ऐतिहासिक विजय प्राप्त गरे । आन्द्र प्रदेशको केरलामा सीपिआईले पहिलो विधानसभाव चुनाव जित्यो । सन् १९५७ अप्रिल ५ मा इएमएस नम्बोदरीपादले मुख्यमन्त्रीको कार्यभार सम्हाले । केरलामा कम्युनिस्ट सरकार कामगरीखाने वर्ग र किसानको बलमा बनेको थियो । त्यसकारण जमिन्दारी प्रथा हटाउनु, भूमिसुधार, सामाजिक न्याय केरला सरकारको मूल एजेण्डा थियो । सुरुमै केरलाको विधानसभाले कृषिसम्बन्धी विधेयक ल्यायो जसले किसानलाई जमिनको हक दिलायो ।

भन्ने एउटा दृष्टिकोण छ । पछि कम्युनिस्ट नेताहरू आफैंले यसको समीक्षा गर्दा अन्तर्राष्ट्रिय समर्थन र देशभक्तिपूर्ण आन्दोलनलाई पनि सँगसँगै लान नसक्नु कम्युनिस्ट आन्दोलनको कमजोरी बताए ।

सन् १९४३-१९४४ मा बङ्गाल, ओरिसा, विहार, असाम लगायतका ठाउँमा अत्यन्त डरलाग्दो अनिकाल या भोकमरी छायो जसले ३० लाख भारतीयहरूको ज्यान लियो । त्यो घटनाको जड बेलायती अर्थनीति, नाफातन्त्र र मुद्रास्फीति हो भन्ने विश्लेषण पछि जनता बेलायती उपनिवेशविरुद्ध देशैभरिबाट अझ सङ्गठित बने, आन्दोलन अघि बढ्यो । त्यसको नेतृत्व सीपीआइले गर्‍यो । राष्ट्रिय स्वतन्त्रतासँगै मजदुर किसानहरूको मुक्ति लडाइँ सँगसँगै अघि बढ्यो । लाखौंलाख जनता सडकमा उत्रे । आर्थिक सामाजिक शोषणले शताब्दीदेखि दलनमा परेका जनताको मुक्तिका लागि आन्द्र, तेलङ्गना, तमिलनाडु, केरला र महाराष्ट्रदेखि बङ्गाल, आसाम, त्रिपुरा, कास्मिरसम्म सङ्घर्षको ज्वारभाटा उठ्यो । राज्यसत्ताले अत्यन्त निर्मम दमन गर्न छोडेन ।

तेभागा आन्दोलन इतिहासमा उल्लेखनीय छ । बङ्गालमा भएको तेभागा आन्दोलनले लाखौं किसानहरूलाई आफ्नो हक अधिकारबोध गरायो । अखिल भारत किसान सभाको झन्डामुनि रहेर सन् १९४६ देखि १९५० सम्म तेभागा किसान आन्दोलन अघि बढ्यो । आन्दोलनले जमिन जोत्ने अर्थात् साझेदारलाई ‘तीन भागको दुई भाग’ बाली प्राप्त हुनुपर्ने माग गर्‍यो । तेभागाको अर्थ तीन भाग हो । तेभागा आन्दोलनमा हिन्दु मुस्लिमको एकता बेजोडको थियो । जातीयभन्दा पनि वर्गीय स्वार्थ र एकता प्रधान विषय बन्यो । सो आन्दोलनमा ७३ जना किसानहरूले ज्यान गुमाउनुपर्‍यो ।

तेलङ्गना सैन्य सङ्घर्ष पनि भारतको कम्युनिस्ट आन्दोलनमा महत्त्वपूर्ण मोड हो, कम्युनिस्टहरूले गरेको ठूलो विद्रोहमध्ये एक हो । सन् १९४६ देखि १९५१ सम्म तेलङ्गानामा भएको सो विद्रोह हाइदरावादका निजाम सम्राटको निरङ्कुश शासनविरुद्ध केन्द्रित थियो । भारतमा सबैतिर बेलायती उपनिवेशको सिधै शासन थिएन । धेरै ठाउँमा त्यहाँका राजा, सम्राट, जमिन्दारको माध्यमबाट शासनसत्ता अघि बढाइँदै थियो । हाइदरावाद एउटा दृष्टान्त हो । सङ्घर्ष निजाम सम्राटले लादेको अन्यायपूर्ण करव्यवस्था र भेटी प्रथा (जबर्जस्ती ज्याला नदिई श्रम गराउने प्रथा) विरुद्ध केन्द्रित बन्यो । ३० लाख जनसङ्ख्यासहितको ३ हजार गाउँमा विद्रोह सफल भयो । किसानलाई १० लाख एकर जमीन वितरण गरियो । जबर्जस्ती काम गराउने प्रथा अन्त्य भयो । कामअनुसारको ज्यालाको बन्दोवस्त, शिक्षा, स्वास्थ्य र अन्य सेवाहरू गाउँलेहरूलाई उपलब्ध गराइयो । नाजिम सम्राटले आत्मसमर्पण गर्‍यो । त्यो विद्रोहमा ४ हजार कम्युनिस्ट र किसान सेना मारिए । १० औं हजार आन्दोलनकारीहरूलाई यातनागृह र जेलमा लगियो । शारीरिक र मानसिक यातना दिइयो । त्यस्तै गरी पुन्नाप्रा र भयालारमा भएको विद्रोह पनि निकै महत्त्वपूर्ण विद्रोहमध्ये एक हो । ट्राबनकोर राजा र उनको निरङ्कुशताविरुद्धको कम्युनिस्ट सङ्घर्षको केन्द्र भने केरला बन्यो । ट्राबनकोर राजा अमेरिकी मोडलको राज्यव्यवस्था स्थापित गर्न चाहन्थे । यसरी बेलायती उपनिवेशविरुद्ध कम्युनिस्टहरूले विभिन्न आयाममा सङ्घर्ष गरे ।

सन् १९४७ अगष्ट १५ मा भारत स्वतन्त्र भएपश्चात कम्युनिस्ट आन्दोलनमा केही प्रश्न उठे । भारतलाई भारतीयले नै शासन गर्ने समय त आयो तर नयाँ शासक कस्तो हुन्छ ? नयाँ शासक पनि उपनिवेशवादी शक्तिकै नयाँ रूप त हुने होइन ? शासकवर्ग नै शासनसत्तामा जाने हो भने स्वतन्त्रताको के अर्थ ? अब कम्युनिस्ट आन्दोलन कतातिर जान्छ ? रुसको बाटो जाने कि चीनको बाटो जाने ? कि भारतको आफ्नै बाटो चुन्ने ? यी महत्त्वपूर्ण प्रश्नहरू तेर्सिए । काङ्ग्रेस कम्युनिस्टतिर हेरेर भन्दैथियो- “हामी जाने समाजवाद मै हो ।” तब केही कम्युनिस्ट नेता जवाहरलाल नेहरूको समाजवादमा अल्झे । केही मार्क्सवादी विचारलाई भाँचकुच गर्नेतिर लागे । केहीले सोभियत रुस र चीनको अन्धनक्कलको कुरा गरे । सन् १९६४ सम्म आइपुग्दा भारतीय कम्युनिस्ट पार्टी टुक्रियो । काङ्ग्रेससँग सहकार्य गर्नुपर्छ भन्ने नेताहरूले कम्युनिस्ट पार्टी ( मार्क्सवादी) स्थापना गरे । सशस्त्र क्रान्तिको आवश्यकता छ भन्नेहरूले कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी) बनाए । भारतीय कम्युनिस्ट आन्दोलनका नाम चलेका डाँगे जस्ता नेताले संशोधनवादी लाइनमा गएको पढ्न पाइन्छ । माओवादी नेता चारु मजुम्दारले चीनको बाटो हिँड्ने भन्दै चीनको अध्यक्षलाई अध्यक्ष मान्ने, झण्डा एउटै गर्ने जस्ता प्रस्ताव ल्याएर भारतीय कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाए । यस्ता थुप्रै सैद्धान्तिक असमझदारीहरूको भासमा कम्युनिस्ट आन्दोलन कमजोर बनेको यथार्थ टिठलाग्दो छ ।


धेरै कम्युनिस्ट नेताहरूले क्रान्तिको वातावरण नभएसम्म चुनावको उपयोग गरी निर्वाचित क्षेत्रहरूमा जनमुखी काम या सेवा गर्ने बाटो चुने । कम्युनिस्ट आन्दोलनको मोड कम्युनिस्ट नेतृत्वको राज्यहरू गठनपश्चात् पुनः परिवर्तन भएको देखिन्छ । विविध भाषाभाषीको देश भारतमा भाषाकै आधारमा सङ्गठनहरू बलिया या निर्वलियो बन्यो । त्यसलाई मध्यनजर गर्दै कम्युनिस्टहरू अघि बढे । केरला कम्युनिस्टहरूले ऐतिहासिक विजय प्राप्त गरे । आन्द्र प्रदेशको केरलामा सीपिआईले पहिलो विधानसभाव चुनाव जित्यो । सन् १९५७ अप्रिल ५ मा इएमएस नम्बोदरीपादले मुख्यमन्त्रीको कार्यभार सम्हाले । केरलामा कम्युनिस्ट सरकार कामगरीखाने वर्ग र किसानको बलमा बनेको थियो । त्यसकारण जमिन्दारी प्रथा हटाउनु, भूमिसुधार, सामाजिक न्याय केरला सरकारको मूल एजेण्डा थियो । सुरुमै केरलाको विधानसभाले कृषिसम्बन्धी विधेयक ल्यायो जसले किसानलाई जमिनको हक दिलायो । केरला सरकाले कामदारवर्गका छोराछोरीको शिक्षादीक्षामा लगानी गर्‍यो । जनताको स्वास्थ्य, रोजगारीको सुनिश्चितता प्रदान

*बाँकी पृष्ठ १० मा*

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-१०

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो। यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ। यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जीएसआई) बाट लिइएको हो। यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्र्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो। दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ। पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने डेढ सयभन्दा बढी सन्दर्भ सामग्रीहरू दिइएको छैन। अनुवादक)*




**दक्षिणी गोलार्द्धको गोलबन्दी – ३ : एघार देशको ज्वार वा ऐतिहासिक प्रगति**

यस गोलबन्दीका देशलाई चित्र २७ मा देखाइएको छ। यसका दुई आधार छन् : ती देशलाई सत्ता परिवर्तनको तारो बनाइनु र सार्वजनिकरूपमै साम्राज्यवादविरोधी अडान लिनु। दोस्रो गोलबन्दीपछि यी देशलाई सत्तापरिवर्तनको तारो बनाइएको छ। अथवा, यी देशले साम्राज्यवादी खेमाको स्वार्थविरुद्ध खुलेर प्रतिवाद गरेका छन्।

मजदुर पार्टी (पिटी) को नेतृत्वमा ब्राजिलले र तीनपक्षीय सत्ता गठबन्धन ( यसमा अफ्रिकी राष्ट्रिय कङ्ग्रेस, दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी र दक्षिण अफ्रिकी ट्रेड युनियन कङ्ग्रेस) को नेतृत्वमा दक्षिण अफ्रिकाले प्रगतिशील मुद्दा उठाइरहेका छन्। ब्राजिलले उनासुर (दक्षिण अमेरिकी राष्ट्रसङ्घ, २००८), सेलाक (ल्याटिन अमेरिकी र क्यारेबियाली देशको समुदाय, २०११) र इब्सा संवाद मञ्चजस्ता वैकल्पिक अन्तरसरकारी संस्थाको निर्माणमा नेतृत्व नै गऱ्यो। सन् २००९ मा आएर ब्राजिलले ब्रिक्समा पनि अग्रणी भूमिका खेल्यो। यसैगरी दक्षिण अफ्रिकाले अफ्रिकी सङ्घको निर्माणमा अहम भूमिका खेल्दै छ। यी देशले यदाकदा अन्तर्राष्ट्रिय मामिलामा प्रगतिशील अडान लिँदै आएका छन्। जस्तो अन्तर्राष्ट्रिय मञ्चहरूमा यी देशहरू क्युबाविरुद्ध अमेरिकी नाकाबन्दीको विरोधमा उभिएका छन्। सन् २००८ मा नेपालमा राजतन्त्रको उन्मूलन भयो र वामपन्थी दलहरूको नेतृत्वमा गणतन्त्रको स्थापना भयो। ऐतिहासिकरूपमा किनारमा परेका समुदायहरूको कानुनी र राजनीतिक मुक्तिको बाटोमा अहिले नेपालले फड्को मार्दै छ।

प्यालेस्टिन विगत सात दशकदेखि कब्जा र अतिक्रमणको चङ्गुलमा छ। अल्जेरिया प्यालेस्टिनी जनताको आत्मनिर्णय र स्वाधीनताको पक्षमा दृढतापूर्वक उभिँदै आएको छ। अफ्रिकी सङ्घमा अल्जेरियाले अफ्रिकी एकता तथा आर्थिक विकासको पक्षमा प्रगतिशील अडान लिँदै आएको छ। यहाँ उसको अडान प्रभावशाली मानिन्छ। नाइजरमा जनविद्रोह भएपछि त्यहाँको राजनीतिक सङ्कटको गैरसैनिक समाधान खोजिनुपर्छ भनेर उभिने एकमात्र अफ्रिकी देश अल्जेरिया बन्यो।

यी देशहरूले विश्व पुँजीवादी प्रणालीभित्रै सार्वभौम विकासको बाटो खोज्ने जमर्को गर्दै छन्। यस क्रममा यिनीहरूले अनेक आन्तरिक अन्तर्विरोधको सामना गर्दै छन्। उदाहरणको लागि सन् १९९० को दशकमा दक्षिण अफ्रिकाले जबर्जस्ती धेरै महत्त्वपूर्ण आर्थिक सहुलियत दिनुपऱ्यो। त्यसबेला उसले आफ्नो औद्योगीकरण रोक्नुपऱ्यो र धेरै उद्योग निजीकरण गर्नुपऱ्यो र त्यसले अर्थतन्त्रमा घातक परिणाम ल्यायो। आज ५७ प्रतिशत दक्षिण अफ्रिकीहरू गरिबीको रेखामुनि छन्, ४६ प्रतिशत जनता बेरोजगार छन्। गार्हस्थ उत्पादनमा सन् १९८१ मा माल उत्पादनको योग २५ प्रतिशत थियो। त्यतिबेला दक्षिण अफ्रिकामा रङ्गभेदी शासन थियो। सन् २०२२ मा माल उत्पादनको योग जम्मा १२ प्रतिशत छ।

चीनभन्दा विपरीत यी देशको क्रान्तिकारी सम्भावनालाई कुँज्याइएको छ। अथवा, यी क्रान्ति समाजवादसम्म पुग्न सकेनन्। यद्यपि यी देशले स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय वृत्तमा प्रगतिशील मुद्दा अघि बढाउन खोज्दै छन्। यी देशलाई संरा अमेरिकाले उत्तरी गोलार्द्धको प्रभुत्वको लागि हानिकारक राजनीतिक अडान लिने देश मान्दै खाएको छ। यीमध्ये धेरै देशले अमेरिकाको हस्तक्षेप, बहुपक्षीय हाइब्रिड युद्ध, नाकाबन्दी र सरकार गिराउने खेल भोग्दै आएका छन्। होन्डुरस (सन् २००९), ब्राजिल (सन् २०१६) र बोलिभिया (सन् २०१९) यसखाले हस्तक्षेपका पछिल्ला उदाहरण हुन्। जिम्बाब्वेले आज पनि अमेरिकी आर्थिक प्रतिबन्ध भोग्दै छ।

**दक्षिणी गोलार्द्धको गोलबन्दी ४ : पाँच नयाँ असंलग्न देश**

यस गोलबन्दीका देशलाई चित्र २८ मा देखाइएको छ। यी देशको अर्थतन्त्र सानोतिनो छैन। त्यसैले यिनीहरूको असंलग्नता आर्थिक हो। यी गैरसमाजवादी मुलुकले राजनीतिक मुद्दाको रूपमा असंलग्न आन्दोलन उठाइरहेका भने होइनन्। यीमध्ये धेरै देश आफ्ना पूर्व औपनिवेशिक शासकहरूबाट मुक्त भएको ५० वर्ष नाघिसकेको छ। पूर्व औपनिवेशिक शासकहरूसँगको यिनको आजको सम्बन्ध फरक छ।

आर्थिक रूपमा यी पाँचै असंलग्न देशहरूसँग उल्लेख्य गार्हस्थ उत्पादन छ। (सन् २०२२ मा जीडीपीको हिसाबले यी देश विश्वका ठूला अर्थतन्त्रको सूचीमा परेका थिए।) यी पाँचै देशले स्वतन्त्र अर्थनीति अपनाउँदै आएका छन्।

यी देशलाई संरा अमेरिकाले विदेशी मुद्रा सञ्चिति कुम्ल्याइरहेको र विश्वका ३० प्रतिशत जनता बस्ने देशहरूविरुद्ध आर्थिक प्रतिबन्ध लगाइरहेको थाहा छ। त्यसले गर्दा घातक खतरा निम्तिन सक्ने विषयमा यी देश जानकार छन्। आज विश्वका चार देशमध्ये एउटा देशमाथि राष्ट्रसंघ वा पश्चिमा देशहरूको आर्थिक प्रतिबन्ध छ। जबकि विश्वको कूल गार्हस्थ उत्पादनको २९ प्रतिशत उत्पादन नाकाबन्दीग्रस्त देशमै भइरहेको छ। सन् १९६० को दशकमा यी देशको योग जम्मा ४ प्रतिशत थियो।

राजनीतिक रूपमा यी देश धरमरे अवस्थामा छन्। सैनिक हिसाबले इन्डोनेसिया, टर्की र साउदी अरबले संरा अमेरिकासँग नजिकको सहकार्य गर्दै आएका छन्। साउदी अरब अमेरिकासँग धेरै हातहतियार किन्ने देशमा पर्छ। टर्कीका रिसेप ताइप इर्दोगान पश्चिमाहरूका कम भरपर्दा साझेदार हुन्। यद्यपि टर्की नेटोको सदस्य देश हो।

अन्तर्राष्ट्रिय मञ्चहरूमा यस गोलबन्दी देशहरूले अत्यन्त विरोधाभाषपूर्ण अडान लिँदै आएका छन्। एक हदसम्म यिनीहरूले बिस्तारै पश्चिमा देशहरूसँग घट्दो आर्थिक निर्भरताको नीति अपनाइरहेका छन्। र, केही मुख्य मुद्दामा पश्चिमाहरूको विरोध गर्न तयार छन्।

भारत क्वाडजस्ता अमेरिकी सङ्गठनमा छ। भारले गाजामाथि इजरायली युद्धको सवालमा प्रतिक्रियावादी अडान पनि लियो। यद्यपि युक्रेन युद्धको थालनीदेखि नै भारतले अमेरिकाका केही महत्त्वपूर्ण माग मान्न अस्वीकार गरेको छ। जस्तो, उसले रुसविरुद्ध अमेरिकी प्रतिबन्ध लागु गर्न अस्वीकार गऱ्यो। विदेशमन्त्री एस जयशङ्करले वासिङ्टनको दबाबसामु नदब्ने आफ्नो सरकारको निर्णयको खुलेर प्रतिरक्षा गरे। सन् २०२३ जूनमा सम्पन्न पत्रकार सम्मेलनमा उनले भने, "धेरै अमेरिकीहरूको दिमागमा अझै पनि नेटो सम्झौताको खाका छ।... लाग्छ विश्वलाई यिनीहरूले त्यो कोणबाट मात्र हेर्छन्।... भारतको हकमा त्यो खाका लागु हुन्न।"

भारतीय गुप्तचरी कारबाहीहरूलाई लिएर पहिले क्यानडासँगको द्वन्द्व र अहिले अमेरिकासँगको द्वन्द्वका कारण हाल चीनविरुद्ध भारतको साथ खोज्ने अमेरिकी योजना पेचिलो बन्न पुगेको छ। भारतका ठूला राष्ट्रिय पुँजीपतिले आफ्नो हित हेर्न थालेका छन्।

आर्थिक हितका हिसाबले साउदी अरबले अहिले अमेरिकासामु फरक मत राख्न थालेको छ। साउदी-चीन लगानी बढ्नु (तेल सम्झौतामा चिनियाँ मुद्रा युआनमा भुक्तानी गर्नु) तथा ओपेक प्लसमा रुससँगको साझेदारी प्रयोग गरेर विश्वभरि तेलको भाउ निर्धारित गर्नुबाट साउदी अरबले फरक अडान लिएको देखिन्छ। यद्यपि सन् २०२३ नोभेम्बरमा अरब लीगको शिखर सम्मेलनमा साउदी अरबले अमेरिकी सैनिक अखडा बन्द गर्ने अल्जेरियाली प्रयासलाई रोक्यो; प्यालेस्टिनलाई सैनिक सहायता दिने, इजरायलसँगको व्यापार बहिस्कार गर्ने तथा इजरायल पैठारी हुने तेलका जहाज घटाउने इरानी प्रस्तावलाई साउदी अरबले रोक्यो। यमनविरुद्ध हालै भएको युद्धामा पेन्टागन, सिआइए र साउदी अरब अग्रमोर्चामा रहे। यसले यमनमा हजारौँ जनताको ज्यान गयो। यो युद्धमा अमेरिकी विशेष सुरक्षा बलले साउदी पाइलटहरूलाई बमबारी गर्नुपर्ने स्थानका कोअर्डिनेट वा ठेगाना उपलब्ध गराएको थियो।

इन्डोनेसिया विश्वको सबैभन्दा ठूलो मुसलमान बहुल देश हो। सन् २०१२ र सन् २०२२ बिच त्यहाँको औसत आर्थिक वृद्धिदर ४.२ प्रतिशत रह्यो। यो तथ्याङ्क विश्व बैङ्कको हो।

अन्तर्राष्ट्रिय मुद्राकोषको आँकलनमा सन् २०३० सम्ममा इन्डोनेसिया कूल गार्हस्थ उत्पादनका हिसाबले विश्वको पाँचौँ ठूलो अर्थतन्त्र बन्नेछ। गार्हस्थ उत्पादनमा त्यहाँका सरकारी उद्योगहरूको हिस्सा सन् २०१४ मा ४३ प्रतिशत थियो भने सन् २०१८ मा बढेर ५४ प्रतिशत पुगेको थियो।

सन् २०२० मा इन्डोनेसियाले कच्चा निकेलको निर्यातमा प्रतिबन्ध लगायो। निकेल लिथियम ब्याट्री उत्पादनमा प्रमुख तत्त्व हो। सन् २०२२ मा विश्वभरि भएको निकेल उत्पादनमा इन्डोनेसिया एक्लैको योग ३९ प्रतिशत थियो। उसको कूल निर्यात सन् २०२२ देखि २०२२ सम्ममा १८३ अर्ब डलरबाट ३२३ अर्ब डलर पुगेको थियो।

२०२२ फेब्रुअरी २ मा राजधानी जकार्तामा आयोजित मान्डिरी लगानी गोष्ठीमा राष्ट्रपति जोको विडोडोले चेतावनी दिए, "हामीले संरा अमेरिकाले रुसमाथि थोपरेको आर्थिक प्रतिबन्धलाई सम्झिनुपर्छ। भिजा र मास्टरकार्ड समस्या बन्न सक्छन्।" उनले भने, "हामीले आफ्नै माध्यम प्रयोग गऱ्यौँ भने र अहिले त मन्त्रीदेखि लिएर नगर सरकारका स्थानीय प्रशासक सबैले यसै गर्दै छन्। यति भए पनि हामी अझ बढी सुरक्षित हुन सक्छौँ।" यद्यपि सन् २०२३ नोभेम्बरमा अमेरिका र इन्डोनेसियाबिच आपसी सम्बन्ध बढाएर विस्तृत रणनीतिक साझेदारीसम्म पुऱ्याउनेगरी एउटा सम्झौता भएको छ। जब कि अमेरिकाले कुनै बेला ५ लाखभन्दा बढी इन्डोनेसियाली कम्युनिस्टहरूलाई मार्न र यातना दिन सक्रिय भूमिका खेलेको थियो।

सन् २०२३ मा इन्डोनेसियाले ब्रिक्समा संलग्न हुन दिएको आवेदन फिर्ता लियो र ओइसिडीको सदस्य बन्न सार्वजनिक चासो जाहेर गऱ्यो।

सन् १८४६ मेक्सिकोमा उदाउँदो अमेरिकी साम्राज्यवादले पयर जमायो। अन्तर्राष्ट्रिय कानुनका दृष्टिले त्यो एउटा आक्रमणकारी कदम थियो। शान्तिको बदलामा अमेरिकाले मेक्सिकोसँग आधा भूभाग माग्यो। यसरी नयाँ मेक्सिको र संरा अमेरिकाबिचको ऐतिहासिक सिमारेखा कोरिएको थियो। अमेरिकाले जबर्जस्ती र नियोजित रूपमै त्यो रेखा बनाएको थियो। अर्कोतिर मेक्सिकोका ऐतिहासिक जरा उपनिवेशवादविरोधी छन्। संस्कृतिको हिसाबले मेक्सिको आदिवासी हो भने आधुनिक इतिहास निरन्तर साम्राज्यवादविरोधी छ। मेक्सिको र अमेरिकाको जटिल अन्तर्निभरताबारे धेरै विश्लेषण भएको छैन। जस्तो, जनसङ्ख्या, संस्कृति, अर्थतन्त्रबारे कम अध्ययन छ। बरु अमेरिकी प्रभत्वको सम्भाव्यताको कोणबाट भूराजनीतिक सुरक्षामा बढी चासो दिइँदै आएको छ।

लोपेज ओब्राडोरको सरकारले अनेक तह र तप्कामा नवउदारवादी सुधारविरुद्ध मन्द प्रतिकार हो। यो सरकार मेक्सिकाली सामाजिक आन्दोलनको एउटा प्रयास हो। सम्पूर्ण रणनीतिक स्रोतसाधनलाई सार्वजनिक सम्पत्तिमा ल्याउन विशेष ध्यान दिइएको छ। यसको लागि नयाँ भूमिसुधार ल्याइयो र भूमिलाई सामाजिक सम्पत्तिमा पुनः स्थापित गरियो। हालको मेक्सिकाली भूमिसुधार कानुनले देशको कूल ५०.६ प्रतिशत भूमिलाई सामुदायिक सम्पत्ति घोषणा गरेको छ। यो भूमिकिसान र आदिवासी समुदायलाई सुम्पिएको छ। (आदिवासी समुदाय ९ करोड ९७ लाख हेक्टर भूमिमा छरिएका २९,८०३ कृषि कम्युनमा बसोबास गर्दै आएका छन्।) यद्यपि सन् २०२० मा सम्पन्न संरा अमेरिका-मेक्सिको-क्यानडा सम्झौता (युएसएमसिए, पहिले यसलाई उत्तर अमेरिका खुला व्यापार सम्झौता भनिन्थ्यो) उदाउँदो दक्षिणी गोलार्द्धको राजनीतिक धारणामा समाहित भएर अर्थतन्त्रलाई अलग राख्ने मेक्सिकाली प्रयासमा बाधक बनिरहेको छ। सन् २०२३ जूनमा अमेरिकाले 'युएसएमसीए' का प्रावधान लगाएर राष्ट्रपतिको अध्यादेशलाई रद्द गर्न लगायो। मेक्सिकाली राष्ट्रपतिले एक

**बाँकी पृष्ठ ९ मा**

| Country | General | | | | | Colonial History | | |
|---|---|---|---|---|---|---|---|---|
| | UNyr. joined | Population (mil.) | GDP (PPP)(bn.) | Growth Rate 10 yr. annual moving avg. | GDP (PPP) per capita | ColonialStatus | Main colonial Powers | Year of Independence |
| Brazil | 1945 | 215 | 3837 | 0.005 | 18897 | Colony | Portugal | 1822 |
| Colombia | 1945 | 52 | 966 | 0.032 | 18720 | Colony | Spain | 1819 |
| South Africa | 1945 | 60 | 953 | 0.009 | 15728 | Colony | UK | 1931 |
| Algeria | 1962 | 45 | 584 | 0.018 | 12900 | Colony | France | 1962 |
| Nepal | 1955 | 31 | 144 | 0.045 | 4787 | Independent | | |
| Bolivia | 1945 | 12 | 119 | 0.032 | 9936 | Colony | Spain | 1825 |
| Honduras | 1945 | 10 | 70 | 0.031 | 6832 | Colony | Spain | 1821 |
| Nicaragua | 1945 | 7 | 48 | 0.029 | 7229 | Colony | Spain | 1821 |
| Zimbabwe | 1980 | 16 | 41 | 0.016 | 2603 | Colony | UK | 1980 |
| Palestine | | 5 | 34 | 0.019 | 6364 | Colony | Israel, UK | |
| Namibia | 1990 | 3 | 29 | 0.014 | 11080 | Colony | Germany, S. Africa | 1990 |
| Total | | 456 | 6826 | | 15397 | 10 Col | | |
| **Percentage of World** | | **0.057** | **0.042** | | | | | |

*Source: Global South Insights elaboration based on UN, IMF*

# असान्जले साम्राज्यवादबारे जे सिकाए

✍ क्लोइ ज्याफर्टी




सत्यले मात्र हामीलाई मुक्त गर्दैन जस्तो छ। पुँजीवादी समाजमा सत्यले हामीलाई बन्द कोठामा थुन्न सक्छ। जुलियन असान्जसँग यस्तै भयो। सत्तासामु उभिएर सत्य बोल्दा उनी थुनिनुपर्‍यो।

आज विकिलिक्सका संस्थापक बेलायतको कुख्यात बेल्मार्स कारागारमा पिल्सिँदै छन्। उनी संरा अमेरिकामा सुपर्दगी गरिने मिति कुर्दै छन्। अमेरिकामा उनीमाथि लगाइएको आरोप पुष्टि भएको खण्डमा उनलाई १७५ वर्ष कैद सजाय हुनेछ। उनीमाथि १८ आरोप छन्। यसमध्ये १७ गुप्तचरीसँग सम्बन्धित छन्। सन् २०१० मा लाखौं गुप्त दस्तावेजहरू प्रकाशमा ल्याएको भनेर असान्जमाथि यी आरोप लगाइएका हुन्। आरोप प्रमाणित भएमा उनी पनि समाजवादी नेता युजिन डेब्स, अराजकतावादी नेतृ एम्मा गोल्डमेन र विकिलिक्सकै विसलब्लोअर वा सचेतक चेल्सी मानिङको अवस्थामा पुग्नेछन्। युद्धको विरोध गरेको हुनाले यी तीनैजनालाई अमेरिकी कानुन 'गुप्तचरी ऐन १९१७' को सिकार बनाइएको थियो।

असान्जकी पत्नी अधिवक्ता स्टेला असान्जले आफ्ना पतिलाई अमेरिका सुपुर्दगी गर्नु मृत्युदण्ड दिनुबराबर भएको बताएकी छिन्। असान्ज शारीरिक र मानसिकरूपमा नष्ट जीर्ण भइसकेका छन्। उनले अधिकतम निगरानी हुने बेल्मार्स कारागारमा पाँच वर्ष बिताइसकेका छन्। बेल्मार्सलाई बेलायतको ग्वान्टानामो खाडी भनिन्छ। त्यहाँ धेरै कैदीलाई दिनको २२ घन्टा एकान्त कालकोठरीमा राखिन्छ।

पत्रकारिता गर्नु नै असान्जको अपराध बन्यो। असान्ज र विकिलिक्सले संरा अमेरिका र उसका साझेदार देशहरूले 'आतङ्कवादविरोधी युद्ध' को नाममा गरेका युद्ध अपराध र रचेका झूटहरूलाई उदाङ्ग्याए। संसारभरिका बाँकी सबै मिडियाले गरेभन्दा धेरै खुलासा एक्लै असान्जले गरे। उनले हजारौँ चुहावट भएका पत्राचार, यातना निर्देशिका, गुप्त सैन्य प्रतिवेदन र युद्धग्रस्त क्षेत्रमा सर्वसाधारणको हत्या गरिएका फुटेजहरू बाहिर ल्याए।

विकिलिक्सले सार्वजनिक गरेको सबैभन्दा बढी हेरिएको भिडियो 'कोलेटरल मर्डर' थियो। यो फुटेज सन् २००७ मा इराकको राजधानी बगदादमा एउटा अपाचे हेलिकप्टरबाट खिचिएको थियो। त्यसमा दुई अमेरिकी सैन्य अधिकारीको कुराकानी देखाइएको छ। तिनीहरूलाई इराकीहरूको एउटा समूहमाथि अन्धाधुन्ध गोली हान्न अनुमति दिइएको थियो। अमेरिकी अधिकारी आदेश दिन्छन् :

तिनीहरू सबैलाई नष्ट गर।
गोली हानिराख। हानिराख।
हेर-हेर यी मठ्यालासलाई।
*राम्रो।*

त्यो हवाई हमलामा सात सर्वसाधारण इराकीहरू मारिए। तीमध्ये दुईजना रोयटर्सका पत्रकार थिए। घाइतेहरूलाई सघाउन खोज्दा अमेरिकी सिपाहीहरूलाई तिनीहरूमाथि गोली चलाउन आदेश दिइएको थियो। यसपालि घाइतेहरूलाई सघाउन छोडेका दुई वयस्क सर्वसाधारणको हत्या गरियो र तिनीहरूसँगै तिनका दुई बालबच्चा पनि मारिए।

'कोलेटरल मर्डर' एउटा झलकमात्र थियो। यद्यपि, इराक कब्जा गर्दा सर्वसाधारण जनताको हत्या कति साधारण थियो भन्ने त्यसबाट स्पष्ट भयो।

सन् २०१० मा विकिलिक्सले अमेरिकी सुरक्षा घेराभित्र थुनामा रहेका इराकी बन्दीहरूलाई कुटपिट गरिएको, आगो झोसिएको र कोर्रा लगाइएको खुल्ने हजारौँ दस्तावेज सार्वजनिक गर्‍यो। सन् २००७ जूनमा अमेरिकी सैनिकहरूले दिएको प्रतिवेदनमा लेखिएको थियो, "एउटा पीडितलाई मोसुल जनरल अस्पतालमा सघन उपचार गरिएको थियो। उपचारका क्रममा उसको दाहिने खुट्टा, देब्रे खुट्टाका केही औँला र दुवै हातका केही औँलालाई चक्कुले तलैबाट काटियो। रसायन वा एसिडले शरीरको धेरै भाग जलेको थियो भने छाला कुहिएको थियो।"

अर्को खुलासामा ग्वान्टानामो खाडीको अमेरिकी कारागारको निर्देशिका थियो। त्यसमा अमेरिकी सेनाले केही कैदीलाई रेडक्रसका निरीक्षकको आँखाबाट लुकाइरहेको र केही नयाँ कैदीलाई दुई हप्तासम्म एकान्त कालकोठरीमा राखेर निरीक्षकहरूलाई देखाउन निकाल्ने गरिएको उल्लेख थियो।

सन् २०१० मा विकिलिक्सले अफगान युद्ध विवरण सार्वजनिक गर्‍यो। त्यसमा ९१ हजार गुप्त दस्तावेज थिए। त्यसबाट अमेरिकी सेनाले बताएभन्दा धेरै अफगानी सर्वसाधारण मारिएको खुलासा भयो। सन् २००७ को एउटा घटनामा अमेरिकी विशेष दस्ताले 'उच्चस्तरीय व्यक्ति' बास बसिरहेको भनेर एउटा घरको हाताभित्र २ हजार पाउन्ड बम खसालेको थियो। अमेरिकी सेनाका वरिष्ठ कमान्डरले त्यस घटनामा १५० तालिबान लडाकाहरू मारिएको बताए। तर, विकिलिक्सका दस्तावेजहरूबाट त्यसमा कम्तीमा ३०० सर्वसाधारणको मृत्यु भएको देखियो। असान्जले 'अफगान फाइल्स' मा टिप्पणी लेखे, "युद्धकै समयमा प्रकाशित भएको युद्धको सबैभन्दा विस्तृत इतिहास।"

विकिलिक्स यमनमा साउदी अरबको हस्तक्षेपमा अमेरिकाले दिएको वित्तीय र सैन्य सहायता उदाङ्ग्याउने पहिलो मिडिया पनि बन्यो। 'यमन फाइल्स' ले मध्यपूर्वको गरिबतम् मुलुकमा अमेरिकी खुफिया सैन्य संलग्नताको वास्तविक आकार प्रकाशमा ल्यायो। एउटा सन्देशमा यमनका राष्ट्रपति अलि अब्दुल्लाह सालेहले अमेरिकी राजदूतलाई भन्छन्, "हामीले यी बम तपाईँहरूको नभई हाम्रा हुन् भनिरहनेछौँ।" यी तथ्य सामान्य ज्ञान बन्नुभन्दा धेरै पहिले नै विकिलिक्सले अमेरिकाले यमनमा प्रयोग गर्नका लागि साउदी अरबमा जहाजका जहाज हातहतियार पठाएको खुलासा गरेको थियो। यद्यपि, अमेरिकाले यमन द्वन्द्वमा आफ्नो संलग्नता नरहेको बताउन छोडेन।

मूलधारका मिडियाले विकिलिक्सका खुलासाहरूबाट अकूत नाफा कमाए। तर, असान्जलाई दुःख पर्दा बेवारिसे छोडे। उनको पत्रकारिताले अमेरिकी गुप्तचर र तिनका सहयोगीहरूलाई खतरामा पारेको अपुष्ट दाबीमा मूलधारे मिडियाले होमा हो मिलाए। पोहोर साल 'सिड्नी मर्निङ हेराल्ड' ले आफ्नो सम्पादकीयमा जुलियनको 'लापरबाही' ले उनलाई 'आफैँले खनेको रसातलमा फसाएको' लेख्यो।

समय बित्दै जाँदा अस्ट्रेलियाका धेरै समाचार माध्यम असान्जलाई अस्ट्रेलिया फर्काउनुपर्ने पक्षमा उभिएका छन्। उनले उदाङ्ग्याएका धेरै शक्तिशाली व्यक्तिहरू अहिले सत्तामा छैनन्। त्यसैले उनको पक्षमा आवाज चर्किएको हो। तर, धेरैजसो मिडियाले अझै पनि असान्जलाई आफूजस्तै पत्रकार नमानी प्रतिशोध साँध्ने ह्याकर ठानेका छन्। एक हदसम्म तिनीहरूको ठम्याइ ठिकै हो। असान्ज र चेल्सी मानिङजस्ता विकिलिक्सका केही स्रोतव्यक्तिले त्यही गरे जुन 'गार्जियन' र 'वासिङ्टन पोस्ट' जस्ता साधनसम्पन्न उदारवादी पत्रपत्रिकाले चाहेका थिएनन्। तिनीहरूले अमेरिकाको साम्राज्यवादका गुप्त कुरा प्रकाशित गर्थे। तर, अमेरिकी सेनाको विश्वसनीयतामाथि प्रहार गर्नेमा तिनीहरूको चासो हुन्नथ्यो। यसले गर्दा ती कार्यमा संलग्न अधिकारीहरूको करियर वा सत्ताको सिँढी उक्लिने तिनीहरूको क्षमतामा ह्रास आउन्नथ्यो।

यतिबेला गाजामा इजरायली आक्रमणको विरोधमा ट्वीट गर्दा एबीसी रेडियोका प्रस्तोताहरूलाई हप्कीदप्की गरिएको छ। मध्यपूर्वमा संरा अमेरिकाले ठुला युद्ध गरिरहेको बेला मिडियाले दर्ज गरेका तथ्यहरू सम्झिनु समयसान्दर्भिक हुन्छ।

ब्राउन विश्वविद्यालयले गत वर्ष जारी गरेको प्रतिवेदनमा 'आतङ्कवादविरोधी युद्ध' मा ४५ देखि ४६ लाख मानिस मारिएका थिए। सुरु सुरुमा अमेरिकी साम्राज्य र अस्ट्रेलियाजस्ता उसको अनुचर साझेदारहरूले आफूप्रति बफादार र सहयोगी मिडियाको भरमा सजिलै आफूले गरेका अत्याचारहरूबाट छुटकारा पाउँथे।

त्यो युद्धको आरम्भमै एउटा नौलो आविष्कार गरिएको थियो। त्यो आविष्कार थियो - 'साँठगाँठे पत्रकारिता'। सेनाको विशेष दस्तामा युद्धपत्रकार लग्न थालियो। घरभित्रकै पत्रकार भएपछि आम मानिसमा भ्रम छर्न सजिलो भयो। सन् २००३ मा इराक युद्धको आरम्भमै साँठगाँठे पत्रकारको रूपमा ७७५ सम्वाददाता र फोटोपत्रकार खटिएका थिए। अमेरिकी सेनाले किन यो अभ्यास थाल्यो भन्ने प्रश्नको जवाफमा अमेरिकी जलसेनाका लेफ्टिनेन्ट कर्नेल रिक लङले दिएको जवाफ अचम्मै इमानदार रह्यो। उनले भने, "लुकाउनुपर्ने कुरा केही छैन, हाम्रो काम युद्ध जित्नु हो। आंशिकरूपमा यो सूचनायुद्ध पनि हो। यसकारण, हामीले सूचना परिदृश्यमा हावी हुन प्रयास गर्नेछौँ।"

असान्जको पत्रकारिता र त्यसपछि उनीमाथि भएको अदालती कारबाहीले पश्चिमा प्रजातन्त्रको अन्तर कति खोक्रो छ भन्ने प्रस्ट पारेको छ। हाम्रा शासकहरू लोकतन्त्र, पारदर्शिता, जवाफदेहिता, वाक स्वतन्त्रता र मानव अधिकारजस्ता मूल्यमान्यताको महिमा गाएर थाक्दैनन्। तर, यी सबै मान्यता निःसर्त नभई साम्राज्य विस्तार गर्ने उद्देश्यप्रति समर्पित रहेछन्। साम्राज्य विस्तार राजनीतिक र कर्पोरेट स्वार्थसिद्धिकै अर्को रूप हो।

पश्चिमा देशहरूले फरक मतलाई दबाउन साँठगाँठ गर्छन् र यस कार्यमा संलग्नहरूलाई नायकको रूपमा उभ्याउँछन्। तर, आफ्ना प्रतिस्पर्धीहरूले त्यही काम गरे त्यसको खेदो खन्छन्। पुटिनका आलोचक अलेक्सेइ नाभाल्नी आर्कटिक कारागारमा मृत अवस्थामा फेला परे। रुसी अधिकारीहरूले 'आकस्मिक मृत्यु सिन्ड्रोम' का कारण उनी मरेको बताए। यति भएपछि बाइडेनलाई पुगिहाल्यो। तुरुन्तै बाइडेनले नैतिक आक्रोश पोखे र पुटिनलाई त्यस मृत्युको दोषी ठहर्‍याए। बाइडेनले अमेरिकी संसद्मा राष्ट्रपतिले दिने वार्षिक मन्तव्यको साटो नाभाल्नीकी विधवा पत्नीलाई सम्बोधन गर्न निम्तो नै दिए। नाभाल्नीकी पत्नीले सही निर्णय लिइन् र बाइडेनको निम्तो अस्वीकार गरिन्।

बाइडेनको पाखण्डको कुनै सीमा छैन। आज अमेरिकाले एकातिर गाजाका बालबच्चालाई भोकभोकै मार्दै छ भने उति नै बेला ती गाजावासीलाई मानव अधिकारको कुरा गर्ने अधिकार छैन भन्दै छ। सन् २०२१ मा अमेरिकाका एक पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकारले एउटा गुप्त कुरा खोले। अमेरिकाको केन्द्रीय गुप्तचर निकाय सीआईएका उच्च अधिकारीहरूले इक्वेडरको सरकारलाई लगाएर लन्डनस्थित इक्वेडरको दूतावासबाट असान्जलाई गलहत्याउने योजना पूरा नभए असान्जको हत्या नै गर्ने योजना बुनेका रहेछन्। संसारका अन्य देशले यस्तो काम गरेको भए 'चरित्रवान्' बन्दै अमेरिका कुर्लिहाल्ने थियो।

असान्जको दुरावस्थाको लागि अस्ट्रेलियाका शासक खलक पनि जिम्मेवार छन्। संरा अमेरिकासँगको गठबन्धनको अगाडि असान्जको अस्ट्रेलियाली नागरिकताको कुनै अर्थ रहेन। अस्ट्रेलियाको सङ्घीय संसद्ले हालै बेलायत र संरा अमेरिकासँग 'विषय टुङ्ग्याएर श्री असान्जलाई घर फर्किने वातावरण' बनाउन आग्रह गर्ने गरी एउटा मुख लुकाउने प्रस्ताव पारित गर्‍यो। चुत्थो दन्तबजानलाई एकातिर राख्दै प्रधानमन्त्री अल्बानिजले बाइडेन सरकारलाई यस विषयमा दबाब नदिने जनाएका छन्।

एबीसीको 'इन्साइडर' कार्यक्रममा प्रम अल्बानिजलाई असान्जमाथि लगाइएको आरोप रद्द गर्न बाइडेनसँग कुरा गर्नुपर्ने समय आएको छ कि छैन भनी सोधियो। त्यसमा उनले 'छैन' भने।

अस्ट्रेलियाको शासक वर्ग आफू एकातिर पन्छिएर अमेरिकालाई दुनियाँ तर्साउन असान्जलाई नमुना बनाउन दिन पाएकोमा खुसी छ। त्यसै पनि अस्ट्रेलियाको संसद्ले सचेतकविरोधी र निगरानी ऐन पास गरेको छ। यो अमेरिकामा राष्ट्रपति बुशले ल्याएको 'देशभक्ति ऐन' जस्तै कानुन हो। अस्ट्रेलिया इराक र अफगानिस्तानमा आफूले गरेका अपराधहरू लुकाउन र अर्को युद्धको तयारीमा मन लगाउन उद्यत छ। अस्ट्रेलियाको प्रहरी अहिले 'अफगान फाइल्स' का दस्तावेज बाहिर चुहाउने एबीसीका पत्रकारहरूको खानतलासी गर्नमा तल्लीन छ। ती दस्तावेजले अस्ट्रेलियाली सैनिक बेन रोबर्ट्स-स्मीथ र उनका भरौटेहरूका युद्धअपराध उदङ्ग्याएका थिए।

खुफिया रहस्य र झूटबेगर पुँजीवादले काम गर्न सक्दैन। पुँजीवाद ठुलो आकारको हिंसामा निर्भर रहन्छ। नाफा र बजारसम्मको पहुँचका लागि अनेक राज्यहरू निरन्तर होडबाजीमा हुन्छन्। यसको लागि पुँजीवादमा हिंसा अनिवार्य छ। इराकमाथिको युद्ध झूटबाटै सुरु भएको थियो। बुश सरकारले सद्दाम हुसेनसँग आमनरसंहारकारी हतियार छ भन्ने झूटो हल्ला फैलायो। बेलायत र अस्ट्रेलियाजस्ता उसका आसेपासेहरूले त्यही झूट भट्याए। त्यसपछि युद्ध सुरु भयो। अपहरण र यातना 'मानवीय व्यवहार' बने, आमहत्यालाई 'दिल-दिमाग जितेको' भनियो, हमला र कब्जालाई 'सत्ता परिवर्तन', 'मुक्ति' र 'लोकतन्त्र ल्याएको' भनियो। मूलधारका प्रायः सबै मिडियाले यिनै झूट फलाके; प्रचार गरे। तिनीहरूभन्दा फरक असान्जले त्यसबारेमा सत्य बोले। यसैकारण, उनले ठुलो मूल्य चुकाउँदै छन्। उनी हाम्रो पूर्ण समर्थनको हकदार छन्।

***(एमआर अनलाइनबाट ।)***

***अनुवाद : सम्यक***



# जलस्रोतको धनी नेपाल : बिजुलीमा भारत निर्भर !

काठमाडौँ । पञ्चायत र बहुदलका सरकारहरूले नेपाललाई भारत निर्भर बनाएको परिणाम नेपाली जनताले थप दुःख पाउँदै छन् । नेपाल विद्युत् प्राधिकरणमा दोहोऱ्याई तेहेऱ्याई कार्यकारी प्रमुखमा नियुक्ति भएका कुलमान घिसिङले नेपाललाई लोडसेडिङ मुक्त गरेको पगरी गुथ्यो । भारतले नेपाललाई बेचिरहेको ६०० मेगावाट बिजुलीबारे आनाकानी गरेपछि कार्यकारी प्रमुख घिसिङ र उनलाई नियुक्ति गरेका प्रधानमन्त्री पुष्पकमल दाहालको झूट उदाङ्गिँदैछ । भारतीय प्रधानमन्त्री मोदीले निर्वाचनमा भारतीय जनताको मत लिनु परेको हुँदा नेपाललाई ६०० मेगावाट बिजुली बन्द हुने सङ्केत गरे । नेपालले भारतसँग किनिरहेको ६०० मेगावाट बिजुली प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने सम्झौता छ । यही चैत १८ गतेसम्म सम्झौता नवीकरण नभए नेपालमा चैत १९ गतेदेखि लोडसेडिङ हुनेछ । यसको मार सर्वसाधारण जनता हुनेछन् ।

ऊर्जासचिव गोपाल सिग्देलले उनका भारतीय समकक्षी पंकज अग्रवाललाई फोनमार्फत बिजुली बिक्री नरोक्न आग्रह गरे । भारतीय ऊर्जा सचिव अग्रवालले चुनावको व्यस्तताको कारण निर्णय हुन नसकेको र सोलार तथा अन्य स्रोतबाट बिजुली दिनेबारे छलफल भइरहेको बताए । नेपालको जलस्रोत कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण, फुकोट कर्णाली, मुगु कर्णाली भारतलाई दिने प्रधानमन्त्री र मन्त्रीहरू नै यो स्थिति आउनुमा दोषी छन् । एमाले-माओवादीको दाहाल सरकारले काठमाडौँस्थित भारतीय दूतावासमार्फत आफ्नो चासो व्यक्त गऱ्यो । अहिले नेपालका शासक दलहरूको अवस्था 'किन रोइस् मङ्गले आफ्नै ढङ्गले' जस्तै छ ।

नेपालको राजस्वले चालु खर्चमात्रै धान्ने अवस्था छ । पञ्चायती सरकारको विरोध गरी सत्तामा गएका शासक दलहरूले विकास खर्चका लागि आन्तरिक र वैदेशिक ऋण सहायता ल्याउँदै छ । शासक दलहरू नेपालमा पर्याप्त स्रोत नभएको दाबी गरी ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाउँदै छन् । नेपाली युवालाई नेपालमै रोजगारी नभएसम्म नेपाली जनताको समृद्धि सम्भव छैन । नेका, एमाले र माओवादीका नेताहरूले बोल्दैमा देश समृद्धि हुने होइन ।

सरकारले आउने वैशाख १६ र १७ गते अन्तर्राष्ट्रिय लगानीकर्तालाई बोलाएर काठमाडौँमा लगानी सम्मेलन गर्दै छ । लगानी सम्मेलनको अर्थ विदेशीलाई नेपालमा शोषण गर्न बोलाउनु हो र विदेशी लगानीले नेपाललाई नवउपनिवेश बनाउनु हो । सरकारले बेलायती सहयोग नियोग (फिच) लाई कन्ट्री रेटिङ गर्न जिम्मा दिएको थियो । तर, फिचलाई प्रविधिक सहयोग गर्ने स्ट्यान्डर्ड चार्टर्ड बैङ्कसँग कार्यक्षेत्रमा विवाद हुँदा रेटिङ कार्य भएको छैन । कन्ट्रि रेटिङले देशको राजनीतिक, आर्थिक, रणनीतिक सबै कारणले परेका समस्या देखाउने दाबी गरिएको छ । तर, समस्या उत्पादनका साधन र सेवामा मुट्ठीभरका व्यक्तिहरूको कब्जा नै हो ।

विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठनले नेपालका शासकहरूलाई आफ्नो अनुकूल अर्थतन्त्रको योजना बनाउन लगाउँदै छन् । यी अन्तर्राष्ट्रिय संस्थाहरू युरोपेली र अमेरिकी साम्राज्यवादका हतियार हुन् । सरकारमा गएका नेताहरूले नेपालको सार्वजनिक ऋण २४ खर्ब रूपैयाँ पुऱ्याए भने बजेटघाटा २-३ खर्ब पुग्दै छ र व्यापारघाटा पनि १६-१७ खर्ब पुग्दै छ । शासक दलहरूले नेपालको नदीनाला भारतलाई नदिई जलविद्युत् उत्पादन गरेको भए यति धेरै व्यापार घाटा हुने थिएन । भारतले बिजुली बिक्री नगरे नेपाल पुनः अँध्यारो हुनेछ । यसकारण, सरकारले आफ्नै लगानीमा बिजुली उत्पादन गर्नु जरुरी छ ।

# 'केटीहरू' बुलेटिनबारे अन्तरक्रिया

दैलेख । नेपाल क्रान्तिकारी महिला सङ्घ चामुण्डा बिन्द्रासैनी नगर समितिको आयोजनामा नेक्रामसङ्घको मुखपत्र 'केटीहरू' बुलेटिनको अन्तरक्रिया कार्यक्रम शनिबार जम्बुकाँधमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले महिलाहरूले अध्ययनलाई जोड दिनुपर्ने र आत्मनिर्भर हुन विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शासक दलका महिला सङ्गठनहरूले सामन्त र पुँजीपतिवर्गकै पृष्ठपोषण गरिरहेको उल्लेख गर्दै उहाँले नेक्रामहिला सङ्घका सदस्यहरू वर्गीयरूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

पार्टी नगर समितिका अध्यक्ष निरकबहादुर शाहीले महिलाहरू सङ्गठित भएर शोषकविरुद्ध आवाज उठाउनुका साथै अध्ययनलाई जोड दिन आग्रह गर्नुभयो ।

नेक्रामसङ्घ नगर समितिका उपाध्यक्ष नैना शाहीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा शान्ति शर्माले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा धनकुमारी शाही, अमृता शाही, विन्दु विक, ममता हमाल, जयकला विक, लक्ष्मी शाहीलगायतले पत्रिकाबारे बोल्नुभएको थियो ।

# १५६ औँ गोर्की जयन्ती

कैलाली । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कैलालीको आयोजनामा मेक्सिम गोर्कीको १५६ औँ जन्मजयन्तीको अवसरमा पुस्तक अध्ययन गोष्ठी तथा प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले समाजवादी क्रान्ति सफल पार्नको लागि राजनैतिक, आर्थिक, सामाजिक, साहित्यिक र सांस्कृतिकरूपमा पार्टी कार्यकर्ताले सुझबुझका साथ अगाडि बढ्नुपर्दछ भन्नुभयो ।

उहाँले पार्टी कार्यकर्ताहरू अध्ययनशील हुनुपर्ने उल्लेख गर्दै आफूले अध्ययन गरेको विषय गाउँ गाउँका मजदुर र किसानलाई बुझाउनुपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घ कैलालीका अध्यक्ष गुप्तबहादुर शाहीले महान् साहित्यकार गोर्कीको जीवनीबारे प्रशिक्षण दिँदै गोर्कीको २८ मार्च १८६८ रसियामा गरिब परिवारमा जन्मिनुभएको र उहाँको बुबा अरुको घरमा सफा गर्ने काम गर्नुहुन्थ्यो भन्नुभयो ।

उहाँले भन्नुभयो, गोर्की ४ वर्षको हुँदा बुबाको मृत्यु भयो । ७ वर्षको हुँदा आमाले अर्कोसँग विवाह गर्नुभयो । उहाँ मामाघरमा हजुरआमा बुबासँग बस्नुभयो । हजुरबुबाको खराब आचरणको कारण ८ वर्षको उमेरमा घर छोडेर उनलाई आफ्नो व्यवस्था आफै गर्ने बाध्यता भयो । उनी कामको खोजीमा कम्युनिस्टहरूको सङ्गतमा पुगे जहाँ उनको भेट लेनिनसँग भएको थियो ।

उहाँले मेक्सिम गोर्कीका लेख रचनाहरू कामदारवर्गको निम्ति र जार



शासनको विरुद्धमा हुने भएकोले आफ्नो लेख रचनामार्फत सोभियत सङ्घमा समाजवादी व्यवस्था ल्याउन ठूलो भूमिका निभाउनुभएको थियो भन्नुभयो ।

कार्यक्रममा नेक्रामहिलासङ्घ कैलालीका अध्यक्ष लक्ष्मी पुन, नेमकिपा कैलालीका सचिव गगन थापा, ज्योति बडुवाल, हरिकला विष्ट, कृष्णकला शाही, देविसरा अधिकारी, पदम सलामि, भक्तिप्रसाद जैसी, तारा तिरुवा, जानकी सिजापती, नेक्रायुसङ्घ कैलालीका अध्यक्ष प्रेम बडुवाल र नेक्राविसङ्घ कैलालीका अध्यक्ष हिक्मत भण्डारीले पुस्तकबारे बोल्नुभएको थियो ।

# जलमार्ग र पर्वतीय पदमार्ग बिगार्न नहुने



काठमाडौँ । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा उद्योग वाणिज्य महासङ्घका प्रतिनिधिहरूसँग पर्यटन उद्योगबारे बिहीबार छलफल भयो ।

छलफलमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, महासङ्घको पर्यटन विभागका अध्यक्ष देशबन्धु बस्नेत, नेपाल होटल एसोसियसनका अध्यक्ष प्रवीण पाण्डे, वायुसेवा सञ्चालन सङ्घका मनोज कार्की, टान (टीएएएन) का रामप्रसाद बन्जारा, रेष्टुराँ र बारका सङ्घर्ष विष्ट, महासङ्घका उपाध्यक्ष ज्योत्स्ना श्रेष्ठ, नेपाल यात्रा सङ्घका प्रतिनिधि, पर्वतीय पर्यटनका प्रतिनिधिले पोखरा र भैरहवा विमानस्थल सञ्चालन गर्नुपर्ने, नेपालबाट हवाई टिकट लिँदा १३ प्रतिशत भ्याट बढी लाग्ने, दुग्ध पदार्थ गुणस्तरहीन भएको हुँदा गुणस्तरीय आयात गर्नुपर्ने, राजनीतिक परिवर्तन बरोबर हुँदा अप्ठेरो भएको, क्यासिनो खेलबाट नेपालले पनि आम्दानी गर्नुपर्ने, नेपाल पर्यटन बोर्डलाई भागबन्डाको थलो बनाउन नहुने, जलयातासमेत बन्द हुने गरी जलविद्युत् उत्पादनको नाममा भारतलाई नदीनाला दिन नहुने, पर्वतीय पर्यटनको मार्ग भत्किने गरी डोजर चलाउन नहुने, लुक्ला र कालापत्थर उड्ने हेलिकप्टरलाई ४ ठाउँ होइन ६ ठाउँमा रोक्ने अनुमति दिनुपर्ने, विदेशमा भएका राजदूतहरूलाई अर्थ कूटनीतिको जिम्मेवार निर्वाह गराउनुपर्ने विषय उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्राचीन स्मारक संरक्षण ऐनअनुसार नेपालको प्राकृतिक र संस्कृतिको सम्पदा जलमार्ग र पदमार्ग बिगार्न नहुने, भारतलाई ६० हजार मेगावाट विद्युत् बेच्ने नाममा जलमार्ग र जलचर समाप्त पार्ने काम गर्न नहुने, प्रम पुष्पकमल दाहालको भारत भ्रमणमा विद्युत् बेच्ने सम्झौता गर्नुअघि जलमार्ग र पर्यटन मार्ग बिग्रिनेबारे सोचेको देखिएन, नेपालीलाई गलत काममा लगाएर सम्पत्ति जोड्ने मनसाय कसैले पनि राख्न नहुने, एउटा प्रदेशमा शरीर बेच्ने महिलाहरूलाई अनुमति दिने चर्चा चलाइयो, त्यसरी अनुमति दिने दाबी गरेकाहरूको छोरीबुहारी शरीर बेच्ने काममा लाग्नेबारे किन सोचिएन भनी उल्लेख गर्नुभयो ।

शासक दलहरूको पक्षपात र बेइमानीलाई राजनीति भन्न नहुने, राजनीति सबै नीतिको मूल नीति र देश र जनताले इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र भएको, देशको सन्तुलित विकासको लागि बसाईसराइ जिल्लाभित्र सीमित गर्नुपर्ने, भन्सार राजस्व चुहावटमा भारतीय बिचौलिया र सरकारी अधिकारीहरूको संलग्नता भएको मन्त्रीहरूलाई जानकारी हुनुपर्ने उल्लेख गर्दै सांसद सुवालले दुग्ध पदार्थ आयात नगरी नेपालमै गुणस्तरीय दुग्ध पदार्थ उत्पादन गर्नुपर्ने, भारतकै पुरातत्वविद्हरूले रामायण कथामा उल्लिखित स्थानबारे कुनै अवशेष फेला नपरेको हुँदा रामायण सर्किटबारे सचेत हुनुपर्ने, बाह्य पर्यटनभन्दा आन्तरिक पर्यटनमा भरपर्नुपर्ने, जलविद्युत्, जङ्गल, भूमि र माफियाहरूविरुद्ध सबै एक भएर लड्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सरकारी कमलपोखरी, जङ्गल, भवन, निजी दर्ता गरिएको वा बहालको नाममा आफ्नो स्वार्थ पूरा गर्ने कामको उद्योगी-व्यापारीहरूबाट पनि विरोध हुनुपर्ने सांसद सुवालले औँल्याउनुभयो ।

# पुँजीवादी व्यवस्थाले कामदारवर्गको सेवा नगर्ने

बुटवल । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सनकमान महर्जनले सैद्धान्तिक र वैचारिक विषयमा युवा विद्यार्थीहरूलाई प्रशिक्षित गर्नुपर्नेमा जोड दिनुभयो ।




शनिबार नेपाल मजदुर किसान पार्टी रूपन्देहीद्वारा तिलोत्तमामा आयोजित प्रशिक्षणात्मक कार्यकर्ता भेलामा केन्द्रीय सदस्य महर्जनले सैद्धान्तिकरूपमा प्रस्ट नभएकै कारण कम्युनिस्ट भन्नेहरूले सरकारी उद्योगहरू निजीकरण गरिरहेको र भारतीय एकाधिकार पुँजी तथा संरा अमेरिका साम्राज्यवादको पक्षमा काम गरिरहेको बताउनुभयो ।

पुँजीवादी व्यवस्था र पुँजीवादी पार्टीहरूले कामदार वर्गको सेवा नगर्ने स्पष्ट पार्दै केन्द्रीय सदस्य महर्जनले पुँजीवादी बन्दोवस्तको सरकारले पुँजीपतिवर्गकै हितमा काम गर्छ भन्नुभयो ।

शासक दलहरूले नेपालमा युवाहरू नराख्ने नीति लिएको चर्चा गर्दै उहाँले डा. रामशरण महतको पालामा प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा २०० जना वैदेशिक रोजगारमा पठाउने बजेटमै व्यवस्था गरेको उल्लेख गर्नुभयो ।

अनुदानको लागि नक्कली काम देखाएर शासक दलका कार्यकर्ताहरूले राष्ट्रिय ढुकुटी दुरुपयोग गरी ब्रह्मलुट मच्चाइरहेको बताउँदै केन्द्रीय सदस्य महर्जनले भारतीय एकाधिकार पुँजीको चाहनाअनुसार नेपाललाई उनीहरूको बजार बनाइरहेको छ भन्नुभयो ।

नेपाली शासक दलहरूको बैठक चल्दाचल्दै विस्तारवादी भारत र साम्राज्यवादी संरा अमेरिकाको राजदूतावासमा फोन गर्ने गरेको उदाहरण दिँदै उहाँले भारतीय दूतावासको सङ्केतबिना नेपालमा सरकार परिवर्तन हुने अवस्था छैन भन्नुभयो ।

राजनीति भनेको दुई चार जना आसेपासेको फाइदाको निम्ति होइन, जनताको सेवा गर्न र देशको स्वाधीनताको लागि हुनुपर्ने स्पष्ट पार्दै केन्द्रीय सदस्य महर्जनले कामदारवर्गका कार्यकर्ताहरू जति बढी सक्रिय र सुदृढ हुन्छन् देशको सुन्दर भविष्य त्यति नै नजिक हुन्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले वैदेशिक रोजगारीमा जाने ९० प्रतिशत युवाहरूले जोखिमयुक्त काम गर्न बाध्यात्मक अवस्था रहेको चर्चा गर्दै विदेशी पुँजीको गुलामी गर्ने शासकहरूको शासनसत्ता रहेसम्म नेपालमा रोजगारीको सुनिश्चितता हुँदैन भन्नुभयो ।

राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति तयार भएको अवस्थामा क्रान्ति अवश्यम्भावी रहेको बताउँदै केन्द्रीय अध्यक्ष बाटाले देशको परिस्थितिबाट युवाहरू निराश हुने होइन क्रान्तिको निम्ति जागरुक र जुझारू हुनुपर्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीको सभापतित्वमा सम्पन्न भेलामा हिमलाल पाण्डे, जगिलाल थापा, सुशीला पौडेल, सुग्रीम साहनीलगायतले मन्तव्य व्यक्त गर्नुभयो ।

भेलाले हरिसुन्दर वासीको अध्यक्षतामा नेपाल मजदुर किसान पार्टी रूपन्देही जिल्ला समिति पुनः गठन गऱ्यो ।

# दैलेखमा कार्यकर्ता भेला

दैलेख । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ७ को आयोजनामा मङ्गलबार पार्टी कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य जयबहादुर शाहीले कार्यकर्ताहरूले पार्टी प्रकाशनहरू अध्ययन गरी नियमित अन्तरक्रिया चलाउनुपर्ने र प्रत्येक टोल र वडाहरूमा पार्टी सङ्गठनहरू विस्तार गर्नुपर्ने बताउनुभयो ।

शासक पार्टीहरूले कामदार जनताको हितमा काम गरिरहेका छैनन्, उहाँले भन्नुभयो । नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष निरकबहादुर शाहीले महिला सशक्तीकरणमा जोड दिनुपर्ने बताउनुभयो ।

शिवराज जैसीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा इन्द्रप्रसाद चौलागाई, धनकुमारी शाही, शान्ति शर्मा, तिलक चौलागाईँलगायतले बोल्नुभएको थियो ।

भेलाले ममता हमालको अध्यक्षतामा नेक्रामहिला सङ्घ चामुण्डा बिन्द्रासैनी वडा नं. ७ एकाइ समिति गठन गरेको छ ।

# सुर्खेत जिल्ला सम्मेलन तयारी समिति गठन

सुर्खेत । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराको आतिथ्यमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ प्रथम सुर्खेत जिल्ला सम्मेलन तयारी समिति गठन गरेको छ । हालै सम्पन्न कार्यक्रम भेलाले निरकबहादुर शाहीको अध्यक्षतामा जिल्ला सम्मेलन तयारी समिति गठन गरेको हो ।

नेक्रामजदुर सङ्घ सुर्खेतको प्रथम जिल्ला सम्मेलन वैशाख २० र २१ गते हुने र सम्मेलन सफल पार्न जिम्मेवारी बाँडफाँड भएको अध्यक्ष शाहीले जानकारी दिनुभयो ।

# शिक्षामन्त्री सुमना श्रेष्ठलाई खुला पत्र

***माननीय शिक्षामन्त्रीज्यू,***
***मिठो सम्झना !***

तपाईँ अहिले अत्यन्त व्यस्त होला भन्ने मलाई थाहा छ। भौतिकरूपमा तपाईँसँग भेटघाट गरी छलफल गर्न नपाए पनि शिक्षाको विषयमा एक मित्रको हैसियतले एउटा पत्र लेख्दै छु। यसलाई एक सचेत नागरिकको सुझावको रूपमा ग्रहण गर्नुहुन्छ भन्ने आशा गर्दछु।

२०८० साल फागुन २१ गते नेपालको राजनीतिमा प्रधानमन्त्री प्रचण्डको शब्दमा 'उथलपुथल' भयो। ९ महिनाअघि मात्रै नेकासँग बनेको गठबन्धन भत्केर एमालेसँग नयाँ गठबन्धन सरकार बनाउने सहमति भयो। त्यसमा रास्वपाको सभापतिको हस्ताक्षर देख्दा मलाई आश्चर्य लाग्यो। वैकल्पिक शक्तिको रूपमा उदय भएको रास्वपाले २०८४ सालसम्म कसैसँग गठबन्धन नगर्ने वाचा गरेको थियो। अझ रास्वपाका सभापति रवि लामिछानेले त आफ्नो व्यक्तिगत एकाउन्टमा 'नेका, एमाले र माओवादी सबै मिलून्। हामी २०८४ अघि कसैसँग मिल्दैनौँ' सम्म लेखेका थिए। सहमति पत्रमा भएको हस्ताक्षरले रास्वपा आफ्नो अडानमा एक वर्ष पनि टिक्न नसकेको देखियो, होइन र ? नेका, एमाले र माओवादीसँगै रास्वपा पनि पदको निम्ति 'कुकुरझगडा' मा फस्यो। के यो विश्वासघात होइन ? अबका दिनमा जनताले यस्ता कैयौँ दृश्यहरू देख्नुपर्ने छ। त्यो त भविष्यले देखाउने नै छ। तपाईँलाई सम्झाउनमात्रै यहाँ यति कुरा उल्लेख गरेको हुँ।

***मन्त्रीजी,***

नयाँ मन्त्रिमण्डलको तपाईँ शिक्षामन्त्री हुनुभयो। खुसी लाग्यो। तपाईँले राजा महाराजा (धनी वर्ग) का सन्तानले मात्रै पढ्ने बुढानीलकण्ठजस्तो अति सुविधा सम्पन्न स्कूलमा पढ्ने अवसर पाउनुभयो। अमेरिकाजस्तो संसार लुटेर धनी भएका देशको ब्रिनमार कलेज र ह्याभर फर्ड कलेजबाट अर्थशास्त्र र गणितमा स्नातक र अमेरिकाकै मासाचुसट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमइटी) स्लोन स्कूल अफ म्यानेजमेन्टबाट स्नातकोत्तर गर्नुभयो। यस्ता सुविधा सम्पन्न विद्यालय र कलेजहरूमा अध्ययन गर्न पाउने विरलै नेपालीहरूमध्ये तपाईँ एक हुनुहुन्छ।

तपाईँलाई राम्रै थाहा छ, नेपालका सबै शिक्षालयहरू तपाईँले अध्ययन गर्नुभएको जस्तो सुविधा सम्पन्न छैनन्। तपाईँ यस्तो देशको शिक्षामन्त्री हुनुभएको छ जहाँ कैयौँ विद्यालयहरूमा परीक्षा दिने बेलासम्म विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्दैन, विषय शिक्षक हुँदैन, एकै जना शिक्षकले विभिन्न विषय पढाउनुपर्ने बाध्यता छ र नाम मात्रको भौतिक पूर्वाधार छ। तापनि धेरै नेपालीहरू घरखेत बेचेर भए पनि अमेरिका जाने सोच राख्ने यो बेला तपाईँले त्यहाँ अध्ययन गरेर नेपाललाई नै कर्मक्षेत्र बनाउने जुन निर्णय गर्नुभयो त्यो भने स्वागतयोग्य छ।

निर्वाचनको बेलासम्म तपाईँको नाम सुनिएको थिएन। समानुपातिकबाट जब तपाईँ सांसद मनोनीत हुनुभयो। मन्त्रीहरूलाई सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर प्रश्नहरू गर्नुभयो। विनातयारी बैठकमा उपस्थित भएर भत्तामात्रै पचाउने बानी परेका हाम्रा मन्त्रीहरूलाई प्रश्नको घेरामा पारेर च्याख च्याख्ती पार्नुभयो। तपाईँको बौद्धिकता नेपाली जनताले बुझ्ने अवसर पाए।

पार्टी सदस्य बनेको छोटो समयमै सांसद बन्ने र एक वर्षभित्रै मन्त्री बन्ने अवसर पाउने विरलैमध्ये तपाईँ एक हुनुहुन्छ। देशको राजनैतिक घटनाक्रमले जुराएको यो अवसरलाई तपाईँले दिन, घण्टा र मिनेट मिनेटको समयको महत्त्वलाई बुझेर देश र जनताको निम्ति सदुपयोग गर्नुहुनेछ भन्ने मेरो आशा छ।

केही समयअघि मन्त्रीहरूलाई प्रश्न गरिरहने तपाईँ अब जवाफ दिने ठाउँमा पुग्नुभएको छ। मलाई थाहा छ, प्रश्न गर्नु जस्तो जवाफ दिनु त्यति सजिलो पक्कै हुनेछैन। अहिले शिक्षा क्षेत्र अत्यन्त भद्रगोल छ। शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने चुनौतीका चाङ छन्। कतिबेला गठबन्धन परिवर्तन होला र मन्त्री पद खुस्केला भनी चिन्तित भएर कुर्सी सम्हाल्नेहरूले कति काम गर्न सक्छन् र ! त्यो जनताले शङ्का गर्ने ठाउँ छ तर जतिञ्जेल कुर्सीमा रहनुहुन्छ, त्यतिञ्जेल देश र जनतालाई केन्द्रमा राखेर काम गर्नेहरूलाई नै जनताले सधैँ सम्झने गर्छन्।

***मन्त्रीजी,***

अहिलेका विद्यार्थीहरू कक्षा १२ पास हुनासाथ विदेशतिर जाने सोच बनाउँछन्। नेपालका विश्वविद्यालय र कलेजहरूप्रति विद्यार्थीको विश्वास घट्दो क्रममा छ। विश्वविद्यालयहरूमा समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु, पास भइसकेपछि बेरोजगार भएर बस्नुपर्ने अवस्था नै नेपाली विद्यार्थीहरू विदेशतिर आकर्षित हुनाका कारणहरू हुन्। गत वर्ष २५० जनाको र यस वर्ष १८३ जना विद्यार्थीको परीक्षा कापी हराएको बारे यहाँलाई अवगतै होला। विश्वविद्यालयको लापरबाहीको यो एक उदाहरणमात्रै हो। भागबन्डामा नियुक्त शिक्षकहरूले विश्वविद्यालयबाट भन्दा बढी तलब म्यानपावर कम्पनीहरूबाट रकम खाने गरेको विश्वविद्यालय पदाधिकारीहरूलाई थाहा भएर पनि कुनै कारबाही नहुनु र विदेशी विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त कलेजहरू राजधानीलगायत धेरै सहरहरूमा निर्बाध सञ्चालन हुनु पनि अर्को कारण हो। सन् २०२३ को तथ्याङ्कअनुसार १ लाख १० हजार विद्यार्थीले विदेश पढ्न नो अब्जेक्सन लेटर लिएका छन्। विदेशमा पढ्न जाने विद्यार्थीहरू दैनिक २५ सयभन्दा बढी आए भनेर कार्यालय प्रमुखले राजीनामा दिएको समाचार पनि हामीले सुन्यौँ। कस्तो विडम्वना !

हाम्रा विश्वविद्यालय र कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेका छन्। यो वर्ष ५३९ वटा कलेजहरू बन्द हुने समाचारले त कसलाई पो चिन्तित बनाउँदैनन् र ? यो विकृतिको लागि भागबन्डामा विश्वविद्यालयको उपकुलपति, प्राध्यापक नियुक्ति गर्ने दलहरू जिम्मेवार छन्। विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरू खारेज गर्ने, नेपालमा पढाइ हुने विषयहरूमा विदेशमा पढ्न अनुमति नदिने र उत्पादन श्रमसँग जोड्ने शिक्षा नीति तयार गर्न सके विदेश जाने विद्यार्थीहरू धेरै हदसम्म रोक्न सकिन्छ। यो मेरो सुझाव हो। दशकौँदेखि जरा गाडेर बसेका शैक्षिक माफियाहरूको सञ्जाललाई तपाईँले चाहेर पनि तत्काल तोड्न सक्नुहुन्छ भने पनि मलाई लाग्दैन तर कहीँ न कहीँबाट त सुरु हुनुपर्यो नि ! होइन ?

अहिले चिकित्सा शिक्षा कति महँगो छ ? मैले भनिरहनुपर्दैन। अत्यन्त उत्कृष्ट विद्यार्थीहरूले पढ्ने चिकित्सा शिक्षामा स्नातक पढ्न ५०/६० लाख र स्नातकोत्तर गर्न ३०/४० लाख गरेर एकजना दक्ष जनशक्ति तयार गर्न झन्डै १ करोड जतिको खर्च लाग्छ। के यो लुट होइन ? अझ ९/१० वर्षको कठोर परिश्रम पनि त्यसमा जोडिन्छ। चिकित्सा शिक्षा गरिबको लागि आकाशको फलजस्तै छ। धनीका सन्तानहरूले क्षमता नै नभए पनि निजी मेडिकल कलेजहरूमा पढेर डाक्टरको प्रमाणपत्र पाउँछन्। निजी कलेजहरू रहेसम्म यो क्रम जारी रहनेछ। शिक्षाकै माध्यमबाट पनि आज समाज दुई वर्गमा विभाजित हुँदै छ। यस्तो शिक्षामा भइरहेको विकृतिको अन्त्य गर्न कठोर कदम चाल्नुको विकल्प छैन।

प्रसङ्गवस ख्वप विश्वविद्यालयको पनि कुरा गरौँ ! भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी वर्षको हजारौँ विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ। २०५६ सालमा ख्वप उच्च मावि स्थापना भएदेखि अहिलेसम्म ४१ हजारभन्दा बढी विद्यार्थीले उच्च शिक्षा हासिल गर्ने अवसर पाइसकेका छन् भने हाल देशभरका ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

ख्वप विश्वविद्यालयभन्दा पछि आएका अन्य विश्वविद्यालयहरूको विधेयक पारित भई सञ्चालनमा आइसकेका छन् भने नेपाल विश्वविद्यालय विधेयक संसद्मा विचाराधीन अवस्थामा छ। तपाईँले 'ख्वप विश्वविद्यालयलाई सम्बन्धन दिनुपर्ने' भनेर संसद्मा बोल्नुभएको कुरा हामीले सम्झिरहेका छौँ। शिक्षालाई उत्पादन श्रमसँग मिलाउने उद्देश्यका साथ स्थापना हुन लागेको ख्वप विश्वविद्यालय स्थापना गर्न यहाँको तर्फबाट पहल हुने पनि अपेक्षा लिएको छु।

***मन्त्रीजी,***

मावि तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहको हो। सङ्घीयताको भावना र संविधानले निर्दिष्ट गरेको कुरा पनि यही हो। तर, यसअघि शिक्षाका जिम्मेवारी लिएर बसेकाहरू जिल्ला शिक्षा समन्वय एकाइ निर्माण गरी त्यसमार्फत स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गर्दै छन्। अझ हाल संसद्मा विचाराधीन शिक्षा विधेयकमा संविधानविपरीत जिल्ला शिक्षा कार्यालयलाई पुन:स्थापना गर्ने कोसिस हुँदै छ। उक्त विधेयकमा रहेको संविधानको भावना र सङ्घीयताको मर्मविपरीत जिल्ला शिक्षा कार्यालय स्थापनासम्बन्धी प्रावधान खारेज गर्नेतर्फ यहाँले ध्यान दिने आशा गर्छु।

तपाईँको निर्वाचन वाचापत्रमा पनि 'क्षमता भएका शिक्षालयलाई निश्चित समयका लागि मानार्थ विश्वविद्यालयको रूपमा सम्बन्धन दिई गुणस्तर मापन पछि मात्रै विश्वविद्यालयको मान्यता दिने' उल्लेख छ (पेज १६)। ख्वप विश्वविद्यालयले सम्बन्धन दिएर फाइदा लिने उद्देश्य राखेको छैन, मानार्थ विश्वविद्यालयकै रूपमा सञ्चालन गर्न पनि तयार भएको सम्बन्धित पदाधिकारीहरूबाट समय समयमा व्यक्त गर्नुभएको तपाईँले सुन्नुभएकै होला। प्रधानमन्त्री कुनै पनि विश्वविद्यालयको कुलपति बनाउने व्यवस्था खारेज गर्नु जरुरी छ। तपाईँको वाचापत्रमा उल्लिखित त्यो कुरा छिट्टै नै पूरा हुने आशा पनि छ।

तपाईँ मन्त्री भएको केही दिनमै सबै स्थानीय तहको नाउँमा १० बुँदे पत्र जारी गर्नुभयो। सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म कुनै पनि शीर्षकमा शुल्क लिन नपाउनेलगायतका बुँदाहरू पत्रमा उल्लेख छन्। यसअघिका मन्त्रीहरूले पनि यस्ता पत्राचार गर्ने गरेका थिए। यो कुनै नौलो कुरा होइन। संविधानले आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा मा.वि. तहसम्मको शिक्षा नि:शुल्क भनेको छ। सरकारले विद्यार्थी सङ्ख्याअनुसार शिक्षक दरवन्दी पूर्ति गर्न नसक्दा विद्यालयहरू निजी स्रोतबाट शिक्षकहरू राखेर पढाउन बाध्य छन्। विद्यालय सुधारको निम्ति पर्याप्त अनुदानको व्यवस्था नहुँदा यो अवस्था आएको शिक्षकहरू बताउँछन्।

हाल सामुदायिक र संस्थागत गरी दुईथरी विद्यालय सञ्चालनमा छन्। संविधानले नि:शुल्क भनिएको अवस्थामा संस्थागतले शुल्क लिन कसरी मिल्छ र ? मावि तह नि:शुल्क गर्ने हो भने कसैले पनि शुल्क लिन नपाउने व्यवस्था गर्नुपर्छ। संस्थागत विद्यालयहरूलाई निश्चित समयावधि तोकेर गुठीमा लैजाने बन्दोबस्त गरिनुपर्छ। यो अत्यन्त जोखिम काम हो। एमाले, नेका र माओवादी नेताहरूकै लगानीमा ठुलठुला विद्यालयहरू सञ्चालनमा छन्। त्यसलाई बन्द गर्नेतर्फ लाग्ने हो भने तपाईँको कुर्सी हल्लिन सक्छ। कुर्सीको लोभ नगर्नेहरूले मात्र यो जोखिम मोलेर काम गर्न सक्छन्।

मन्त्री बन्नु भनेको निर्वाचन घोषणापत्र कार्यान्वयन गर्नु हो। के तपाईँले निर्वाचनको बेला पार्टीले घोषणा गरेको वाचापत्र सम्झनुभएको छ ? विज्ञान, गणित, कम्प्युटर, लेखाजस्ता सबै विषयहरू अङ्ग्रेजी माध्यममा अध्यापन गराउने, कक्षा ८ सम्म विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डबमोजिमको पौष्टिक खाना प्रदान गर्नेजस्ता बुँदाहरू तपाईँको पार्टी वाचापत्रमा उल्लेख छन्। वाह ! कस्तो राम्रो ? के दुर्गम जिल्लाका विद्यालयहरूमा गएर अङ्ग्रेजी माध्यमबाट पढाउने शिक्षक नेपालमा पर्याप्त छन् ? यसअघि कक्षा ६ सम्म पढ्ने विद्यार्थीहरूलाई दिइराखेको खाजा खर्चसमेत बजेट अभाव देखाएर कटौती गरी यस वर्षदेखि कक्षा ५ सम्ममात्र दिने निर्णय गर्ने सरकारले अब कक्षा ८ सम्मका विद्यार्थीहरूलाई खाजा खर्च दिन कति सम्भव होला ?

पत्र लेख्दै जाँदा लामो हुन गयो। लेख्ने विषयहरू धेरै छन्। तर, शिक्षा सुधारको निम्ति गर्नुपर्ने अन्य विषयहरू पछिल्ला पत्रहरूमा लेख्दै गरौँला। आजलाई यतिमै बिदा हुन्छु।

***तपाईँकै उही मित्र***
***सुमन***

---

**उग्र...**

अध्यादेशमार्फत जीएमओ मकैमाथि प्रतिबन्ध लगाउने प्रयास गरेका थिए। अमेरिकाले निर्यात गर्ने ९६ प्रतिशत जीएमओ मकै मेक्सिको जान्छ।

मेक्सिकोले लामो समयसम्म कठोर सङ्घर्ष गरेर हासिल गरेको सार्वभौम अधिकारलाई फितलो बनाउन अमेरिकाले झन्झन् आक्रामक र हस्तक्षेपकारी नीतिहरू लागु गर्दै आएको छ। सन् २०२२ मा मेक्सिकाली राष्ट्रपति लोपेज ओब्राडोरले अमेरिकाजको आठौँ शिखर सम्मेलनमा सहभागी हुन अस्वीकार गरे। त्यो सम्मेलन अमेरिकाको लस एन्जलस सहरमा भएको थियो। संरा अमेरिकाले उक्त बैठकमा क्युवा, भेनेजुयला र निकारागुआका नेताहरूलाई निमन्त्रणा नगरेको खबर बाहिरिएपछि ओब्राडोरले उक्त निर्णय लिएका थिए।

---

यो गोलबन्दीमा रहेका पाँच देश राजनीतिक, आर्थिक वा सैन्य दृष्टिकोणमा भिन्दाभिन्दै छन्। त्यस्तै उत्तरी गोलार्द्धका देशहरूसँगको निकटताका हिसाबले पनि यी देश अनेक तहमा विभाजित छन्। यद्यपि यी देशका नयाँ राष्ट्रिय पुँजीपतिहरूले वैकल्पिक आर्थिक सम्बन्ध बनाउन खोज्दै छन् भने बेलाबेला अमेरिकासँग राजनीतिक विमति पनि राख्दै छन्। आफ्नै स्वार्थ र आत्मरक्षाका लागि यिनीहरूले यस्तो व्यवहार देखाएका हुन्। दक्षिणी गोलार्द्धमा उदाउँदो नयाँ राष्ट्रिय पुँजीपतिको सवाल यो दस्तावेजको विषय होइन। यसबारे हामीले सन् २०२४ को अध्ययनमा चर्चा गर्नेछौँ। त्यो अनुसन्धान दक्षिणी गोलार्द्धमा पुँजीको निर्माण र स्वामित्वमा केन्द्रित हुनेछ।

**दक्षिणी गोलार्द्धको गोलबन्दी ५ : एक सय एघार विविधतापूर्ण देश**

दक्षिणी गोलार्द्धका माथिका चार गोलबन्दीमा नराखिएका १११ देश छन्। नराख्नुको कारण यिनीहरूको विविधता हो। चित्र २९ मा यीमध्ये २० ठूला अर्थतन्त्र भएका देशलाई देखाइएको छ। यिनीहरूको राजनीतिक विचार वा सरकार सञ्चालन एउटै छैन। इस्वातिनी, कतार र भुटानमा अझै पनि राजतन्त्र छ। लिबिया, सिरिया र सोमालियामा एउटै अधिकारसम्पन्न सरकार छैन। पश्चिमा विकास वित्तले कोर्रा लगाएपछि यीमध्ये केही देशले आफ्ना समाजवादी मुद्दा परित्याग गरे। अङ्गोला र मोजाम्बिक यसका उदाहरण हुन्। साम्राज्यवादको राजनीतिक र आर्थिक हस्तक्षेपका कारण यो गोलबन्दीमा रहेका एकजमात देशले कष्टप्रद शासकीय पक्षघात भोग्नुपर्‍यो। यसको अर्थ शासनतन्त्र, आधिकारिकता र कानुन छिन्नभिन्न भयो। अहिले यी देशले सेवासहुलियतको नाममा जनतालाई केही पनि दिन सकेका छैनन्।

यी देशको आर्थिक स्थिति फरकफरक छ। उदाहरणको लागि नाइजेरिया अफ्रिकाको दोस्रो ठूलो अर्थतन्त्र भएको देश हो। उसको कूल गार्हस्थ उत्पादन कम्बोडियाको भन्दा चौध गुणा ठूलो छ। यद्यपि सन् २०१२ र २०२२ बिच त्यहाँको वार्षिक औसत वृद्धिदर ऋणात्मक ०.४ प्रतिशत रह्यो। जब कि यसबिच कम्बोडियाको आर्थिक वृद्धिदर वार्षिक ५.३ प्रतिशत पुग्यो।

उत्तरी गोलार्द्धसँग यो गोलबन्दीका देशहरूले अनेक स्तरमा सैन्य सहकार्य गर्छन्। इजिप्ट सन् १९७९ यता इजरायल र संरा अमेरिकाको रणनीतिक साझेदार रहिआएको छ। जब कि बांग्लादेश, कोमोरोज र जिबौटी २०२३ नोभेम्बर १७ मा प्यालेस्टिनको स्थितिलाई लिएर अन्तर्राष्ट्रिय न्यायालयमा सिफारिसपत्र बुझाउने कार्यमा सहभागी भए।

यी देशमा आन्तरिक द्वन्द्व र सीमा विवाद छन्। जस्तो, मोरक्कोले पश्चिम सहारामा औपनिवेशिक कब्जा जमाएको छ। यो कब्जा सन् १९७५ मा सुरु भएको थियो।

अरु उदाहरण हेरौँ। लोकतान्त्रिक गणतन्त्र कङ्गो र हाइटी राष्ट्रसङ्घको सैन्य हस्तक्षेपको चपेटामा छन्। यो हस्तक्षेपमा दक्षिणी गोलार्द्धकै देशले सैनिक पठाउने गरेका छन्।

गोलबन्दी ५ का देशहरूले दक्षिणी र उत्तरी गोलार्द्ध दुवैतिरका विविधतापूर्ण बहुपक्षीय अन्तर्राष्ट्रिय सङ्घसंस्थामा आबद्ध छन्। अलि पृथक विशेषता विकास गरेको अवस्थामा यो गोलबन्दीका देश अन्य गोलबन्दीमा पुग्नेछन्। उदाहरणको लागि अर्जेन्टिनाले इतिहासमा प्रगतिशील भूमिका खेलेको थियो। यद्यपि हालैका वर्षमा त्यहाँ दक्षिणपन्थी प्रभाव बढ्यो। आज अर्जेन्टिना गोलबन्दी ५ बाट हटेको छ। यसकारण यो स्थिर र स्थायी गोलबन्दी होइन।

| Country | International Affiliations | | | UN Votes | |
|---|---|---|---|---|---|
| | Friends of UN Charter | Shangai Coop. Org. | BRICS10 | Gaza Ceasefire 10/2023 | Russia Whitdrawal 02/2023 |
| Brazil | | | Original | Y | Y |
| Colombia | | | | Y | Y |
| South Africa | | | Original | Y | Abstain |
| Algeria | Y | | | Y | Abstain |
| Nepal | | Dialogue | | Y | Y |
| Bolivia | Y | | | Y | Abstain |
| Honduras | | | | Y | Y |
| Nicaragua | Y | | | Y | N |
| Zimbabwe | Y | | | Y | Abstain |
| Palestine | Y | | | | |
| Namibia | | | | Y | Abstain |
| Total | 5 | 1 | 2 | 10 Y | 6 N+Abstain |

***Source: Global South Insights***

**दक्षिणी गोलार्द्धको गोलबन्दी ६ : दुई व्यवहारत: अमेरिकी सैन्य उपनिवेश**

यी दुई राष्ट्रलाई चित्र ३० मा देखाइएको छ। यहाँका जनता दक्षिणी गोलार्द्धको पक्षमा छन्। दुवै देशका नेता भने अमेरिकापरस्त छन्। यद्यपि त्यहाँ स्वाधीनताप्रेमी नेता नभएका होइनन्। सैनिक हिसाबले दुवै देश पूर्णत: अमेरिकी नियन्त्रणमा छन्।

इतिहासमा यी देशलाई संरा अमेरिकाले सैन्य रूपमा कब्जा गरी अधीनमा राखेको थियो। दोस्रो विश्वयुद्धपछि अमेरिकाले कोरियाली प्राय:द्वीपमाथि सैनिक कब्जा गरेपछि कोरियाली युद्धको अन्त्यतिर गणतन्त्र कोरियामा अमेरिकी सेनाले अखडा जमायो। गणतन्त्र कोरियाको आर्थिक पुन:निर्माण पूर्णत: अमेरिकी लगानी र निर्देशनमा भएको हो। स्पेन-अमेरिका युद्धपछि फिलिपिन्स (सन् १८९८ देखि १९४६ सम्म) झन्डै पाँच दशकसम्म अमेरिकाको उपनिवेशका रूपमा रह्यो।

औपनिवेशिकता आज पनि देखिन्छ। सन् २०२२ को निर्वाचनमा गणतन्त्र कोरियामा युन सुक-योल र फिलिपिन्समा फर्डिनान्ड मार्कोस सत्तारूढ भए। यी दुवै नेताले चीनलाई घेर्ने मामिलामा आफ्नो देशलाई मोर्चाबद्ध पारेर अमेरिकाको सेवा गर्दै छन्। २०२३ फेब्रुअरीमा फिलिपिन्सले अमेरिकालाई आफ्नो देशमा थप चार अखडा निर्माण गरेर सैन्य विस्तार गर्न निम्तो दियो। जब कि त्यहाँ पहिले नै पाँच अमेरिकी अखडा छन्। फिलिपिनी सांसदहरूले आफ्नो देशबाट अमेरिकी सेनालाई सदाका लागि हटाउने प्रस्ताव पारित गरेको ३० वर्षपछि दृश्य उल्टिएको छ। गणतन्त्र कोरियाले पनि आफ्नो देशमा अमेरिकाको सैन्य उपस्थिति बढाएको छ। अमेरिकासँगै ऊ 'त्रिपक्षीय साझेदारीको नौलो युद्ध थालनी गर्न' जापान निकट हुँदै छ।

साथै जापान र दक्षिण कोरियाबिच सम्पन्न सैन्य सूचनाको आम सुरक्षा सम्झौताले अमेरिकासँग उनीहरूको निकटता बढाउन मद्दत गरेको छ। यो सम्झौताले दुई देशबिच हुने खुफिया सूचना आदानप्रदानलाई 'चीन र रुसको खतरा' सम्म तन्काएको छ। यी देशको सैन्य बजेट अमेरिकी नेतृत्वको सैन्य गठबन्धनको मानकसम्म पुऱ्याउनुपर्नेछ।

चित्र ३१ मा विश्वको औसत सैन्य बजेटभन्दा माथि खर्च गर्नदक्षिणी गोलार्द्धका सबै देशको विवरण हो। रुसको हिसाब पहिले नै गइसकेको हुनाले त्यसलाई यहाँ उल्लेख गरिएको छैन। यीमध्ये धेरै देशको संरा अमेरिकासँग नजिकको सैन्य सम्बन्ध छ। यिनलाई गोलबन्दी ६ मा राखिएको छैन।

# म एक 'सहयोगी'

✍ पाण्डू

२०७४ चैत १ गतेदेखि मैले काम थालेकी थिएँ । म उहाँलाई 'सर' भनी सम्बोधन गर्थें । उहाँको उमेर ४५ वर्षको थियो । उहाँले स्वेच्छाले कलेजबाट अवकाश लिनुभयो र घरमै बसेर लेखपढ गर्नुभएको थाहा पाएँ ।

उहाँको आँखामा मोटो चस्मा थियो र कम बोल्नुहुन्थ्यो । २-३ दिनअगाडि नै उहाँले मेरो कामको सूची बताउनुभएको थियो । दिइएको कामअनुसार मैले यन्त्रवत काम थालेँ ।

ठीक बिहानको ७ बजेभन्दा ५ मिनेट अगाडि गेटमा पुगेर सरको घरको घण्टी बजाएँ । ढोका खुल्यो, मैले कोठामा गएर सरलाई अभिवादन गरेँ । ढोका बिस्तारै लगाएँ र टेबुल, मेच, झ्याल-ढोका र दराजहरू सफा गरेँ । पानीले नरम भएको कपडाले पहिले पुछेर पछि सेतो सुकेको कपडाले पुछेँ ।

सानो तीनतले घर । पहिलो तलाको एउटा अलि ठुलो कोठामा १० वटा मेच र तीन वटा टेबुल थियो र पुस्तकले भरेको ७ वटा दराज । अर्को कोठामा स-साना चार वटा मेच र २ कफी टेबुल थियो । हातमुख धुने 'बाथरुम', एउटा ऐना, रुमाल, साबुन, सानो काइँयो थियो तर सफा । एक-दुइटा लुगा, कोट र पाइन्ट झुन्ड्याउने ठाउँ ढोकाको पछाडि थियो । सबै बाथरुम म दिनको दुई-तीन पटक सफा गर्थें । एक-दुई दिनमा औषधि राखेर सफा गर्थें ।

एउटा सानो कोठामा सफाइका सामान- कुचो, ब्रुस र पुछ्ने कपडा र सामानहरू थिए ।

दोस्रो तलामा 'सर' को निजी वा सुत्ने कोठा, अलि ठुलो खाट, टेबुल, केही दराज र कोठासँगै बाथरुम थियो । दराजहरूमध्ये एउटामा लुगा र अर्को दराजमा पुस्तक, कापी र लेख्ने सामान थियो भने अर्को बन्द दराजमा सीसा नभएको हुँदा भित्र के के छ थाहा भएन ।

अन्य दुई कोठामध्ये एक लेखपढ गर्ने कोठा थियो । एउटा टेबुल, मेच र पुस्तक राख्ने खुला दराजहरू छन् । टेबुलमा सीसाले छोपेको नेपालको नक्सा र अर्कोमा विश्वको नक्सा साथै कलम र सिसाकलम राख्ने भाँडाहरू थिए । भित्तामा केही तस्बिरहरू थिए ।

अर्को एउटा कोठामा एउटा खाट, मेच र एउटा सानो दराज र कफीटेबुल थियो । यसो हेर्दा कोही पाहुना आउँदा बस्ने कोठा होला भन्ने अनुमान गर्न सकिन्थ्यो, तातोपानी राख्ने थर्मस र गिलासहरू थिए ।

माथिल्लो वा तेस्रो तलाको बिचको दक्षिण भागमा पुरानो नेपाली शैलीको कौसी छ भने पूर्वको छानाको कोठामा आमा-बुबाको कोठा छ । पश्चिम भागको दक्षिणमा भान्छा कोठा र उत्तरमा पूजा कोठा, सम्भवत: आमा-बुबाको मन्दिर !

घरको छाना झिङ्गति पुरानै शैलीको छ, सिँढीहरू पनि पुरानै काठका छन् भने भित्ताहरू लिउन लागेका पुरानै शैलीका छन् ।

(२)

सफाइपछि म नयाँ पुस्तक र समाचारपत्रहरू पढ्ने कोठाको टेबुलमा सजाएर राख्ने गर्छु, पुराना पत्रपत्रिकाहरू खुला दराजमा चाङ मिलाएकै ठाउँमा मिति मिलाएर राख्छु ।

८ बजे सर टेबुलमा आउनुहुन्छ, म माथि गएर चिया र खाजा लिएर टेबुलमा राख्छु । उहाँ चिया खाँदै समाचारपत्रहरू पढ्नुहुन्छ । कुनै कुनै पत्रिकामा रातो कलमले चिह्न लगाउनुहुन्छ । ती समाचार पत्रहरूमध्ये केहीमा 'कटिङ' अर्थात् चिह्न लगाएको शीर्षकका लेख वा समाचारहरूलाई काटेर म फाइलहरूमा मिलाएर राख्छु । विश्वका महत्त्वपूर्ण घटनाहरूबारे, साहित्य, इतिहास, लेखक, कवि, कलाकार, दार्शनिक र नेताहरूको फाइलहरूमा मिलाएर राख्नु मेरो काम हो ।

१० बजे घर पुग्छु, खाना खाईवरीमा १२ बजेसम्म पुन: 'सर' को घरमा पुग्छु । म त्यहाँ पुग्दा मेरो टेबुलमा केही टाइप गर्ने सामग्री हुन्थ्यो र टाइप गर्थें, सुरुमा कार्बन पेपर राखेर दुई प्रति बनाउँथेँ र अलगअलग फाइलमा राख्थेँ । पछि पछि कम्प्युटरबाटै दुई प्रति बनाएर फाइलमा राख्ने गरेँ ।

उहाँ खाना खाएर पुन: आफ्नो टेबुलमा बस्नुहुन्थ्यो र केही लेखेर टाइप गर्ने सामग्री मेरो टेबुलमा राखेर बाहिर जानुहुन्थ्यो । ४ बजे पुन: कोठामा पुग्नुहुन्थ्यो ।

मेरो काम टेलिफोन गर्नेहरूको नाम टिप्ने र फोन गर्नेहरूको टेलिफोन नम्बर टिपेर राख्ने गर्छु । मानिसहरू भेट्ने समय ५ बजेदेखि ७ बजेसम्म हो । भेट्ने मानिसहरूसँग उहाँ तलको कफीटेबुल भएकै कोठामा भेट्नुहुन्छ । म कफी र बिस्कुट लिएर टेबुलमा राखी माथि आएर काम गर्छु । कहिलेकाहीँ फलफूल र चिया लैजान्थेँ ।

(३)

माथि बुबा अवकाश प्राप्त ६५ वर्ष नाघेका पुराना कर्मचारी र साधारण लेखपढमात्र जान्ने घरगृहस्थी हेर्ने आमा हुनुहुन्छ । यसो हेर्दा सान्है धार्मिक स्वभावका र मसिनो स्वरमा कुराकानी गर्ने र लेखपढमा लागिरहनेहरू हुनुहुन्छ । घरमा अरू परिवार देखिनँ, सोध्ने मेसो पनि आएन ।

सम्भवत: 'सर' अविवाहित हुनुहुन्छ । कोठामा महिलाहरूले प्रयोग गर्ने श्रृङ्गारका सामान, लुगाफाटा केही देखिनँ । केटाकेटीको खेलौना, जुत्ता, चप्पल र लुगा पनि देखिनँ ।

म ६ बजे घर पुग्छु, आमाले खाना तयार गर्नुभएको खाना खाएर ७ बजे 'सर' को घर पुग्छु । हाम्रो घर र 'सर' को घर ५ मिनेटको दुरीमा छ । बुबा पनि पेन्सने कर्मचारी हुनुहुन्छ । मेरो एक जना भाइ यसै साल हाइस्कूल पास गर्दै छन् ।

७ बजे 'सर' कहाँ पुगेर माथि टेबुलमा छरिएका पत्रपत्रिका, कागजपत्र र पुस्तकहरू सम्बन्धित ठाउँमा राखेर टेबुल, मेच सफा गर्छु । केही टाइप गर्नुपर्ने विषय छ भने टाइप गरेर 'सर' को टेबुलमा राख्छु । माथि खाना खाएर उहाँ टेबुलमा बस्नुहुन्छ । रेडियो र टीभी खोल्नुहुन्छ । म ७:३० बजे आफ्नो घर जाने गर्छु । अर्थात्, ५ मिनेट अगाडि पुग्छु र ५ मिनेट ढीलो त्यहाँबाट फर्कन्छु ।

(४)

बिहान, दिउँसो र साँझ गरेर झन्डै म ९ घण्टा काम गर्छु । काम हलुकै हो र मलाई 'सर' ले २० हजार रूपैयाँ पारिश्रमिक दिनुहुन्छ ।

२-४ वर्षअगाडि मैले समाजशास्त्र र व्यवस्थापनमा स्नातक गरेकी थिएँ । मलाई अध्यापन मन पर्दथ्यो, तर नजिक कुनै निजी विद्यालय नहुँदा म कामको खोजीमा थिएँ । एक जना दिदीले मलाई 'सर' कहाँ काम गर्ने बन्दोबस्त मिलाई दिनुभयो ।

४-५ वर्षपछि मेरो विवाह हुने भयो । मैले 'सर' सँग बिदा लिएँ । सरले खाममा केही हजार रूपैयाँ उपहार दिनुभयो ।

दिउँसो ठीक १२ बजे हुलाकबाट चिट्ठी, पुस्तक र पत्रपत्रिकाको पुलिन्दा आउँथ्यो । पत्र र पुलिन्दा खोलेर एउटा एउटा मिलाएर फाइलमा पढ्न सजिलो होस् भनी चौकुने पारदर्शी सिसाको पेपरवेटले थिचेर राख्थेँ ।

४-५ बजेदेखि आउने र छलफल गर्नेहरू अनेक उमेरका युवा र युवतीहरू, पत्रकार र लेखक थिए । मेरो श्रीमान्ले कुरै कुरामा 'सर' कहाँ आफू पनि पुगेको बताउनुभएको थियो ।

मैले 'सर' को विषयमा सोध्दा उहाँले भन्नुभयो, "उहाँ भूमिगतकालका एक वामपन्थी पत्रिकाको 'स्क्रीन सम्पादकमण्डलको अध्यक्ष' हुनुहुन्थ्यो ।"

मेलै सोधेँ, "पत्रकारिता के हो ?"

पत्रकारिता थरीथरीका छन् । औषधि पसलका औषधिहरू र पसलका वस्तुहरूजस्तै ।

"कसरी ?," मैले सोधेँ ।

"व्यवस्थाको विरोधमा निस्कने,
व्यवस्थाको समर्थनमा लेख्ने,
भएको सरकारलाई पल्टाउने,
नयाँ मन्त्री र प्रधानमन्त्रीको पक्ष लिने,
अस्तित्वमा रहेका सरकार पल्टाउने र नयाँ मन्त्री र प्रधानमन्त्री बनाउन चाँजो-पाँजो मिलाउने !" उहाँले बताउनुभयो ।

फेरि मैले सोधेँ, "कसरी ?"

"बेलायतका प्रधानमन्त्रीहरू,
अमेरिकाका राष्ट्रपतिहरू,
सरकारहरूसमेत शासकका कमजोरीहरूलाई उदाङ्ग्याउँदै जनमतमार्फत उथलपुथल मच्चाउँछन् ।"

थप प्रश्न गरेँ, "के सबै पत्रकारहरू एकै प्रकारका हुन्छन् ?"

"अहँ होइन, केही चिनिएका र जानिएका हुन्छन् । बढी नजानिएका, विविधरूपका हुन्छन् । पञ्चायत कालमा ५० जना पत्रकार पास भएमा एक जना साँचो पत्रकार हुन्छ । हरेक विद्यालयमा समेत शिक्षकको रूपमा गुप्तचर हुन्थ्यो । तर, सबभन्दा बढी शासक दलहरूमा देशी र विदेशी गुप्तचरहरू हुन्छन् ।"

"मतलब ?" मैले प्रश्न गरेँ ।

मन्त्रीका विश्वासका व्यक्तिहरू, मन्त्राणी बैङ्कका मेनेजरहरूका आफन्त, मन्त्रालय र विभागका कर्मचारी, ठुलाबडाका ड्राइभर र अपरेटर आदि उहाँले केही खोल्नुभयो ।

मैले सोधेँ, "के सर पनि जुलुस, सभा र पार्टीहरूको गतिविधिमा भाग लिनुहुन्थ्यो ?"

"अहँ, म घरमै बस्ने गर्थें, समाचारहरू प्रिन्टरबाट प्रिन्ट गरेर हेर्ने, समाचारको भविष्यवाणी गर्ने, रङ्ग दिने, व्याख्या र विश्लेषण गर्ने गर्थे ।"

"म काम गर्दा त मसित वा घरका बुबा-आमासित कुनै छलफल र राजनैतिक कुरा गर्नुभएको मलाई थाहा छैन," मैले थप जिज्ञासा राखेँ ।

"उहाँकै बुबा-आमा र तिमीले बुझ्ने छैनौ, बताउने बेलासम्म त काँचो हरियो तरकारीको रूपमा रहन्छ । पत्रपत्रिकाले त्यसलाई पकाउँछ । अनि सबैले आ-आफ्नो रोजाइअनुसार ग्रहण गर्छन्," उहाँले टुङ्ग्याउनुभयो ।

(५)

'सर' कहाँ काम गर्दा मैले कहिल्यै मोबाइल चलाइनँ, न त कसैलाई फोन गरेँ । सर लेख-पढ गर्नुहुँदा अर्कै कोठामा वा तलको कोठामा काम गर्थें । घण्टी बजाएपछि वा बोलाउनु भएपछि म हाजिर हुन्थेँ । ४-५ घण्टा त्यहाँ बस्दा मुस्किलले ४-५ मिनेट कुरा हुन्थ्यो ।

बरोबर तातोपानी, चिया र कफी बनाउँथेँ । निश्चित पुस्तक र पत्रिका दिन्थेँ ।

७:३० बजे त्यहाँबाट घर पुग्थेँ र घरको काममा व्यस्त हुन्थेँ । भाइको पढाइलाई मौन भएर हेर्ने गर्थें । बस ।

(६)

श्रीमान्ले मसँग शनिबारको बिहान फुर्सदिलो ढङ्गले भन्नुभयो, "सरसँग २-४ वर्ष काम गरेर के सिक्यौ भनी कसैले सोधेमा तिमी के उत्तर दिन्छौ ?"

मैले तत्काल उत्तर दिएँ, "मैले के सिकेको र अन्हाएको त्यही काम गर्थें र त्यही मैले पाएको शिक्षा थियो ।"

लौ त सुनौँ, श्रीमतीजी भन्दै चिउँदो दायाँ हातमा अड्याउँदै ठट्यौलो पाराले भन्नुभयो । बिहान समयमै पुग्थेँ, हिजो छरिएका समाचारपत्रहरू मिलाउँथेँ, रेकर्ड राख्नुपर्ने, हेरेर चिह्नअनुसार म फाइलहरूमा नत्थी गर्थें । टेबुल, मेच र झ्याल ढोकालाई सुरुमा पानी र फनोलले भिजाएको रुमालले पुछ्थेँ र पछि सुकेको रुमालले पुच्थेँ । कोरोनाको समयमा स्यानीटाइजर भएको कपडाले पुछ्थेँ ।

"त्यही हिसाबले म दराजहरूमा सुख्खा रुमालले पुस्तकहरू झिकेर सफा गर्थें । खुला दराजमा पुस्तक र फाइलहरू झिक्दै पुछ्दै चम्काउँथेँ । अर्को कोठामा एक टेबुलमा हिजो रातिसम्मका चिया, कफी र पानी खाएका कप, गिलास र रिकापीहरू साबुनले सफा गरेर एक ठाउँमा घोप्ट्याउँथेँ ।"

"सफाइपछि म सरलाई चिया र खाजाको तयारीमा लाग्थेँ, नयाँ पत्रपत्रिका मिलाएर राख्थेँ, उहाँ शीर्षक हेरेर पत्रपत्रिका पढ्न सुरु गर्नुहुन्थ्यो ।"

"बरोबर उहाँ निश्चित किताब ल्याउन भन्नुहुन्थ्यो, म फरकफरक विषयका फरकफरक दराजबाट पुस्तकहरू लिएर उहाँको टेबुलमा राख्थेँ ।"

श्रीमान् मुसुमुसु हाँस्दै सुन्दै हुनुहुन्थ्यो ।

कविता

## चुँडिने हरेक बन्धन स्वतन्त्रताको भूमिका बन्छ

✍ *हरिबहादुर श्रेष्ठ*

(१)

भर्खर काम सिक्न लागेका कालिगड
आफ्नै ज्यावलदेखि रिसाएजस्तै
कति हाकिम बनेका अयोग्य मपाइँहरू
आफ्नै मित्रहरूबाट रिसाउँछन्,
आफ्नै छायालाई आफ्नै शत्रु सम्झेर अनाहकमा तर्सन्छन्
भित्री अपराध र पाप पोलेर बरबराउन थाल्छन्
मतिभ्रम र बुद्धिहीन भएर तिनीहरू
दूधे ढुङ्गालाई हिलो छ्यापेर मैलाउन र गलाउन खोज्छन्
एक ढुङ्गा फालेर महासागरलाई धमिल्याउन खोज्छन्,
दनदन बलेको सूर्यलाई तिनीहरू
थुकेर निभाउने दुस्साहस र मूर्खता गर्छन्
जाज्वल्यमान भएर बलिरहेको चिरागलाई
खान खोज्ने कीरा-फट्याङ्ग्राहरूजस्तै तिनीहरू
क्रान्तिको बल्दो ज्वालालाई 'सस्पेन्ड', 'मुल्तबी' र
'कारबाही' को मूर्खताले निभाउन खोज्छन् ।

(२)

'तर्कहीन मानिस रिसाउँछन्' लेनिनले हामीलाई सिकाउनुभएको छ
क्रान्तिको बोली बोल्ने तर भाव र भाषा नबुझ्ने
नक्कली क्रान्तिकारीहरू तर्कले हारेर
रिस पोख्न चाहन्छन्, लाज छोप्न चाहन्छन् बहुलाएर
हिमालयमाथि 'कारबाही' को मुक्का हानेर आफै मार खान्छन् ।

(३)

उज्यालो देख्न नसक्ने अन्धाहरू
घाम देख्न नसक्ने चमेरा र लाटाकोसेराहरू
सच्चाइको निम्ति लड्न नसक्ने हुतिहारा क्रान्तिकारीहरू
निर्लज्ज भएर बाँचिरहेका पशुहरू
धिक्कार छ, तिमीहरूलाई बारम्बार धिक्कार !
न्यायको निम्ति लड्न नसक्ने कातर 'बहादुरहरू'
'ज्यू' 'हजुर' ले मक्किएका दरबारियाहरू
सबै अर्थमा कासीबास पाएका जिउँदा मुर्दाहरू
आफ्नो मकुन्डोलाई उघार
नत्र तिमीहरूलाई जनता आफैँ नङ्ग्याउने छन् ।
'कारबाही' को नामबाट आफ्नो पाप पखाल्न खोज्ने
हार स्वीकार्न नचाहने लाजमर्दा ए, जिउँदा लासहरू
मर, सर आफ्नै थुकमा डुबेर मर !
लाज पचिसकेका जालीफटाहा, बेसर्मी ठग र भँडुवाहरू
'एकताको नाममा फूटका बीउ छर्ने' स्वार्थी कीराहरू
खोर्सानीका बोटहरूमा झुन्डिएर मर, आफैँ सेरिएर मर !
'पटुचा'मा डुबेर मर्न नसक्ने
'नाङ्गा नाचे हजार दाउ' का हकदारहरू
'कारबाही' को बञ्चरोले आफ्नै खुट्टामा हिर्काउने मूर्खहरू
तिमीहरू आफ्नो चिहान आफैँ खन्दै छौ ।

(४)

तर याद गर !
उठ्दो क्रान्तिकारी ज्वार र जवानीमाथि
सडेगलेको संशोधनवादको कसिँदै जाने हरेक बन्धन
टुक्रा-टुक्रा भएर चुँडिनेछन् र
त्यस्ता चुँडिने हरेक बन्धन
स्वतन्त्रता र मुक्तिको निम्ति एक भूमिका बन्ने गर्छ ।

*(फेब्रअरी - मार्च १९७६)*

*-स्रोत : आकाश बाँधिएको छैन*

**भारतमा...**

गर्यो । दैनिक आधारभूत वस्तु सुलभताको ग्यारेण्टी गऱ्यो । सार्वजनिक विद्यालयको गुणस्तर उठायो । केरलामा यो खालको क्रान्तिले कांग्रेसलाई टाउको दुख्नु स्वाभाविक थियो । काङ्ग्रेसले क्याथोलिक चर्चको प्रयोग, जमिन्दारहरूको सहयोगमा किसान भूमि समस्या पूर्णरूपले समाधान गर्ने भन्दै सन् १९५९ मा केरला राज्य हातमा लियो । तर जनताका लागि त्यो आश्वासन 'माछा माछा भ्यागुतो' सावित भयो । त्यसपछि पुन सिपिआई (मार्क्सवादी) को नेतृत्वमा केरला प्रशासन आयो । त्यसपछि भूमिसुधारको कार्यक्रम व्यवस्थित ढङ्गले फत्ते गरियो । सन् १९९३ सम्म २८ लाख किसानले आफ्नो जमिनमा स्वामित्व पाए । ६ लाख हेक्टरभन्दा बढी जमिन वितरण भयो । सन् १९९६ सम्म मा ५ लाख २८ हजार सर्वहारा किसानलाई घर बनाउने जग्गा दिइयो । किसानहरूले साँचैको राहत अनुभव गरे । किसानको व्यवस्था, गरिब जनताको व्यवस्था केरलामा स्थापित भयो । देशैभरी केरला मोडल चर्चामा आयो । केरला मोडल भन्नाले जनताको सामान्य जनजीविकाका समस्या तुरुन्त हल गर्ने, जनसहभागिता र जनसहयोगबाट विकास निर्माण गर्ने, शिक्षा र स्वास्थ्यमा बढी लगानी गर्ने मोडल हो । कम्युनिस्टहरू जितेसम्म केरला कामदार जनताको स्वर्ग बन्यो ।

पश्चिम बङ्गालमा पनि सीपिआई र मार्क्सवादीको सहकार्यमा चुनाव जितेका थिए कम्युनिस्टहरूले । सार्वजनिक लगानी र किसानका लागि भूमिसुधारको कार्यक्रममा जोड दिइयो । त्यहाँ ज्योति बसु मुख्यमन्त्री बने । उनले पश्चिम बङ्गालमा भोकमरीविरुद्ध खाद्य आन्दोलन चलाएको इतिहास छ । त्रिपुरा कम्युनिस्टहरूको अर्को विजय भूमि हो । त्यहाँ सन् १९४८ देखि सन् २०१८ सम्म कुनै न कुनै रूपमा वामपन्थीहरू नै सरकारमा थिए । पछि षड्यन्त्र र अस्वस्थ चुनावले त्रिपुरा भाजपाको हातमा गयो ।

यद्यपि, यी कम्युनिस्ट नेतृत्वको सरकार बनेका राज्यहरूमा आज पनि कम्युनिस्ट आन्दोलन बलियो छ भन्ने पुस्तकको ठम्याइ हो । सन् १९९१ तिर भारतमा नवउदार युग सुरु भयो । एकातिर सोभियत रुसको पतन हुनु अर्कोतिर भारतमा फासिवादी राष्ट्रिय स्वयमसेवक सङ्घको उदयले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनायो । भाजपाको उदयले झन कम्युनिस्ट आन्दोलन तुहाउने षड्यन्त्र सघन बन्यो । आर्थिक रूपमा मात्र होइन भेदभाव, जातीय दङ्गा, हत्याहिंसा, आतङ्क बढ्यो । आजपनि कम्युनिस्ट आन्दोलन कामदार वर्गीय भारतीय जनताको पक्षमा लड्दै छ । भारतमा बढ्दो महिला हिंसा र शोषणविरुद्ध आवाज उठाउँदै छ । आज किसान आन्दोलनको साथी भनेकै कम्युनिस्ट पार्टी हुन भन्दा फरक पर्दैन । संरा अमेरिकाको साम्राज्यवादी बाटोमा हिँडेको भाजपाको फासीवादी शासनविरुद्ध भारतीय कम्युनिस्टहरू लडिरहेका छन् । पुस्तकको विश्लेषणअनुसार कम्युनिस्ट आन्दोलनको सय वर्षमा नवउदारवादी युगको उदयपछि आन्दोलन कमजोर बनेको हो तर अझै आफ्नो सिमा र अवसर पहिचान गर्दै आन्दोलन अघि बढाउन सके भारतीय जनताको भविष्य सुखद् हुन सक्दछ । भाजपाको बर्बरता रोक्न कम्युनिस्ट आन्दोलनको विकल्प छैन ।

त्राइकन्टिनेन्टल नामको सामाजिक खोज संस्थाबाट प्रकाशित यस पुस्तकले भारतमा कम्युनिस्टहरूको अवस्थाको सानो शब्दचित्र प्रस्तुत गरेको छ । नेपाली जनता आफै भारतीय विस्तारवाद र एकाधिकार पुँजीको शोषणमा परिरहेको बेला भारतभित्र भारतीय शासकहरूविरुद्ध लड्ने भारतीय कम्युनिष्टहरू नेपाली जनताका मित्र हुन् भन्ने बोध पुस्तकले गराउँछ । नेपालको किसान आन्दोलन र कम्युनिस्ट आन्दोलन पनि भारतको कम्युनिस्ट आन्दोलनसँग मिल्दोजुल्दो अनुभव हुन्छ । नेपाली पाठकका लागि यसको तुलनात्मक अध्ययन अझ फलदायी बन्नेमा कुनै शङ्का छैन । पठनीय पुस्तकका लागि प्रकाशकमा साधुवाद ।

# सुर्खेतमा किसान र मजदुरहरूको भेला

सुर्खेत । वीरेन्द्रनगर वडा नम्बर ९ मा किसान र मजदुरहरूको शनिबार भेला भयो । भेलामा नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले व्यवस्थित सहर बसाल्नुपर्नेमा सो विपरीत जग्गा दलालहरूले कृषियोग्य भूमि प्लटिङ गरिरहेका छन् भन्नुभयो ।

सरकारले कृषिलाई प्राथमिकता नदिँदा नेपाली भूमि बाँझो भइरहेको र भारतबाट तरकारीलगायत अन्न आयात गर्नु परिरहेको छ भन्दै यस्तो हुनुमा सरकारमा जाने पार्टीहरू दोषी रहेको बताउनुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाहीले पार्टीका साथीहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको सेवा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अकल राना, नेपाल क्रान्तिकारी मजदुर सङ्घ प्रथम जिल्ला सम्मेलन तयारी समितिका संयोजक निरकबहादुर शाही, लोकबहादुर शाही, देवीराम सिजापति, समीक्षा दाहाललगायतले बोल्नुभएको थियो ।

---

**अध्यक्ष...**

उहाँले सरसफाइ र पर्यावरणको सम्बन्ध जोडिएका जात्रा चाडपर्व र त्यसको महत्त्वबारे प्रस्ट पार्नुभयो ।

वाग्मती प्रदेशका सभासद् सृजना सैंजुले कुनै पनि पेसा राजनीतिसँग अलग नहुने धारणा राख्दै अग्रज पुस्ताले भक्तपुरको दीर्घकालीन सोचका साथ अगाडि सारेको ज्वलन्त उदाहरण ख्वप अस्पताल भएको र त्यसलाई पूरा गर्नु आजको पुस्ताको दायित्व हो भन्नुभयो ।

उहाँले निकृष्ट राजनीति भनेको पदको लोभमा फस्नु हो भन्दै अहिले वाग्मती प्रदेशलगायतमा सत्तामा पुग्नेहरू पदको लोभ र हानथापमा पर्नु दुर्भाग्यको कुरा हो भन्नुभयो ।

उहाँले प्यालेस्टिनी जनतालाई दु:खको बेलामा समेत चिकित्सकहरूले सेवाभावले आफ्नो ज्यानको ख्याल नगरी कार्य गर्नु उदाहरणीय भएको चर्चा गर्दै चिकित्सकहरूले उच्च नैतिकताका साथ कार्यक्षेत्रमा इमानदारीपूर्वक कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारी, ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल, इन्टरनल मेडिसिनका डा. अमर प्रजापति र डा. रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको थियो ।

---

**शिक्षामन्त्री...**

बुढानिलकण्ठ धनीका सन्तानहरूले मात्रै पढ्ने भनी परिचित विद्यालय हो । कुनै बेला राज परिवारका सन्तानहरू पनि त्यहीँ पढ्थे । सुविधासम्पन्न त्यस विद्यालयका लागि तत्कालीन सरकारहरूले वर्षको करोडौँ बजेट विनियोजन गर्थे । पञ्चायतकालदेखि राज्यको ढुकुटीबाट केही धनीका सन्तानहरूले मात्रै फाइदा लिँदै आए । त्यतिबेला पनि त्यस विद्यालयबारे आलोचना हुने गर्थ्यो । आज गणतन्त्र कालमा एउटा सामान्य सूचनासमेत मन्त्रीकै मुखबाट विज्ञापन गरेको सुन्नुपर्दा पञ्चायत समाप्त भए पनि त्यसका अवशेषहरू बाँकी नै रहेको अनुभव गरायो । नयाँ मन्त्रीका गलत सल्लाहकारहरूको कारण पनि त्यस्तो भएको हुन सक्छ ।

सारा विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई नियमित खाजा खर्चको व्यवस्था, आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि पर्याप्त बजेट विनियोजन, गुणस्तरीय शिक्षामा ध्यान दिन सके एउटा होइन, देशैभरका शिक्षालयहरू राम्रा हुनेछन् । यसभन्दा अघि नभएका र गर्न नसकेका शैक्षिक सुधारका कार्यहरू वर्तमान शिक्षामन्त्रीबाट भएमा नै जनताले नयाँ शिक्षामन्त्री आएको अनुभूति गर्न पाउने छन् ।

मन्त्रीले एउटा 'सिसी' को पानी सफा गर्नेतिर होइन, पानीट्याङ्की ( रिजरभायर) नै सफा गर्नेतर्फ ध्यान दिनु आवश्यक छ । मन्त्री हुनु भनेको व्यक्तिगत इच्छा वा रहर पूरा गर्ने मात्रै होइन पदअनुसारको आचरण र पदीय जिम्मेवारी पूरा गर्न आवश्यक छ । पदीय जिम्मेवारी पूरा गर्न नसक्नेहरू इतिहासमा बिलाएर जानेछन् । यसर्थ मन्त्री श्रेष्ठले देशको शिक्षा सुधारकै निम्ति आफ्नो क्षमताको प्रयोग गर्ने र आगामी दिनमा एउटा विदेशी लगानीमा सञ्चालित विद्यालयको प्रवक्ताको रूपमा काम गर्ने छैन भन्ने नेपाली जनताको आशा छ ।

---

**कामदारवर्गसँग...**

सम्पदामा धनी काठमाडौँ उपत्यकामा रहेका कला, संस्कृति जगेर्ना गर्न ध्यान दिनुपर्ने सरकारले द्रुत मार्गजस्तो अरबौँ रकम चाहिने परियोजना ल्याएर यहाँको संस्कृति सम्पदा म्हास्ने कामको विरोध गर्नुभयो । तीन दशकभन्दा बढी समय शासन सत्तामा पालैपालो राज गर्ने शासक दलको नेतृत्वको पछि लागेर देश बचाउन वा विकास गर्न नसकिने बताउँदै उहाँले भन्नुभयो, "सडक, सदन र सबै ठाउँमा सांस्कृतिक दमन र अतिक्रमणविरूद्ध सङ्घर्षलाई निरन्तरता दिँदै जानु आवश्यक छ ।"

प्यालेस्टिनमाथि इजरायलको नरसंहारको विरोधमा संसारभर प्रदर्शन भइरहेको चर्चा गर्दै उहाँले इजरायलको नरसंहारविरुद्ध नेमकिपाले जनतालाई सचेत गर्दै आएको छ भन्नुभयो । उहाँले भन्नुभयो, "प्राकृतिक प्रकोप, भूकम्प, बाढी, पहिरो होस् वा कोरोना महामारी जुनसुकै समयमा पनि गरिब कामदारवर्गका जनता मर्नुपरेको स्थिति छ । पुँजीवादी व्यवस्थाको विकल्प समाजवादी व्यवस्था नै हो ।"

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पुँजीवादी दलहरूले गरिब जनताको हितमा कहिल्यै काम नगर्ने हुनाले क्रान्ति वा आमूल परिवर्तनका लागि क्रान्तिकारी साहित्यहरूको रचना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "अन्याय, अत्याचारविरुद्ध लड्ने भावनाले काम गर्न नसकेसम्म कामदार जनताको मुक्ति सम्भव छैन । जबसम्म ठग, भ्रष्टहरूलाई शासन सत्तामा पुऱ्याउने जनता राजनीतिक र वर्गीयरूपमा सचेत हुनेछैनन् । पैसा वा अन्य लोभ प्रलोभनमा नपरी जनताका सच्चा उम्मेदवारहरू चुनावमा जिताउने छैनन् तबसम्म देश र जनताले दु:ख पाउनेछन् ।"

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य एवम् ललितपुरका अध्यक्ष ममिता श्रेष्ठले समाज परिवर्तनको लागि महिलाहरू राजनैतिक रूपमा सचेत बन्न आवश्यक भएको, व्यापक महिलाहरूलाई शिक्षित गर्नु महिला कार्यकर्ताहरूको जिम्मेवारी भएको र समाजवादी बन्दोवस्तमा मात्र महिला पुरुषबिचको भेदभाव क्रमश: अन्त्य हुनुका साथै सम्पूर्ण कामदार महिलाको हितमा कार्य हुने, शोषणको अन्त्य हुने, रोजगारको सुनिश्चि हुने र व्यक्तित्व विकासमा समान अवसर मिल्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य तथा ललितपुर अध्यक्ष महेन्द्र ब्रह्नचार्यले युवा परिवर्तका वाहक भएको, देशको उन्नति प्रगतिमा युवाको भूमिका अहम हुने भएको हुँदा युवाहरूलाई स्वदेशमै रोजगारको व्यवस्था गर्नुपर्नेमा सत्ताधारी पार्टीले युवाहरूलाई सस्तो ज्यामीको रूपमा खाडीलगायतका देशहरूमा बेचिरहेकोमा विरोध गर्नुभयो ।

ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका वडा नं. ६ थसीका वडाध्यक्ष धर्म महर्जनले यस्तो नेपालभाषा साहित्यिक कार्यक्रम निरन्तर गर्न आवश्यक भएको उल्लेख गर्दै हामीले बालबालिकासँग नेपालभाषामै कुरा गर्नु आवश्यक भएकोमा जोड दिँदै थसीमा यस्तो कार्यक्रम आयोजना गरेकोमा नेपाल भाषा साहित्य त:मुज्यालाई धन्यवाद दिनुभयो ।

नेपालभाषा साहित्य त:मुज्या ललितपुरका अध्यक्ष कविन्द्र डंगोलले नेपालभाषा बोल्न लेख्न नेवार समुदायले छोड्न नहुने र हरेक भाषाको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित समुदायको मात्र नभई सरकारको पनि भएको उल्लेख गर्दै कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरी सफल गर्न बल पुऱ्याउनुहुने सबैलाई धन्यवाद दिनुभयो ।

त:मुज्या आयोजक समितिका संयोजक महन्त महर्जनले थसीमा नेपालभाषा साहित्य त:मुंज्या गरी यहाँका जनतालाई थप शिक्षित र सचेत गर्न पाएकोमा आफूहरू लागेको बताउँदै एक कविता सुनाउनुभयो ।

महिला सचेतनाका अगुवा सुजिता महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्थानीय इन्द्र महर्जन, मनिष महर्जन र नेपाल भाषा साहित्य त:मुज्या काठमाडौँ महानगरका अध्यक्ष रत्ना शेर्पा डंगोललगायतले आफ्नो विचार पोख्नुभयो ।

प्रतियोगितात्मक साहित्य सम्मेलन कार्यक्रममा काठमाडौँ टोखाका साहित्यकार शैलेश डंगोल प्रथम, कीर्तिपुर पाँगाका रमेशमान महर्जन द्वितीय, ललितपुर थसीका रूपा महर्जन तृतीय तथा काठमाडौँ विशालनगरका नरमान महर्जनले सान्त्वना पुरस्कार जित्नुभएको थियो ।

अतिथि साहित्यको रूपमा साहित्यकारहरू लक्ष्मीनारायण दुवाल, हरिसुन्दर पोतामाहाँ, सुनिता गाइसी, एलके सन्दर, सुवर्ण महर्जन, रामेश्वर जलन, शान्त महर्जन, प्रेम प्रजापति, मदन श्रेष्ठ, रत्ना डंगोल, सुजिता महर्जनले पनि साहित्य प्रस्तुत गर्नुभयो । साथै अन्य साहित्य वाचन गर्नेहरूमा आशाराम महर्जन, विन्द्रा महर्जन र रूपसहना महर्जनलगायतका हुनुहुन्थ्यो ।

सोही अवसरमा जनगायक चन्द्रबहादुर श्रेष्ठको गीत, गायक तथा कलाकार सरस्वती मानन्धर तथा आशिष डंगोलको युगल गीत, राजु पाँती नेतृत्वको 'इन्द्रेणी भजन खल' का कलाकारहरूको प्रगतिशील भजन, विष्णुभक्त कुसी नेतृत्वको 'पासा पुच:' ख्वपका कलाकारहरूको देशभक्ति तथा प्रगतिशील गीतहरू प्रस्तुत भएको थियो ।

त्यस्तैगरी स्थानीय सिद्धिपुर नगरा बाजा भजन खल:, श्रीकृष्ण हरिभजन खल:, बैठक भजन खल: र रामद्वारे भजन खल: का कलाकारहरूले धुन, भजन, गीत प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा अतिथि सुवालले थसी देथकाली ९८ वर्षीय जीतलाल महर्जन, लिपि गुरु सुदेनकुमार महर्जन, लिपि सिकाउने ग्वसाखल: लश:पासा पुच: लाई दोसल्ला र प्रमाणपत्रले सम्मान गर्नुभयो । त्यस्तै थसी देका स्थानीय १० वटा दाफा र भजन खललाई प्रमुख अतिथि सुवालद्वारा दोसल्ला र प्रमाण पत्र प्रदान गरी सम्मान गरिएको थियो भने प्रभात ई. स्कूल भक्तपुर, परिणति ई.स्कूल, काठमाडौँका विद्यार्थीहरूले आकर्षक गीति नृत्य प्रस्तुत गरेका थिए ।

---

**वाग्मती...**

बेहाल स्थितिमा पुगेको छ । नेपालको खास सङ्कट भनेको नैतिकताको सङ्कट हो । नैतिकताको सङ्कटकै कारण राजनीतिक र आर्थिक सङ्कट निम्तिएको हो ।"

एक मनोचिकित्सकको भनाइलाई स्मरण गर्दै सांसद गोसाईले भन्नुभयो, "सधैँ पद र पैसाको कुरा गर्ने र पद र पैसाको लागि मरिहत्ते गर्नु एकप्रकारको मनोरोग हो, मनोरोग एक प्रकारको पागलपन हो । यसतर्फ शासक पार्टीहरू सचेत हुनैपर्छ ।"

नेमकिपाले विगत ३३ वर्षदेखि नेपालको संसदीय व्यवस्थामा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको र गरिरहने स्पष्ट पार्दै उहाँले विश्वासको मतमा नेमकिपा तटस्थ बस्ने बताउनुभयो ।

---

# अवकाशपछि पनि सामाजिक गतिविधिमा लाग्न बिजुक्छेँको सल्लाह

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरूलाई शुक्रबार एक कार्यक्रमबिच कदरपत्रका साथ सम्मान गर्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा भएको उक्त कार्यक्रममा कर्मचारीहरूलाई मार्गनिर्देश गर्दै अध्यक्ष बिजुक्छेँले संस्थाको हितविपरीत संस्थालाई नोक्सान हुने काम गर्नेलाई दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने बताउँदै उहाँले जनताले सरकारलाई तिर्नुपर्ने कर समयमै तिरी आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भन्नुभयो ।

अवकाश प्राप्त कर्मचारीहरूले अवकाशपछिका जीवनलाई पनि क्रियाशील ढङ्गले सामाजिक गतिविधिहरूमा लाग्न प्रेरित गर्दै उहाँले कर्मचारीहरूले सचेत भएर काम गरेनन् भने संस्थालाई नकारात्मक असर पुग्नेप्रति सचेत हुनुपर्छ भन्नुभयो ।

भक्तपुर देशकै सानो जिल्ला भएकोले भक्तपुरलाई टेस्ट ट्युबको रूपमा विकास गर्न सकिने विचार व्यक्त गर्दै उहाँले भक्तपुरको विकासलाई अझ परिष्कृत ढङ्गले अगाडि बढाउन आवश्यक भएको बताउनुभयो ।

सहकारी संस्थाहरूले सहकारीको भावना र मर्मअनुसार काम नगरेको हुँदा अहिले धेरै जनता सहकारीबाट पीडित भएको उल्लेख गर्दै उहाँले जनतामाझ सहकारी शिक्षाबारे पनि कक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कर्मचारीहरू राम्रा भए जनताले सहज सेवा पाउने स्पष्ट पार्दै संस्थालाई गलत दिशामा लानबाट रोक्न कर्मचारीको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

कर्मचारीहरू राजनीतिक प्राणी पनि भएको हुँदा देशमा भइरहेका विभिन्न राजनैतिक गतिविधिबारे जानकारी राख्नु आवश्यकता औँल्याउँदै उहाँले कर्मचारीहरूले नेतृत्वसँग समन्वय गरी जनप्रतिनिधिको नीति र निर्देशन राम्रोसँग पालना गरी काम गरे संस्था व्यवस्थित ढङ्गले अगाडि बढ्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त सहकार्य र हातेमालोले गर्दा भक्तपुर देशकै नमुना नगरको रूपमा परिचित बनेको बताउँदै जनताको भावना बुझेर काम गर्न कर्मचारीहरूलाई मार्गनिर्देश गर्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले राजनीतिकरूपले सचेत कर्मचारीले मात्रै देश र जनताको हितमा काम हुने चर्चा गर्दै कर्मचारीहरूले अध्ययनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । भ्रष्ट कर्मचारीहरूलाई संरक्षण गर्ने काम शासकहरूबाटै हुँदै आएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले सङ्घीयताको सफल अभ्यास गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले ३० वर्ष आफ्नो कार्यकालको अनुभव सुनाउँदै कर्मचारीहरूलाई देश र जनताप्रति दत्तचित्त भएर काम गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका १५ जना र सेवा निवृत्त ८ गरी २३ जना कर्मचारीलाई प्रमुख अतिथि बिजुक्छेँले कदरपत्र र नगर प्रमुख प्रजापतिले पुष्प गुच्छाका साथ सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा कर्मचारी एशोसिएनका विकास प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो भने राजेश दिष्टिले पनि बोल्नुभएको थियो ।

---

**पर्यटनलाई...**

सांसद सुवालले भन्नुभयो, "नेपालको पर्यटन उद्योगलाई टेवा पुऱ्याउने घरेलु तथा साना उद्योग पनि हो । भक्तपुरको मौलिक उत्पादन दही, भादगाउँले टोपीलगायत हस्तकलाका उत्पादनलाई प्रवर्द्धन गर्नु जरुरी छ । पर्यटन उद्योगलाई टेवा पुऱ्याउने जलमार्ग र पर्वतीय पदमार्ग अवरुद्ध पारिएको छ । भारतलाई बिजुली बेच्ने निहुँमा नेपालका नदीनालामा जलविद्युत् उत्पादन योजना राखिएको हुँदा जलमार्ग अवरुद्ध भएको र पहाडमा सडक निर्माण गर्न डोजर चलाइँदा पर्वतीय पदमार्ग बिग्रिएको सम्बन्धित क्षेत्रका सरोकारवालाहरूको गुनासो छ ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले घरेलु मेला आयोजनाले घरेलु उत्पादनबारे प्रचारप्रसार हुनुका साथै व्यापार प्रवर्द्धनमा समेत मद्दत पुग्ने बताउँदै भक्तपुरको जुजु धौ, भादगाउँले टोपी, हाकुपटासी, टाइचिन च्युराजस्ता वस्तुहरू विश्व बजारमा पुऱ्याउन सके त्यसले देशको आर्थिक विकासमा मद्दत पुग्ने बताउनुभयो ।

हरेक वस्तु विदेशी उत्पादनमा भर पर्दा नेपालको उत्पादन घट्नुका साथै बेरोजगारीको समस्या पनि बढ्दै गइरहेको स्पष्ट पार्दै उहाँले घरेलु उत्पादनहरूलाई नेपालमा मात्र नभई विदेशी बजारसम्म पुऱ्याउने वातावरण सिर्जना गर्न सके विदेशी मुद्रा आर्जन गर्न टेवा पुग्ने बताउनुभयो ।

युवाहरूलाई उद्यमशील बनाउने नीतिअनुरूप भक्तपुर नपाले युवा उद्यमशीलता ऋणसम्बन्धी कार्यविधि नगरसभाबाट पारित भइसकेको अवगत गराउँदै स्वदेशी वस्तु उपभोगमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुरका प्रजिअ रोशनीकुमारी श्रेष्ठले महिलालक्षित वित्तीय साक्षरता र उद्यमशीलताबारे प्रशिक्षण आवश्यक भएको उल्लेख गर्दै यस किसिमका मेलाहरूमा उपत्यकाभित्र रहेका तर लोप हुन लागेका मौलिक कला संस्कृतिको प्रवर्द्धनमा पनि अग्रसरता लिनुपर्ने बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजाले मेला आयोजनाको उद्देश्यमाथि प्रस्ट पार्दै स्थानीय सरकारले ससाना उद्योग बचाउन बजेटको व्यवस्था गरी संरक्षण गर्ने नीति लिनुपर्ने बताउनुभयो । भक्तपुर नपामा कोसेली घर निर्माणको खाँचो रहेको औँल्याउँदै उहाँले भक्तपुरका मौलिक र स्थानीय सामग्री प्रवर्द्धनमा स्थानीय तहको अग्रसरता महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष जगत प्रजापति, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका पूर्वअध्यक्ष चन्दनकृष्ण बाडे, उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख आशिष दाहाल र भक्तपुर पर्यटन विकास समितिका सचिव दिपेश वेंजुले पनि मेला आयोजनाको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रमपश्चात् प्रमुख अतिथि तथा अतिथिहरूले मेलाको अवलोकन गर्नुभएको थियो ।

संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला २०८० उद्योग तथा वाणिज्य कार्यालयको सहकार्य तथा भक्तपुर पर्यटन विकास समितिको संयोजनमा भएको हो । मेला चैत आज बिहान १० बजेदेखि साँझ ६ बजेसम्म न:पुखु परिसरमा हुनेछ प्रवेश शुल्क नि:शुल्क गरिएको आयोजकले जनाएको छ ।

---

# डाँडापराजुलमा कार्यकर्ता भेला

दैलेख । नेपाल क्रान्तिकारी महिला सङ्घ डुङ्गेश्वर गाउँ समितिको आयोजनामा शनिबार डाँडापराजुलमा कार्यकर्ता भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरूङले विश्वका क्रान्तिकारी महिलाहरूको जीवन सङ्घर्षबाट शिक्षा लिई कार्यकर्ताहरू राजनीतिकरूपमा सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

नेमकिपा दैलेखका जगत वलिले सामन्तवाद र पुँजीवादको विरोधमा वर्गीयरूपमा आन्दोलन अगाडि नबढाएसम्म परिवर्तन नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा बिजुकला राना, खगिसरा रेग्मी, विन्दुलाल रेग्मी, शिवराज दाहाल, हिरामणि न्यौपाने र देवी रेग्मीले पनि बोल्नुभएको थियो ।

त्यस्तै नेमकिपाका अग्रज कार्यकर्ता देवी महतरा निधनको ११ औँ स्मृतिसभा आइतबार भयो । सभामा पार्टीका केन्द्रीय सदस्य नर्मा गुरूङले स्वास्थ्य उपचार नि:शुल्क नहुँदा कामदार जनता उपचार नपाई असमयै मर्नुपर्ने स्थिति रहेको बताउनुभयो । कार्यक्रममा जगत वलीले पनि बोल्नुभएको थियो ।

---

## हार्दिक समवेदना



गुराँस गा.पा.–५, दैलेख स्थाई ठेगाना भई हाल खजुरा गा.पा.-३, बाँके बस्ने दिवङ्गत कर्णबहादुर महतराकी पत्नी तथा सुस्मा बी.सी., यमलाल महतरा, लोकेन्द्र महतरा, हिमालय महतरा, पार्वती कँडेल र ओमप्रकाश महतराकी ममतामयी माता **देवी महतरा**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जन्म**: २०१५/०३/०५
**निधन**: २०८०/१२/०८

**नेपाल मजदुर किसान पार्टी**
जिल्ला समिति, बाँके

## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

एकक्षण

प्रधान

# राजनैतिक नेताहरूको आदर निकेतन

✍ प्रधान

*(हरेक देशको एक कालखण्डमा राजनैतिक नेता र कार्यकर्ताहरू घर छोडेर विभिन्न जिल्ला र प्रवासमा काम गर्थे । जेल जीवन भोगेपछि, देशले स्वतन्त्रता र मुक्ति पाएपछि तिनीहरूको आवश्यकता घट्दै गएको हुन्छ । छोराछोरी छैनन्, भाइ-बहिनीहरू आ-आफ्ना बाटा लागिसकेका हुन्छन् र राज्य र समाजमा पूर्व राजनैतिक नेता र कार्यकर्ताका बारेमा बोल्ने कोही हुँदैनन् ।*

*तर, तिनीहरूको मन र मस्तिष्कमा सदा देश एवम् जनताको दीर्घकालीन हितबारे चिन्तन भइरहेको हुन्छ । कतिपय देशमा राज्य र समाजले राजनीतिका अग्रदूतहरूको हितको निम्ति देशका अन्य ज्येष्ठ नागरिकहरूलाई जस्तै आदर निकेतनको ऐन-कानुनको बन्दोबस्त गरिएको हुन्छ र समाजले त्यसलाई आफ्नो जिम्मा लिन्छ ।)*

XXX

७० वर्ष नाघेका राजनैतिक व्यक्तिहरू आदर निकेतनको ठुलो टेबुल र मेचले घेरिएको एक अध्ययन कक्षमा आ-आफ्नो स्थानमा बस्दै दैनिक र साप्ताहिक अखबारका शीर्षक हेर्दै अनौपचारिक छलफल र चिन्तनमनन गर्दै गरेका हुन्छन् ।

एक स्वास्थ्य परिचारिका आएर भन्छिन्- “बुबाहरू, ९ बज्यो, अबको केही समयमा कपाल काट्ने दाइहरू आएर हजुरहरूको कपाल र दाह्रीजुँगा काट्ने काम सुरु गर्नुहुनेछ । हजुरहरू पल्लो कक्षमा गएर बसिदिनुहुन आग्रह गर्छु ।”

एक छिनपछि ज्येष्ठ नागरिकहरू हाँस्दै एक-एक गरी पल्लो कोठामा जान्छन् र केहीलाई अन्य स्वास्थ्य परिचारिकाहरूले पल्लो कोठामा जान सहयोग गर्छन् ।

पछि उहाँहरू स-साना स्नानगृह र सामुहिक ठूलो स्नानगृहबाट सुकिलो लुगा लगाएर निस्कनुहुन्छ । स्नानगृहबाट सहयोगीहरूले ठुल्ठुला बाल्टिनहरूमा औषधी र साबुन लगाएर सफा गर्नुपर्ने लुगाहरू निश्चित लुगा धुने कक्षमा लगिरहेका हुन्छन् । तातोपानीमा औषधि मिलाएको कपडा धोएर सुकाइन्छ । ती लुगा धोएको पानीलाई एक सिसीमा परीक्षणको लागि प्रयोग गर्न लैजान्छन् र अरू पानी ढलमा पठाउँछन् । घाममा सुकाउँदै, इस्त्री गर्दै वा पानी पर्दा कोठामा बिजुलीले न्यानो बनाएको कोठामा सुकाएपछि इस्त्री गरेर कोठा नम्बरअनुसार परिचारिकाहरूले कोठा-कोठामा सुकिलो लुगा पुऱ्याउँछन् ।

(२)

बाह्र बजेर केही मिनेटमा ज्येष्ठबाहरू सामुहिक भान्साघरमा आ-आफ्नो स्थानमा बसेर बिहानको खानाको पर्खाइमा हुन्छन् । तत्काल टेबुलको नम्बरअनुसारको प्लास्टिकले मोडेको थाल पस्किन्छन् । प्लास्टिक खोलेपछि थालमा काँटा-चम्चासहितको रिकापीमा खाना पस्किन्छ, दूध, दही र अन्य पेय पदार्थ पनि फरक-फरक गिलासमा ल्याइएको हुन्छ । आ-आफ्नो रुचि र चिकित्सकको सिफारिसअनुसार खानाको परिकार पस्किएको हुन्छ ।

खाना खाएपछि बा र हजुरबाहरू पुनः अध्ययन कोठामा पुग्नुहुन्छ र पत्रपत्रिकाका शीर्षकहरू हेर्नुहुन्छ । त्यसैबेला रेडियो र टीभीका च्यानलहरू खोल्न रिमोट चलाउनुहुन्छ । ५-१० मिनेटको समाचार सुनेर वा हेरेर उहाँहरू २ बजेसम्मको निम्ति आ-आफ्नो कक्षमा आराम गर्न जानुहुन्छ ।

(३)

तीन बजेपछि आ-आफ्नो कोठाबाट पुनः खाजाको निम्ति हजुरबुबाहरू भोजन गृहमा पुग्नुहुन्छ । उहाँहरू आ-आफ्ना रुचि र चिकित्सकको सिफारिसअनुसारको फलफुल वा फलको रस, १-२ वटा साना रोटी लिनुहुन्छ ।

खाजापछि उहाँहरू बिस्तारै सानो सभागृहमा पुग्नुहुन्छ । एक टेबुलको चारैतिर ४-४ वटा मेच मिलाइएको हुन्छ र त्यस्ता १५-२० समूह आ-आफ्नो स्थानमा बसेर मनका भावना आपसमा बाँड्नुहुन्छ । हरेक टेबुलमा स-साना स्पिकर वा सुन्नेयन्त्र राखिएको हुन्छ । बोल्ने पालोमा हात उठाउनुहुन्छ र टेबुलमा राखिएको माइक खुल्छ र रातो बत्ती बल्छ ।

सहयोगीहरूको सहयोगले ८० वर्षका तराईका एक किसान एवम् वामपन्थी नेताले मसिनो स्वरमै बोल्नुहुन्छ, “हामी त साँच्चै एक अन्तर्राष्ट्रिय बैठकमा सहभागी हुँदाको सम्झना गर्दै छौँ । हामीले केही देशका समाजवादी बन्दोबस्त र केही क्रान्तिकारी पार्टीको इतिहासबारे अध्ययन गरेका छौँ । तर, व्यवहारमा आफै सहभागी भएर सिकेको हुँदा हाम्रै देश र दलहरू कहाँ चुक्यौँ हामीलाई भन्न गाह्रो भयो ।”

पचहत्तर वर्षका पश्चिमको अर्को आमूल परिवर्तनवादी पार्टीका ५ वर्ष पहिले दलको सक्रिय सदस्यता छोडेर आदर निकेतनमा आएको बताउँदै भन्नुभयो, “हामीले आफ्नै पार्टीभित्र शत्रु र मित्र छुट्याउन सकेनौँ । हामीहरू देशी र विदेशी वर्ग शत्रुले थापेको जालमा पऱ्यौँ । १५-२० वर्ष जेलको यातना भोग्यौँ । जेलबाट बाहिर आउँदा समाजको स्थिति हिजोको जस्तो थिएन, हाम्रा साथीहरू कति बिते, कति छोरा-छोरीको लालनपालनतर्फ लागेको जीवनको सन्ध्याकालमा केही शिक्षक, एकाउन्टेन्ट, पुस्तक पसल, दैनिक र साप्ताहिकहरूका समाचार विश्लेषक र साना-तिना लेख-रचना र साहित्य समालोचना लेखेर आ-आफ्नो जीवन बिताउँदै थिए ।”

कोही विवाह गर्ने अवसर नपाएर अविवाहित नेताहरू र नेतृहरू भाइ-भतिजाहरूकै परिवारमा मिलेर इतिहासका सफलता र असफलता अनि जीवनको मूल्याङ्कन गर्दै नयाँ पुस्तालाई चौतर्फी विविध विषयको ज्ञान आर्जन गर्नुपर्नेबारे बताउँथे । उहाँहरूले आफ्नो र समाजको आमूल परिवर्तनको निम्ति गरेका रोमाञ्चकारी गतिविधिबारे बताउनुभयो ।

हात उठाउँदै कोही भन्नुहुन्थ्यो, “म २० वर्षपछि कारागारबाट छुट्दा आफ्नै टोल र गाउँका पुराना साथीहरू नचिनेको जस्तै तर्केर हिँड्थेँ । कोही त हामीलाई उपदेश दिने पारामा भन्थे- तपाईंहरूले अनावश्यक दुःख पाउनुभयो । अब उमेर पनि भयो अब राजनीतिमा नलाग्नु होला ।”

त्यसको जवाफमा उहाँ व्यङ्ग्य गर्नुहुन्थ्यो- “हो, उमेर पनि गयो, दुःख पनि भोगियो, तर तपाईंजस्ता साथीहरूलाई बिचैमा छोडेर जानेहरूको पाइन, शक्ति र फूर्ति हेर्न पनि जीवित छु ।”

राजनीति छोड्नुस् भन्ने व्यक्तिलाई टोल र गाउँमा कसैले राम्रो मान्दैनथ्यो । आफू पक्राउमा पर्ने डरले सबै कुरा प्रहरीलाई पोल खोल्ने र जिउ जोगाउने मानिस थिए । टोल र नाता-गोता पनि उसको घरमा भोज खान जाँदैनन् र उसलाई पनि भोज बोलाउँदैनन् भनी हल्ला भइरहेको हुन्थ्यो ।

(४)

अर्को दिन त्यही सभाकक्षमा हजुरबुबाहरू आ-आफ्नो राजनैतिक दृष्टिकोणबारे बताउँदै हुनुहुन्थ्यो । घडीमा ४ बज्नासाथ हाइस्कूलका छात्र-छात्राहरू आएर टेबुलको चारैतिर मेचमा बसे । हरेक टेबुलमा एक एक जना हजुरबुबा बस्नुभएको थियो ।

कार्यक्रम सुरु भयो । विद्यार्थीहरूले आ-आफ्ना टेबुलका हजुरबुबासँग नमस्ते, अभिवादन, दर्शन र ज्यू गर्दै जिज्ञासा राखे - “हजुरबुबाहरूले किन राजनीतिमा लागेर घरबार छोडी दुःखको बाटो रोज्नुभयो ? बताइदिनुभयो भने हामी आभारी हुने थियौँ ।”

विद्यार्थीहरू विद्यालयको नाम र चिह्न भएको पोशाकमा थिए । विद्यार्थीहरूको नाम हेर्दै बडो वात्सल्य भावले हात समातेर हजुरबुबाले भन्नुभयो- “बाबु नातिहरू, हामीले तिमीहरूकै निम्ति दुःख पाएका हौँ । पहिले पहिलेका सरकारहरूले हामीलाई स्कूल र कलेज खोल्न दिन्थेनन् र काम-माम र रोजगारीको बन्दोबस्त थिएन, अस्पताल थिएन । अस्पतालको भवन भए डाक्टर हुँदैनथ्यो, कहीं कतै एक जना कम्पाउन्डर हुन्थ्यो त कतै औषधि हुन्थेन ।”

“अब आउने हाम्रा छोरा-नातिहरूले पढ्न पाउनुपर्छ, बोल्न र लेख्न पाउनुपर्छ, आफ्ना जनतालाई रैती र नोकर ठान्नु हुन्न भनी हामीले सरकारविरुद्ध सङ्घर्ष गरेका थियौँ ।”

“पछि पछि सरकारहरू ढल्दै गए र स्वार्थी एवम् भ्रष्ट नेता र प्रधानमन्त्रीहरू जनताका आँखाका कसिङ्गर साबित भए । समय बित्दै गएपछि तिमीहरूले जस्तै देशका सबै छोरा-नातिहरूले डाक्टर, इन्जिनियर र वैज्ञानिक हुने शिक्षा पाउने भएको हो ।”

“तिमीहरूको स्कूलका राम्रा लुगा र तिमीहरूको हँसिलो र सरल अनुहारबाट मीठो बोली सुन्दा हामीलाई साह्रै आनन्द लाग्यो । हामी सुखी जीवन बिताउँदै छौँ र हाम्रो दुःख खेर गएन ।”

“अब तिमीहरूका दाजु-दिदीहरूले जस्तै धेरै पढेर देश र जनताको सेवामा लाग्दा हाम्रो देश र समाज राम्रो हुन्छ, हगि ?’ यति भनेर हजुरबुबाले सबैको कपाल सुम्सुम्याउनुभयो ।”

सबै नातिहरूले एकै साथ भने- “हजुरबुबाहरूको गर्न बाँकी काम हामी गर्नेछौँ ।” आशीर्वाद र बिदा लिएर नानीहरू बाहिरिए । सबै हजुरबुबाहरू खुसीले आँसु पुछ्दै हुनुहुन्थ्यो ।

सहयोगीहरूले माइकमा भने, “भोलि ३ बजे हजुरहरूलाई भेट्न र अभिवादन गर्न विभिन्न भाषाका दैनिक, साप्ताहिक र पाक्षिकका पत्रकार, रेडियो र टीभीका पत्रकार साथीहरू आउँदै हुनुहुन्छ । नमस्ते, धन्यवाद !”

(५)

## नियमित पत्रकार भेटघाट

*(महिनाको एक दुई दिन ज्येष्ठ राजनैतिक व्यक्तित्वहरूसँग पत्रकारहरूको भेटघाट हुन्छ । एक दुई दिन युवा-विद्यार्थीहरूसँग भेटघाट हुन्छ । ती सब विश्वविद्यालय र अनुसन्धानकर्ताहरू (रिसर्च स्कलरहरू) र एक-दुई समाजका लेखक, कवि, कलाकार, चित्रकार, सिनेमा एवम् नाटकका कलाकार वा नायक-नायिका र हास्यकलाकारहरूसँग भेटघाट हुन्छ भने केही गायक र सङ्गीतकारहरूसँग सैद्धान्तिक, व्यावहारिक र नयाँ नयाँ शैली र धाराहरू (ट्रेन्ड) बारे छलफल हुन्छ । एक-दुई दिन ज्येष्ठ नागरिकहरूको परिवार र आफन्तहरूसँग भेटघाट हुन्छ ।)*

देश र समाजका दैनिक, साप्ताहिक, पाक्षिक पत्र-पत्रिका, रेडियो, टीभी र सामाजिक सञ्जालका २५-३० जना पत्रकारहरू आ-आफ्ना प्रचारका उपकरणहरूसहित आ-आफ्ना स्थानमा बसेका छन् । २०-२५ जना ज्येष्ठ व्यक्तित्वहरूमध्ये एक दिनमा दुई-तीन जनासँग मात्रै अन्तरङ्ग छलफल हुन्छ ।

एक पत्रकारले ज्येष्ठ नागरिक राम प्रधानाङ्गको परिचय दिँदै भन्छन्, “८४ वर्षीय राम प्रधानाङ्ग नेपालको एक मूर्धन्य वामपन्थी नेता हुनुहुन्छ, साम्यवादी समाजबारे उहाँ नेपालको दोस्रो पुस्ताका व्यक्ति हुनुहुन्छ र आफ्नो झन्डै ५०-६० वर्षको सङ्घर्षको अनुभवबारे बताउनुहुन्छ र आफ्नो जीवनको सार्थकताबारे प्रस्ट भाषामा बताउनुहुन्छ ।”

राम प्रधानाङ्गले बिस्तारै आफ्नो भावना व्यक्त गर्नुभयो, “५०-६० वर्षको मेरो राजनैतिक जीवनमा विभिन्न जिल्ला, अञ्चल, प्रदेश वा तराई, पहाड र हिमाल एवम् पूर्व र पश्चिमका नेपाली जनताको साथ-सङ्गत र सङ्घर्षमा केही समानता पाएको छु । त्यो हो- नेपाली समाज विभिन्न जात-जाति र भाषा-भाषी, धर्म र संस्कृतिमा विभाजित हुँदा विचार र चिन्तनको क्षेत्रमा पनि एकरूपता छैन । अध्ययनको सामग्री र स्तरको विविधताले गर्दा पनि वैचारिक धरातल अन्यन्त विषम छ । खस-आर्यको सत्तामा पकड हुँदा अन्य सांस्कृतिक समाजको जीवन हीनताबोध, लाचारी र सुषुप्त असन्तोष सबैको मुखाकृति, रङ्ग र आँखा बिचमा देखिने छचल्किन लागेका आँसुबाट अभिव्यक्ति दिन्छ ।

“उत्पादनका साधन, चल र अचल सम्पत्तिमा देखिएको उँच-नीचको भेदले पनि अत्यन्त बहुमत जनताले पाएको प्रजातन्त्र र गणतन्त्र, निर्वाचनको बेला देखिने जाँड-रक्सी, भोज-भतेर, आकर्षक लुगा र आधुनिक सामान, खामभित्र हरेक परिवारमा एक दिनमा बाँडिने हजारौँ र लाखौँ रुपियाँका खामहरू, पद र पैसाको बोझिला आश्वासनहरूले मौलिक र राजनैतिक अधिकारहरू हाकाहाकी निर्वाचन आयोगकै निर्वाचनको मतदान केन्द्र क्षेत्रभित्रै बेचबिखन र लिलाम हुन्छन् ।

“यसको एउटै उपचार हो- एउटै जाति, एउटै भाषा-भाषी र संस्कृति एवम् वर्गको सत्तामाथिको हैकम नै आर्थिक समानताको समाज, शोषणविहीन र राज्यविहीन एवम् वर्गविहीन समाजको सबभन्दा ठूलो बाधालाई पन्छाउन नसक्नु हो । बडा राष्ट्र वा जातीय अहङ्कारबाद नै सबभन्दा ठुलो सामाजिक र राजनैतिक दमनकारी हतियार हो । छिमेकी देशहरूको साम्यवादी आन्दोलनको लहरले मात्रै छिट्टै नेपाली समाज पनि छिमेकी देशहरूको अन्तर्राष्ट्रिय गीतको सारेगमको स्वरमा स्वर मिलाउन सकिनेछ । यो अनुभव र सार नै जीवनको सार्थकता र ज्ञानको अनुभव हो । यस अर्थमा मेरो जीवन साह्रै सार्थक र सन्तोषजनक एवम् विश्व समाजप्रतिको साझा अनुभव हो ।”

अर्को पत्रकारले ९० वर्षका ज्येष्ठ राजनीतिज्ञ डा. शर्माको परिचय दिँदै भने, “उहाँ पहिलो पुस्ताको वामपन्थी नेता हुनुहुन्छ र सरकारको नेतृत्व तहमा पनि पुग्नुभएको थियो । उहाँको आफ्नो सार्थकताबारे भन्नुहुन्छ ।”

डा. शर्माले सुरु गर्नुभयो, “नेपालका पहिलो पुस्ताका वामपन्थी साथीहरूमा साम्यवादी चिन्तनको गहिराइमा जानुभन्दा छिट्टै टुङ्गोमा जाने लालसाको कारण छिमेकी देशहरूको अपुष्ट ज्ञानबाट बढी प्रभावित थिए । अग्ला र मोटा मानिसहरूका लुगा होचा र पातला मानिसहरूले लगाएजस्तै बहुरङ्गी र बेसोमती आकृतिका नेपाली वामपन्थी आन्दोलनको नागबेली बाटोमा हिँड्दै हामी बीचैमा थाकेका यात्रुजस्तै भएको अनुभव भयो ।”

“तातै खाऔँ र छिट्टै जाऔँ भन्दै काँचो भात र नपाकेको खाजाले हामी बिरामी पऱ्यौँ, साथै लोभलालच, व्यक्तिगत इज्जत, प्रतिष्ठा र जातीय अहङ्कारले आन्दोलन नै एकमुष्ठरूपमा तिरस्कृत हुँदै गयो, एउटा झूटलाई लुकाउन १० झूट बोल्न बाध्य भयौँ र सत्ताको मोहमा विदेशीले लेखेको भाषण, नीति र सम्झौता पढ्दै गयौँ र आखिर नेपाली वामपन्थी आन्दोलन न देशको भयो न विदेशको भयो । पहिलो वामपन्थी नेताहरूको जीवन पश्चाताप, लज्जाबोध र हात-खुट्टा नभएका अपाङ्गको जीवन बिताएजस्तै दुःखी छ । यसकारण, पुरानो हाम्रो पुस्ताले भविष्यतिरै आशाका किरण देख्ने गरेको छ ।”

पुनः अर्को पत्रकारले तेस्रो पुस्ताका ७५ वर्षीय एक वाम नेताको परिचय दिँदै भने, “उहाँ सुभाष वान्तवा हुनुहुन्छ । उहाँ आफ्नो देश सानो भएको, कम जनसङ्ख्या भएको र गरिब मुलुक हुनाले छिमेकीकै भर र सहयोगले मात्र नेपाली समाजको आमूल परिवर्तन सम्भव देख्नुहुन्थ्यो । उहाँले विदेशीहरूकै तालिमलाई महत्त्व दिनुहुन्थ्यो, जनता अशिक्षित एवम् पछि लाग्ने जात सम्झेर बन्दुकको भरमा आमूल परिवर्तन गर्न खोज्नुभयो । पछि त्यो उपाय असम्भव देख्नुभयो र त्यसलाई उहाँ ठुलो गल्ती मात्र होइन अपराध बताउन पुग्नुभयो,” भन्नुहुन्छ ।

का. सुभाषले पश्चातापका साथ मनको कुरा बताउनुभयो, “मैले आफ्नो बुद्धिलाई शारीरिकरूपले बलियो शक्तिलाई सुम्पेँ र हामीले पछि आफूलाई अरूको हातमा बेचेको अनुभव गऱ्यौँ । हामीले चलाएको सरकार आफैँ अरूको हितलाई प्राथमिकता दिन बाध्य भयौँ । राति राति निद्रा नलाग्दा औषधिको खाँचो हुन्छ र पश्चाताप र पापले मन भतभत पोल्छ । देश र जनताप्रति गरेको अपराधले हामी आफैँ लज्जाबोधको अनुभव गर्थ्यौँ ।

“अरूले देखाएको पद र पैसाप्रतिको तृष्णा र मोह हाम्रो पतनको औषधिको पुरिया बन्यो र अन्य असल र राम्रो बाटोमा हिँडेका मित्रहरूलाई भाँड्यौँ र टुक्र्यायौँ- हामीले आफ्नै घरमा मट्टीतेल खन्याएर आगो लगाएजस्तै भयो । यसकारण, यो ज्येष्ठ नागरिकको सगोलमा हामीले आफूलाई अपराधी अनुभव गर्दै छौँ । माफी दिएर पनि हाम्रा बिरामहरू सच्चिने खालका छैनन् । हाम्रा छोरा-छोरीहरूलाई पनि पैसा र पदको लतमा पुऱ्याएर हाम्रो भविष्यलाई समेत आगो लगायौँ । यसकारण, हामीले सधैँ अरू कामरेडहरूसँग मनमनै हरेक दिन माफी माग्दै छौँ । यो लामो जीवन एवम् हाम्रो निम्ति सजाय हो ।”

“पश्चातापको भावना र स्वरमा तेस्रो पुस्ताका ज्येष्ठ नेताले आफ्नो भोगाइ अन्त गर्नुभयो ।” पत्रकार मित्रले भने, “यसलाई भनिन्छ आत्म आलोचना” र बल प्रयोगले बुद्धि, संवेदनशीलता र अरूप्रतिको आदरलाई तिरस्कार हुन जान्छ र आफ्नो अज्ञानतालाई पर्दा हाल्न गरिने हरेक जबरजस्ती स्वयम् एक अहङ्कार तथा हरेक अहङ्कार आफ्नो पराजयलाई मेट्ने असफल प्रयास र शीघ्र पराजयको यात्राप्रतिको लाचारी हुन्छ ।

यस अर्थमा नेपालको वामपन्थी आन्दोलनको तेस्रो पुस्ता अराजकतावाद र राष्ट्रिय घाउमा विदेशीको गलत उपचार साबित भयो । हरेक अपराध, गल्ती र पराजयबाट नयाँ पुस्ताले नकारात्मक शिक्षा लिँदै गएपछि समाज अगाडि बढ्ने बाटो खुल्नेबारे दुइमत नहोला । पहिलो, दोस्रो र तेस्रो वामपन्थी ज्येष्ठ नेताहरूप्रति भित्री मनदेखि नमन गर्दै कार्यक्रमलाई यही बिट मार्न अनुमति माग्छु । धन्यवाद !”

सबै पत्रकारहरू ज्येष्ठ नागरिक वा नेताहरूसँग बिदाइको बिन्ती गर्दै सभा भवनबाट बाहिरिए ।



भक्तपुर साकोसको आदर निकेतनको भवन

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३